विधाकेन्द्रित साहित्यिक पत्रिका

# वैजयन्ती



स्ववार्ता-अङ्क-२

९६

ISSN 2362-1117
Vaijayanti Nrs. 100.00

प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रियस्तरको (क) वर्गमा वर्गीकृत

# वैजयन्ती

वर्ष १७ अङ्क ६ पूर्णाङ्क ९६ विधाकेन्द्रित साहित्यिक पत्रिका २०८१ फागुन–चैत्र

**संस्थापक**
वसन्तकुमार शर्म्मा 'नेपाल'

**संरक्षक**
राधादेवी शर्मा

**निर्देशक**
विनयकुमार शर्मा नेपाल

**प्रधान सम्पादक**
डा. रमेश शुभेच्छु

**सम्पादक**
यादव भट्टराई

**सहयोगी**
कमला नेपाल, भाभा शर्मा, आभा शर्मा, मातृका आचार्य, विभव नेपाल

**आवरण**
सुबोध घिमिरे, क्यालिफोर्निया अमेरिका

**प्रकाशक**
**शब्दार्थ प्रकाशन**
**चाबेल, काठमाडौँ**

**Shabdartha Prakashan**
Chabahil Ganeshthan, Kathmandu, Nepal
977-01-4497351 / 9841-49610
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com / nepal120@yahoo.com
web : http://nepalipublisher.com / http://shabdarthaprakashan.com

सूचना - वैजयन्तीमा प्रकाशित रचनाको सम्पूर्ण जिम्मेवार स्वयम् लेखक नै हुनेछन्।

# सम्पादकीय

– स्ववार्तामा : आफूमा उठेको तर्क जो वास्तवमा आफूले आफैलाई तेर्स्याएको प्रश्न हुन् । इतिहास पनि आउने, जीवनी पनि समेटिने, आत्मकथा पनि बन्ने, जीवनका मर्म र दर्शन पनि देखापर्ने, भविष्यको कल्पना, सपना र स्वैरकल्पनामा पनि रमाउन पाइने र तिनै स्वैरकल्पनाबाट रहर, इच्छा, आकाङ्क्षा र मनोवृत्ति पनि बुझ्न पाइने । स्ववार्ता भनिने यस किसिमका निबन्धमा लेखकका वैयक्तिक अनुभव, अनुभूति र कल्पनाशक्तिका विषयहरू विम्बका रूपमा समेत अभिव्यक्त गर्न सकिने हुन्छन् ।

– निबन्ध प्रस्तुति कि वस्तुपरक, कि आत्मपरक दुई बान्कीमा भएको हुन्छ । कुनै विषय वा शीर्षकमा केन्द्रित रही सम्बन्धित विषयको व्याख्या, वर्णन र विश्लेषण गरी लेखिएको निबन्ध वस्तुपरक र त्यसै विषयलाई पनि लेखकले तटस्थ नरही भावनात्मक गहिराइका साथ आफ्ना अनुभूतिले पनि सजाएर प्रस्तुत गरे आत्मपरक हुन्छ । आजको नेपाली निबन्ध संस्मरण, आत्मकथा, यात्रा, नियात्रा आदिका माध्यमबाट वस्तुपरक बान्कीका तुलनामा आत्मपरक बान्कीमा अगाडि बढिरहेको छ । यसले निबन्ध रुखो विधा हो भन्ने भाष्यलाई चिर्दै पनि ल्याएको छ । निबन्धभित्र कथा र आत्मकथाको स्वाद बिस्तारै समाहित हुँदै आएको छ । यो नेपाली निबन्धको पाठकमैत्री सिर्जना बन्ने बाटो बनिरहेको छ ।

– अन्तर्वार्ता दुई वा दुई भन्दा बढी व्यक्तिहरूका बीच हुने प्रश्नोत्तर हो भने स्ववार्ता एकै व्यक्ति भित्रका दुई व्यक्तित्व जिज्ञासु र जिज्ञासा समाधान गर्ने क्षमता भएका बीच हुने प्रश्नोत्तर बीच कुराकानी हो । विशेष गरी कुनै विषय सन्दर्भ वा घटनाप्रेरित हुँदा मानिस मौनतामा पनि अन्तर संवाद तथा मनोवाद गरिरहन्छ । आफूले आफैसित मनोवाद शैलीमा प्रश्न राख्ने, तर्क गर्ने र उत्तर दिने स्ववार्ता हो । आफ्नै विविध दृष्टिकोणबाट आफैमा उठ्न सक्ने असङ्ख्य जिज्ञासहरूको अन्तक्रिया मनमा नै गराएर पाठकसम्म पुऱ्याउनु नै स्ववार्तारूपी निबन्धका आकर्षण हो ।

– आत्मपरक निबन्धमा लेखक कल्पनाको संसारमा हुन्छ । ऊ कल्पना र भावनामा वहकिन पनि सक्छ तर उसले सकेसम्म विचारलाई विश्वसनीय रूपमा प्रस्तुत गरिरहेको हुन्छ । विचार सूत्रहरू छरिएर विशृङ्खलित जस्ता लागे पनि यस्ता निबन्धमा लेखकीय अनुभवले पाठकलाई तानेर आफूसँगै राख्दछ । निबन्धका यसै स्वरूपलाई मनको संवादबाट प्रश्नोत्तर शैलीमा उतारेर रचिएको रचना स्ववार्ता हो ।

– **वैजयन्ती**ले नेपाली साहित्यको विधागत अभिवृद्धिका क्रममा स्ववार्ताको एउटा नयाँ शैली बन्न सक्छ कि भनी प्रयोग गरेको छ । यहाँ विभिन्न स्रष्टाको फरक फरक शैलीका स्ववार्ताहरू समावेश गरिएका छन् । भविष्यका स्रष्टाहरूलाई जसका जुन शैली मन पर्छ वा कुनैका शैलीमा अर्को कुनैको शैली मिश्रण गरेर नवीन शैली बनाउन मन लाग्छ स्वतन्त्रता छ ।

– **वैजयन्ती**लाई माया गरेर आफ्ना रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ । यसका साथै आगामी समयमा पनि सम्पूर्ण लेखक साहित्यकार एवं पाठकहरूबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौं ।

– **शब्दार्थ प्रकाशन**को वेब साइड **http://nepalipublisher.com/downloads-vajyanti** मा हाम्रा सबै अङ्क '**डाउनलोड**' गर्न मिल्ने गरी राखिएका छन् ।

## यस अङ्कमा


| क्रम. | स्ववार्ता | वार्ताकार | पृष्ठ |
|---|---|---|---|
| १. | पाउनु र गुमाउनु | आत्माराम खरेल | ५ |
| २. | मनोविनोद | इन्दिरा चापागाईं | ९ |
| ३. | आफ्नै कृतिमा स्व | उत्तमकृष्ण मजगैयाँ | १२ |
| ४. | मभित्रको म | कलानिधि दाहाल | १८ |
| ५. | आफैसँग तीन प्रश्न | डा. घनश्याम 'परिश्रमी' | २९ |
| ६. | स्वअलाप | ज्योति अधिकारी | ३५ |
| ७. | आफूलाई खूब ठूलो साहित्यकार... | धीरकुमार श्रेष्ठ | ४१ |
| ८. | मन कल्पनामा डुबिरहन्छ... | नवराज रिजाल | ४५ |
| ९. | चेतन मनको प्रतिध्वनि | बाबुराम न्यौपाने 'उत्स' | ५२ |
| १०. | स्वसंवाद | डा. मधसूदन लामिछाने | ५४ |
| ११. | नलेखेको भए के गर्थे होला | रामकुमार पण्डित | ६१ |
| १२. | खोलाको गीत डाँडाले सुन्दैन | रामविक्रम थापा | ६५ |
| १३. | स्ववार्ताको शैली | विनयकुमार शर्मा नेपाल | ६७ |
| १४. | लेख्दैमा कोही साहित्यकार हुँदैन | विनोद नेपाल | ७२ |
| १५. | किन जन्मिइयो होला ? | विश्वदीप अधिकारी | ७६ |
| १६. | म किन जन्मेछु ? | सागर 'मणि' थापा | ८२ |
| १७. | म र मेरो अनुभूति | हरिभक्त सिग्देल | ९० |
| १८. | जीवन सुन्दर छ, अझ सुन्दर.... | हंसा कुर्मी | ९५ |

पुछारको पातो :

स्ववार्ता : आरम्भ, इतिहास र स्वैरकल्पना — बुनू लामिछाने — ९९


**अब हाम्रो पालो**

हाइकु, विदेशयात्रा, नाटक-आख्यान-समीक्षाको सैद्धान्तिक समालोचना (पूर्वशताङ्क), वैजयन्ती सयौं अङ्को इतिहास-अध्ययन (शताङ्क) आदि अङ्क।

## वैजयन्ती स्रष्टा सम्मानद्वारा सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| अङ्क १. प्रा.डा. कपिल अज्ञात (समीक्षा) | अङ्क २. राजेश्वर देवकोटा (पूर्वस्मृति) |
| अङ्क ३. बुनू लामिछाने (राष्ट्रिय व्यक्तित्व) | अङ्क ४. उर्मिला लामिछाने (नीतिकथा) |
| अङ्क ५. डा. शैलेन्द्रप्रकाश नेपाल (छन्दकविता) | अङ्क ६. भीष्म उप्रेती (स्वदेशयात्रा) |
| अङ्क ७. युवराज नयाँघरे (स्वदेशयात्रा) | अङ्क ८. डा.रामप्रसाद ज्ञवाली (छन्दकविता) |
| अङ्क ९. प्रा.डा. जयराज पन्त (चाडपर्व) | अङ्क १०. कन्हैया नासननी (विदेशयात्रा) |
| अङ्क ११. भुवनहरि सिग्देल (प्रणयकथा) | अङ्क १२. प्रा.डा.दुर्गाप्रसाद अर्याल (समीक्षा) |
| अङ्क १३. प्रा. गोपीकृष्ण शर्मा (समीक्षा) | अङ्क १४. रामेश्वर राउत 'मातृदास' (गद्यकविता) |
| अङ्क १५. डा. घनश्याम न्यौपाने (संस्मरण) | अङ्क १६. प्रदीप नेपाल (संस्मरण) |
| अङ्क १७. प्रा. शिवगोपाल रिसाल (छन्दकविता) | अङ्क १८. विजय चालिसे (निबन्ध) |
| अङ्क १९. प्रकाशमणि दाहाल (निबन्ध) | अङ्क २०. श्रीओम श्रेष्ठ रोदन (संस्मरण) |
| अङ्क २१. रामप्रसाद पन्त (स्वदेशयात्रा) | अङ्क २२. मञ्जुल (विदेशयात्रा) |
| अङ्क २३. नारायण निरासी (छन्दकविता) | अङ्क २४. शशी थापा 'पण्डित' (संस्कृति) |
| अङ्क २५. किशोर पहाडी (लघुकथा) | अङ्क २६. ललिता दोषी (एकाङ्की) |
| अङ्क २७. गीता केशरी (लघुउपन्यास) | अङ्क २८. राधेश्याम लेकाली (गद्यकविता) |
| अङ्क २९. चन्द्रकान्त आचार्य (राष्ट्रियव्यक्तित्व) | अङ्क ३०. देवी नेपाल (छन्दकविता) |
| अङ्क ३१. अमरकुमार प्रधान (राष्ट्रियव्यक्तित्व) | अङ्क ३२. दिव्य गिरी (मुक्तक) |
| अङ्क ३३. सुषमा मानन्धर (कथा) | अङ्क ३४. बूँद राना (गजल) |
| अङ्क ३५. प्रा. राजेन्द्र सुवेदी (समीक्षा) | अङ्क ३६. नरेन्द्र पराशर (छन्दकविता) |
| अङ्क ३७. मेनुका पौडेल (निबन्ध) | अङ्क ३८. कृष्ण बजगाई (कथा) |
| अङ्क ३९. धीरकुमार श्रेष्ठ (गद्यकविता) | अङ्क ४०. रामकाजी कोने (मुक्तक) |
| अङ्क ४१. प्रा.डा कृष्णप्रसाद दाहाल (समीक्षा) | अङ्क ४२. मुकुन्द शर्मा चालिसे (छन्दकविता) |
| अङ्क ४३. रोचक घिमिरे (संस्मरण) | अङ्क ४४. डा. विश्वदीप अधिकारी (निबन्ध) |
| अङ्क ४५. घनश्याम राजकर्णिकार (संस्मरण) | अङ्क ४६. खिमानन्द पोखरेल (गजल) |
| अङ्क ४७. मञ्जु काँचुली (लघुकथा) | अङ्क ४८. त्रिलोचन आचार्य (छन्दकविता) |
| अङ्क ४९. इन्द्रकुमार श्रेष्ठ सरित् (कथा) | अङ्क ५०. डा. लेखप्रसाद निरौला (समालोचना) |
| अङ्क ५१. भास्कर भण्डारी (निबन्ध) | अङ्क ५२. वासुदेव अधिकारी (गद्यकविता) |
| अङ्क ५३. वासुदेव पाण्डे (गजल) | अङ्क ५४. प्रभा भट्टराई (छन्दकविता) |
| अङ्क ५५. माधव पोखरेल गोज्याङ्ग्रे (लघुकथा) | अङ्क ५६. शीतल गिरी (निबन्ध) |
| अङ्क ५७. आत्माराम खरेल (निबन्ध) | अङ्क ५८. दुर्गाकिरण तिवारी (गद्यकविता) |
| अङ्क ५९. डा. रमेश शुभेच्छु (गद्यकविता) | अङ्क ६०. विनोद नेपाल (स्वदेशयात्रा) |
| अङ्क ६१. सूब सेन (नाटक) | अङ्क ६२. विष्णुप्रसाद शर्मा पराजुली (कथा) |
| अङ्क ६३. ज्ञान उदास (मुक्तक) | अङ्क ६४. डा. विष्णु केसी (समीक्षा) |
| अङ्क ६५. लक्ष्मण अर्याल (लघुकथा) | अङ्क ६६. प्रह्लाद पोखरेल (छन्दकविता) |
| अङ्क ६७. हरि पाण्डे पथिक (राष्ट्रियव्यक्तित्व) | अङ्क ६८. बालकृष्ण भट्टराई (राष्ट्रियव्यक्तित्व) |
| अङ्क ६९. जनक वाग्ले (गीत) | अङ्क ७०. खगेन्द्र खोल्साघरे (संस्मरण) |
| अङ्क ७१. रासा (कथा) | अङ्क ७२. रुद्र ज्ञवाली (छन्दकविता) |
| अङ्क ७३. डा. प्रदीपकुमार मैनाली (गजल) | अङ्क ७४. तिलस्मी प्रभास (मुक्तक) |
| अङ्क ७५. प्रा.डा. कृष्णचन्द्र शर्मा (समीक्षा) | अङ्क ७६. पुण्य कार्की (निबन्ध) |
| अङ्क ७७. हरि थापा (गद्यकविता) | अङ्क ७८. कलानिधि दाहाल (छन्दकविता) |
| अङ्क ७९. जीवराज भट्टराई (संस्मरण) | अङ्क ८०. कृष्ण बाउसे (हाइकू) |
| अङ्क ८१. प्रेम राई परीक्षित (लघुकथा) | अङ्क ८२. कलाधर काफ्ले (विदेशयात्रा) |
| अङ्क ८३. प्रा.डा. लक्ष्मणप्र. गौतम (अन्तर्वार्ता) | अङ्क ८४. शिव त्रिपाठी (छन्दकविता) |

# पाउनु र गुमाउनु



**आत्माराम खरेल**

**'जिन्दगी के हो जस्तो लाग्छ ? यहाँसम्मको जिन्दगीबाट के पायौ ?'**
**–** प्रश्नमाथि गम खाँदै गर्दा नगिचको ऐनातिर हेर्न पुग्छु । आफ्नो मुहार त एकदमै खुसी देख्छु । कारण अघिका ती प्रश्न मेरै मनले सोधिरहेको थियो । मैले आफ्नै मनतिर मोडिँदै भनें – 'जिन्दगी सिकाइ, गराइ र भोगाइ हो । भोगाइ नै तर्कका आधार हुन् । तर्क नै चिन्तनका आधार हुन् । यही नै जीवन दर्शनका पृष्ठभूमि पनि ! सुन्दा ठिकै लाग्ने तर कति गहन छन् यहाँसम्मका प्राप्तिहरू ।

**जिन्दगीले त साढे ६ दशक पार गरिसकेको अवस्था पनि छ ... ?**

उमेरकै कुरो कोट्याउने हो भने अब केही महिनापछि ७० वर्ष पूरा हुनेछु ।

**त्यसैले त मलाई चासो भएको – अरू पनि केही प्राप्ति छन् कि ?**

स्मृति पलटमा खोजतलास गर्छु । केहीबेर गम्छु । निष्कर्ष हुन्छ – मसित केही संस्मरण र अनुभूति छन् अनि छन् केही ज्ञान र अनुभव पनि ! यिनैबाट जिन्दगी खारिँदै जाँदो रहेछ । यिनै प्राप्तिले मलाई उत्साह र ऊर्जा दिइरहेछन् । लेखन-पठनमा हौस्याइरहेछन् । ढल्किँदो उमेरमा सुस्वास्थ्यलाई ठूलो सम्पत्ति मान्नु भनिरहेछन् । साथै शान्त र सादा जीवनशैली अपनाउन प्रेरित गरिरहेछन् ।

**अधिकांश समय बाहरवाली (बाहिरी म) लाई सोधनी हुन्छ, यदाकदा मैले पनि घरवाली (भित्री म) लाई सोधनी गर्दा हुन्छ नि ?**

यो त एकदम खुसीको कुरो हो । आफूले बाटो देख्ने र आफ्ना कमजोरी थाहा पाउने भनेकै बाहिर (म) कै सङ्गतबाट हो नि !

**अनि छ नि... तपाईंको नामै कति राम्रो... रामको पनि आत्मा.. 'आत्माराम !' ... हि हि ... ।**

नामले हैन कामले राम्रो हुनुपर्छ ।

**तैपनि...रामराज्य भन्छन् नि...रामायण त मनपर्छ होला नि ?**

आधा मनपर्छ, आधा मनपर्दैन ।

**किन र ?**

रामराज्य भन्नु त आधा आकाश (पुरुष) लाई मात्रा भयो । बाँकी आधा

आकाश (अर्द्धाङ्गिनी) लाई त अग्नि परीक्षक राज्य पो भयो । अर्कोतिर यसले नयाँ खाले पाठ पनि पढाएको छ ।

**कस्तो पाठ ?**

शत्रु चिन्नु छ भने दाजुभाइकै अनुहार हेरे पुग्छ ।

**यसबारे आफूलाई कस्तो लाग्छ ?**

राणाकालदेखि अहिलेसम्मका अंशमुद्दाका फाइलहरू अनुसन्धान गरे पुग्छ । त्यसपछि मेरो प्रतिप्रश्न हुन्छ- तिमीलाई कस्तो लाग्छ ?

**प्रसङ्ग बदलौं । यहाँसम्मको जिन्दगीमा विशेष प्राप्ति पनि छन् कि ?**

मैले साहित्यिक व्यक्तित्व, संघसंस्था, अग्रज, अनुज आदिबाट पाएको सद्भाव र सम्मान् नै मेरा लागि विशेष प्राप्ति हुन् ।

**यहाँसम्मको जीवनमा गुमेका कुराचाहिं के के होलान् ?**

जीवनमा सदुपयोग नगरिएका समयबाहेक खासै केही गुमाएको छैन ।

**आफ्नो उमेरलाई स्वास्थ्यका दृष्टिले हेर्दा कस्तो लाग्छ ?**

यतिबेला कानमा श्रवण यन्त्र, आँखामा चस्मा र मुटुमा पेशमेकर लगाएको छु । जीवनमा थोरै प्राप्तिका लागि धेरै गुमाउनु पर्ने परिस्थिति पनि हुन्छ । जब सर्जकले एउटा लय समाउँछ तब उसलाई गुमनाम हुनबाट जोगाउँछ । सिर्जनाको स्तरअनुसार उसलाई समयले जोगाइरहन्छ । यसका लागि शारीरिक र मानसिक स्वास्थ्यले साथ दिइरहन्छ । नगदले हर रोज खर्च थेगाउँछ, स्वस्थताले जिन्दगी हिँडाउँछ ।

**प्राथमिकता र समयको बारेमा ?**

पछिल्लो दशकयता सिर्जनालाई प्राथमिकतामा पारियो । त्यसले समय अत्यधिक लिइरहेछ । त्यसमा खूबै चित्त बुझिरहेछ ।

**दैनिकी कस्तो छ ?**

सृजनरत पूर्णकालीन मेरो दैनिकी सुखद बनेको छ । सृजन उत्साह र उमङ्ग गुमाउँछु कि भन्ने आशङ्का थियो । साहित्यमा फर्कने त्यो दृढता र उत्साह राम्रैसित जोगाएछु । मस्तिष्कले बारम्बार साहित्यलाई छाडिदिन खोजेथ्यो । हृदयले बारम्बार त्यता फर्कन खोजेथ्यो । अन्ततः फर्किएँ र आफूलाई पुनः साहित्यमा अनुवाद गरिरहेछु । त्यसलाई निन्तरता दिन सकिरहेछु ।

**आफ्नो पहिचानका बारेमा भन्नुपर्दा ?**

सम्पादक, समालोचक, प्राध्यापक तथा साहित्यिक मित्रजनका भनाईलाई सापटी लिएर ... ?

**अनि सापटी लिएर ... ?**

सापटी लिएर भन्ने गर्छु- मेरो पहिचान एक निबन्धकार, कथाकार,

आत्मकथाकार र लघुउपन्यासकार बनेको छ ।

**आफ्नो अस्तित्वका सन्दर्भमा भन्नुपर्दा ?**

मेरो अस्तित्व मेरो पहिचानमै निहित रहेको छ ।

**लेखनको नगदी मोल कत्तिको पाउनुभएको छ ?**

छैन ।

**दुःख लाग्दैन ?**

लाग्दैन ।

**किन होला ?**

लेखनले दिएको परिचय र अस्तित्व नै लेखनको मोल हो । जीवनलाई सादगी बनाउँदा नगदी मोल ओझेलमा पर्छ ।

**आफ्ना सिर्जनाबाट भएको खास प्राप्ति के हो त ?**

सर्जकले पाउने पहिलो प्राप्ति आत्मसन्तुष्टि हो । पाठकलाई थोरै नै भए पनि सन्तुष्ट पार्न सकेको रहेछु भने त्यो नै मेरा लागि अमूल्य प्राप्ति हो ।

**कमाइएका र गुमाइएका थप पक्ष पनि छन् कि ?**

यतिबेला ममा प्राप्त सन्तोष, खुसी र प्रेरणा नै मेरा लागि साहित्यिक कमाइ हुन् । अर्कातिर साहित्यिक सङ्गत बढ्दै जाँदा अन्य सङ्गत पातलिँदै गएका छन् ।

**आत्माराम, सुनाऊ त- टिकाउ लेखन कसरी गरिन्छ ?**

पहिलो कुरो 'लेखेर के पाइन्छ ?' भन्ने प्रश्न आफैमा गम्भीर छ । यसले मस्तिष्कमा डेरा जमाउँदाको सिर्जना त्यति टिकाउ नहुन पनि सक्छ । टिकाउ लेखनका लागि लेखक स्वयम् गम्भीर पाठक बन्नु जरुरी छ । पुस्तक मागेर मात्र हैन किनेर पनि पढ्ने बानी बसाल्नुपर्छ । कृतिले तत्कालीन समयको माग सम्बोधन गर्नुपर्छ । कृतिको उचाइअनुसार जग निर्माण गर्नुपर्छ । साधना गहन हुनुपर्छ ।

**जीवनमा पहिलो पटक साहित्यिक रसास्वादन कहिले भयो होला ?**

वि.सं. २०३० साल हिउँदमा भारत समाचार पत्रिकामा मेरो पहिलो रचना छापिएको ... ।

**कुन विधा र शिर्षक के थियो होला ?**

एक निबन्ध 'भारत हाम्रो छिमेकी' शिर्षकमा छापिएको थियो ।

**अनि ...?**

त्यो प्रकाशित रचनाको लागि प्राप्त पारिश्रमिक नै पहिलो पटकको साहित्यिक रसास्वादन थियो । त्यो रसास्वादन उत्पातको नै थियो ।

**त्यो रसास्वादन उत्पातकै हुनुमा विशेष केही ...?**

त्यसको एकहात वर्ष पछिको कुरो हो- प्रसारित एक रचना बापत रेडियो नेपालबाट ३० रूपौयाँ पाउँथें । त्यस्तै प्रकाशित एक रचना बापत गोरखापत्र दैनिकबाट ३५ रूपैयाँ पाउँथें । यी पनि निकै खुसीका कुरा थिए तर पहिलो रचनाबाट ७५ रूपैयाँ पारिश्रमिक पाउनुचाहिँ उत्पातको साहित्यिक रसास्वादन थियो ।

**अनि सुनौं न साहित्य र जीवनलाई समग्रमा हेर्दा कस्तो अनुभव हुन्छ ?**

पठन र लेखनबाट टाढिन नसक्ने भएको छु । सम्पूर्ण मोह नै साहित्यमा छ । जीवन जति सङ्घर्षपूर्ण छ उति नै मिठासपूर्ण । सुखदुःख जीवनकै पाटा हुन् । मान्छेले सुखमा नमात्तिएर, दुःखमा नआत्तिएर बाँच्न सक्नुपर्छ । यो नै मेरो लागि जीवनको महत्त्वपूर्ण अनुभव हो ।

**आजकल जीवनलय कस्तो छ ?**

चराचुरूङ्गीका चिरिबिरीसितै जीवन सुसेली रहेछ । शब्द मोहनी लागिरहेछ । आफैलाई ताजुब लाग्ने आनन्दमय साहित्यिक जीवनलय औसत भन्दा माथि नै छ ।

**सिर्जनयात्रा भन्नु के रहेछ ?**

सिर्जनयात्रा भन्नु प्रतिकूल अवस्थासँग जुध्नु हो । जुध्दै पाएको अनुकूलताले नै मलाई सिर्जनपथमा पुनरागमन गरायो ।

**सिर्जन कर्मले कहाँसम्म निरन्तरता पाइरहला ?**

जीवनले एकपछि अर्को घुम्ती पार गर्दै आयो । पन्ध्र वर्षअघिको नयाँ घुम्तिदेखि यो सिर्जनयात्रा निरन्तर चलिरहेछ । लाग्छ, सिर्जन कर्मले जीवनको अन्तिम घडीसम्म पनि निरन्तरता पाइरहन्छ ।

-_-

एक अङ्कमा एक विधाको रचना मात्र प्रकाशित हुने हुनाले '**वैजयन्ती साहित्यिक पत्रिका**' नामक फेसबुकमा मागिएको विधाको रचना मात्र समय सीमाभित्र
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।

http://nepalipublisher.com/downloads-vajyanti
**हाम्रो वेबसाइटमा वैजयन्तीका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**

# मनोविनोद



इन्दिरा चापागाईं

**वैजयन्ती**को मनमा एउटा नौलो अन्तर्वार्ता चल्यो : स्वअन्तरवार्ता । शब्दार्थको मस्तिस्कमा प्रकाशनको हुँटहुटी छँदै थियो । इन्दिराको मनमस्तिष्क पनि शब्दार्थको सम्मान गर्दै वैजयन्तीतर्फ लहरिन पुग्यो । उसको आफ्नै मनको प्रश्नोत्तर चल्यो । स्मरण रहोस् कि यो लेखनाथको 'बुद्धिविनोद' होइन केवल इन्दिराको 'मनोविनोद' हो । वार्ता यसरी सुरु हुन्छ ।

**साँच्ची साहित्य के हो ?**

आवाजविहीनहरूको कलम र दुखेको घाउँको मलहम हो साहित्य । मनोभावनाको अर्पण, समाजको दर्पण र स्रष्टाको समर्पण हो यसर्थ साहित्यले पाठकको हृदय छुनुपर्छ या हृदय रूँनु पर्छ या चित्तु बुझ्नुपर्छ या समस्या समाधानको उपाय सुझ्नुपर्छ भन्ने मेरो मान्यता छ ।

**साहित्यतर्फ कसरी आकर्षित भएँ ? प्रेरणाका स्रोत के के छन् ?**

म साहित्यानुरागी हुनु हजुरआमाले बिहान ब्युझिँने बित्तिकै र बेलुका सुत्नु अघि गाउँने गरेका भजन, बुवाले बेलाबखत गाउँने गरेका लोकभाकाका श्लोक र आमाले जाँतो पिँध्दा भाका हालेर गाउँने गरेका सँगिनीको प्रभाव हो भन्ने मलाई लाग्छ । विद्यार्थी जीवनमा कविता, निबन्ध, कथा लेखन र वक्तृत्व कला प्रतियोगितामा विजयी हुँदा गुरुहरूबाट पाउँने प्रशंसा नै मेरा प्रेरणाका स्रोत हुन् । त्यसपछि दर्शक, स्रोता, शुभेक्षुक, साहित्यिक प्रकाशन संस्थाहरू, मुहार पुस्तकका पृष्ठसंस्थाहरू, रेडियो, टेलिभिजन, युटुव च्यानल जस्ता विभिन्न सञ्चार संस्थाहरू वर्तमान समयका मलजल हुन् ।

**साहित्यिक रुचिको विधा के हो ?**

साहित्यका आख्यान र काव्य विधाका अधिकांश उपविधाहरू पढ्न रुचाउँछु भने कविता, लघुकथा, कथा र उपन्यास चाहिँ लेख्न पनि रुचाउँछु ।

**म किन लेख्छु ?**

व्यक्तिगत र पारिवारिक मर्म, राजनीतिक विकृति, सामाजिक विसङ्गति, शिक्षा, स्वास्थ्य क्षेत्रका बेथिति उजागर गर्न र त्यसमा प्रहार गर्न म लेख्ने गर्छु । आवाजवीहिनहरूको आवाज प्रतिविम्बित गर्न र एक साहित्यप्रेमीको धर्म प्रतिध्वनित

गर्न म लेख्ने गर्छु । आफ्ना मनोभावनाहरू सबैसँग बाँड्न म लेख्ने गर्छु ।

**पहिलो प्रकाशित रचना कुन थियो ?**

मेरो पहिलो प्रकाशित रचना नुवाकोटबाट प्रकाशित हुने 'रूपरेखा साप्ताहिक' मा २०५४ सालमा छापिएको 'आँसु रितिउञ्जेल रोएँ' शीर्षकको कविता थियो ।

**हाल प्रकाशित कृतिहरू के के छन् ?**

पुस्तकाकार रूपमा २०८० सालमा प्रकाशित एउटा लघुकथासङ्ग्रह 'अन्त्यहीन परिधि' मात्र छ । विविध कारणबश प्रकाशन गर्न नसकिएका, तयारी अवस्थामा रहेका एक लघुकथासङ्ग्रह र एक कविता ससङ्ग्रह छन् । प्रकाशित भएका तर सङ्कलन गर्न नसकिएका थुप्रै फुटकर रचनाहरू पनि छन् ।

**अहिले नेपाली साहित्य लेखन, पठन र प्रकाशनको अवस्था कस्तो छ ?**

नेपाली साहित्य वृत्तमा एकातिर बर्सेनी आख्यान तथा गैह्र आख्यान विधाका थुप्रै कृतिहरू लेखन तथा प्रकाशन भइरहेका छन् । समीक्षा समालोचन पनि भइरहेका छन् । वातावरण रमाइलो छ । अर्कोतिर सतही ज्ञानका टिपनटापन लेखेर कृति प्रकाशन गर्ने र आफैं खर्च गरेर रातारात भाइरल हुने प्रवृत्ति पनि बढ्दै गएको छ । यो निश्चय पनि दुखद् कुरा हो । यस्ता कृतिहरूको बाढी नै आएको छ भन्दा अत्युक्ति नहोला । धेरै सर्जकलाई थाहा भएकै कुरा हो कि अध्ययन साधना चिन्तन र समर्पणबाट मात्र उत्कृष्ठ साहित्य जन्मिन्छ । पछिल्ला सर्जकहरूमा यसको लागि समय र धैर्य कम देखिन्छ ।

**साहित्यमा लागेपछि गुमाएको या पाएको अनुभव केही छ कि ?**

पूरापूर समय साहित्यमा लाग्न सकेको होइन । आफ्ना पारिवारिक र कार्यालयका जिम्मेवारीहरू पूरा गरेर बचेको समयमध्ये परिवारलाई दिने अलिकति र निद्रालाई दिने अलिकति चोरचार गरेर काम चलाएको त हो तसर्थ गुमाएको केही छैन । बरु पाठकको माया र शुभेच्छा टन्न पाएकी छु ।

**यस धर्तीमा किन आएकी ? अनि इच्छा के छ ?**

कसैको दुःख देख्दा आफैंलाई परेको जस्तो दुख्छ । जसको कोही छैन उसको लागि आफू उभिनुपर्छ भन्ने लाग्छ । त्यस्तै साहित्य पढ्न र लेख्न पनि मन लाग्छ । त्यसकारण मानवसेवा र साहित्यसेवा गर्न म धर्तीमा आएकी हुनुपर्छ । यी दुई कार्यका माध्यमबाट नेपाली साहित्यवृत्तमा केही गुन लगाउने र यथासक्य मानवसेवा गरी धर्ती छोड्दा केही पुण्य लिएर जाने इच्छा छ ।

**अहिले नेपालमा साहित्यको स्थान र अवस्था कस्तो छ ?**

अध्ययन, चिन्तन र साधनाबाट मात्रै उत्कृष्ठ साहित्य लेख्न सकिन्छ तर आजकाल जस्तो भए पनि छिटो छिटो लेख्ने, प्रचारबाजी र तामझाम गर्ने अनि र

ातारात 'भाइरल' हुने प्रवृति देखिएको छ । यो पक्कै पनि राम्रो कुरा होइन । एक अर्थमा यो साहित्य र साहित्यकारप्रतिको अपमान हो । यसरी पाठक भन्दा लेखक धेरै भएको अवस्था पनि देखिन्छ । खासमा असल पाठक मात्र सबल लेखक बन्न सक्छ तसर्थ साहित्यकारको सम्मान वृद्धि गर्ने र कालजयी साहित्य सिर्जना गर्ने पहल कदमीका लागि बेला भइसकेको छ ।

**गर्न चाहेका र गर्न नसकेका केही काम छन् कि ?**

त्यही हो, सम्पति कमाउँन नसक्दा मन लागेजति मानवसेवा गर्न सकेकी छैन । आफ्नै रचनाहरू प्रकाशन गर्न सकिरहेकी छैन । मन हुनेको धन हुँदो रहेनछ । यो त रह्यो भौतिक विषय । अर्को कुरा छ, आफ्नो मूल भेट्न आगो उँभो उँभो बल्छ, त्यस्तै समुद्रमा मिसिन पानी उँधो उँधो बग्छ । म चाहिँ सायद गलत दिशामा बगिरहेकी छु कि, यो अर्धशताब्दी पार गर्दासम्म पनि आफूले खोजेको पाएकी छैन । अपेक्षित गन्तव्य भेटेकी छैन । काम, क्रोध, लोभ, मोहकै कुचक्रमा रुमल्लिइरहेकी छु ।

**अन्तमा केही भन्नु छ कि ?**

मानिसको स्व सबैभन्दा महत्त्वपूर्ण कुरा हो । स्वलाई महत्तम सदुपयोग गरौं । चम्काऔं, उजिल्याऔं तर कहिल्यै पनि नधमिल्याऔं । स्वको जय होस् । स्वलाई शुभ होस् ।

हाल सूर्यविनायक न. पा. ५, भक्तपुर ।

-_-

**शब्दार्थ प्रकाशन**ले

**२२** थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ र

अझै अरू प्रकाशन गर्दै छ ।

के तपाईं पनि आफ्नो शब्दकोश प्रकाशन गर्न

इच्छुक हुनुहुन्छ ?

**तपाईंले साहित्य तथा शैक्षिक अन्तर्वार्ता, कथा, कविता, गीत र विश्लेषण फेसबुक तथा युटुबमा हेर्नुभयो त ?**

**Mirmire Nepal**

# आफ्नै कृतिमाथि स्ववार्ता



उत्तमकृष्ण मजगैयाँ

**धरतीपुत्र खण्डकाव्यपछि अपराजिता लेख्ने सोच ममा किन र कहिले आयो हैं ?** सम्झने कोसिस गर्छु अतीतलाई ।

'अपराजिता' लेख्ने सोच एकैपल्ट बनेको होइन । अध्यापनका क्रममा सल्यान (२०२८) र मुसीकोट (२०३२-२०३३) मा वादी जातिको बारेमा अध्ययन गर्ने मौका मिल्यो भने नेपालगञ्ज, बर्दिया आफै पुगेर उनीहरूको अवस्था र विचार बुझ्ने प्रयास गरें । सानै छँदा हाम्रो गाउँ डाडागाउँ (बिजौरी) भन्दा २-३ टढा रहेको हाम्रो अर्को गाउँ पर्सेनीको नजिकमा रहेको काला खोलाको ढिकमा वादीहरूको बस्ती थियो (जुन अद्यापि छँदै छ) र बूढी वदिनीहरू अन्न माग्न यदाकदा हाम्रा घरमा पनि आउने गर्थे । हाम्री बज्यैले उनीहरूप्रति सहानुभूति राख्दै ढकिया/डाली भरेर धान, मकै सित्तैमा दिएको देख्थ्यौं । बज्यैले 'घृणित पेशा नगर, काम गरेर खाऊ' भनेर दिएको उपदेश पनि सुन्थ्यौं । उनका साथमा आएका साना-साना बच्चाबच्चीहरू, फाटेका लुगा, लट्टिएको कपाल, सिँगान सुर्किरहेका, फोहरी र निरीह देखिन्थे । 'भोलि यिनका छोरीहरू पनि वेश्या बन्छन् र भिरङ्गी लागेर मर्छन्' हाम्रो भैंसी-गोठालो 'जङ्गे'ले 'वेश्या' शब्दको अर्थसहित हामीलाई बुझाउने गर्थ्यो । वादी जातिका महिलाहरूको बाध्यात्मक अवस्थाको कुरा बुझेर मेरो मनमा यिनीहरूप्रति करुणा जाग्न थाल्यो । सायद मेरो बालमनमा बसेको यही प्रभाव र भावनाले युवावस्थामा मलाई उनीहरूको अवस्थाबारे अध्ययन गर्न थप प्रोत्साहित गर्‍यो । हामी भरतपुर पढ्न आएपछि घोराहीको पक्रैयामा र कर्जाहीकै छेउको गाउँ पचुर्खामा बस्ने वादी जातिको बारेमा जान्ने अवसर मिल्यो तर लेख्नकै लागि कथानकको तानाबानाचाहिँ २०४० सालतिर हाम्रो विद्यालयमा पढ्न आएकी एउटी वादी केटीसँग भएको कुराकानीपछि बुनेको हुँ । आफ्नो परम्पराको विरोध गर्दै उनले आफ्नो सम्मानको रक्षाको लागि भोग्नुपरेका कतिपय अप्ठेराहरू, कस्तै परिस्थितिमा पनि झुकेर आत्मसमर्पण नगर्ने उनको आत्मिक दृढताले 'अपराजिता' को अनुहार क्रमशः स्पष्ट पार्दै लग्यो अनि मेरो मस्तिष्कमा खण्डकाव्यको रूपरेखा स्पष्ट भइसकेकाले २०४२ सालको वर्षे छुट्टी (साउन) मा मात्र सात दिनमा लेखन कार्य पूरा गरी परिमार्जन

समेत गर्न सफल भएँ तर प्रकाशनका अर्थाभाव रह्यो। रचना गरिएको झन्डै १४ वर्षपछि २०५६ सालमा साहित्यकार तथा समालोचक मित्र कृष्ण प्रधानले यसको पाण्डुलिपि पढेर अविलम्ब प्रकाशन गर्नुपर्ने धारणा राख्नुभयो र नेपाल साहित्यकार संघले त्यसै वर्ष यसलाई प्रकाशित पनि गऱ्यो।

**अपराजिता तथ्यपरक भएको उल्लेख गर्नुभएको छ, कति समय लागेको थियो तथ्य सङ्कलन गर्न ?**

समग्र रूपमा एकैपल्ट अध्ययन र तथ्य सङ्कलन गरिएको होइन बरु भिन्न भिन्न ठाउँमा भिन्न भिन्न अवसरमा तथ्य सङ्कलन गर्दै विचार र प्रभाव ग्रहण गरिएको हो।

**यसमा वादी जातिको इतिहास पनि कोट्याइएको छ, प्रामाणिक छ यो कुरा ? जातीय इतिहासको कुनै ग्रन्थ हेर्नुभएको थियो कि ?**

वादी जातिकै विषयमा लेखिएको त्यस्तो केही लेख्य सामग्री त पाइएन तर केही भारतीय उपन्यासहरू- आचार्य चतुरसेनद्वारा लिखित 'वैशालीकी नगरवधू', 'गोली' र अमृतलाल नागरको 'नाच्यौ बहुत गोपाल' पढेको थिएँ, जसले 'विचार' दिए तर विषयवस्तु दिएनन्। बरु प्राचीन भारतीय इतिहासमा उल्लेख भएअनुसार वैशाली गणराज्य थियो र त्यहाँ गणिकाहरूलाई राजकीय सम्मान प्राप्त थियो। त्यस राज्यको छेउको अर्को राजतन्त्रात्मक राज्य मगधले युद्धमा वैशालीलाई पराजित गरेपछि त्यहाँका धेरै बासिन्दाहरू नेपालको तलहटी (तराई र भित्री मधेश) मा शरण लिन पुगेका हुन्। सम्भवतः यस समूहमा गणिकाहरू पनि थिए जसले आफ्नो परम्परागत पेशाको यहाँ पनि थालनी गरे होलान् भनेर अनुमान गर्न सकिन्छ। नेपालका राजा रजौटाहरूले भारतका राजा रजौटासित विवाह सम्बन्ध गाँस्ने गर्थे र छोरीहरूको दरबारमा मनोरञ्जनका लागि भारतबाट यस्ता गणिकाहरू पठाइन्थे। नाचगानबाट मनोरञ्जन दिनु यिनको मुख्य उद्देश्य रहन्थ्यो तर यिनीहरूलाई रखौटीका रूपमा पनि राखिन्थ्यो। मधुपर्क- पूर्णाङ्क २८७ डा. राजेश गौतम, मर्यादा - २०५२ घनश्याम डाँगी, मधुपर्क पूर्णाङ्क ३२६ नन्दसिंह बुढाथोकी र शोभाकर बुढाथोकीले यी पत्रपत्रिकाका माध्यमले मेरो लेखन-अध्ययनको तथ्यलाई धेरै हदसम्म पुष्टि पनि गरेका छन्।

**यस खण्डकाव्यको शीर्षकचयन के आधारमा गर्नुभएको हो नि ?**

वादी समाजकी एउटी त्यस्ती केटी जसले आफ्नो समाजमा व्याप्त गलत परम्पराको डटेर विरोध गर्छे, सुन्दर परिवर्तनका लागि प्रयासरत रहन्छे, आफ्नो अस्मिताको रक्षा गर्दै विपरीत परिस्थितिसँग जुझ्दछे र आफ्नो मानरक्षा गर्न सफल हुन्छे, त्यसैले उसको चरित्रअनुरूप उसलाई 'अपराजिता' को संज्ञा दिएको हुँ।

**खण्डकाव्यकी नायिका देवी विराङ्गना भन्न सकिने युवती भए**

**पनि विनयसँग भेट हुँदा आफू निरीह ठानेकी छे र छोरीलाई पराइ धन बताउँदै दान गर्ने वस्तु पनि ठान्छे । यो नारीवादी दृष्टिले आपत्तिजनक र उसको व्यक्तित्व विपरीत भएन र ?**

देवीले आफ्नो समाजका स्त्री-पुरुष दुवैथरीसित एक्लै सङ्घर्ष गरिरहनु परेको अवस्थामा विनयजस्तो प्रबुद्ध पुरुषको साथ खोज्नु अन्यथा ठहरिँदैन । यस प्रसङ्गलाई देवीको कमजोरी वा निरीहता नठानी 'नारी-पुरुष भै पूर्ण बन्दछ सृष्टि यो' भन्ने देवीको राय अनुकूल नै ठान्नुपर्ने हुन्छ । देवीको क्रान्तिकारी चेतनाले उसलाई जुझारु बनाएको भए पनि उसको कोमल हृदयभित्र प्रेम छ, करुणा छ र एउटा सपना पनि त छ अक्षत यौवन आफ्नो पति (प्रेमी) लाई सुम्पने र आफ्ना सन्तानलाई चोखो दूध पिलाउने । रह्यो कुरा 'छोरी पराइ धन हो, दान हो' भन्ने अभिव्यक्तिको- त्यो परिस्थितिजन्य उद्गार हो । ग्राहक लिएर आएको आफ्नै बाबुको कुत्सित सोचका विरुद्ध उसको अन्तर झकझक्याउने तथा उसको स्वाभिमान र सुतेको आत्मालाई ब्युँझाउने मनोवैज्ञानिक प्रयास मात्र हो ।

**कसैकसैले विनयलाई काव्यनायक मानेका छन् र आफ्नो दायित्वबाट विमुख भएको आरोप पनि यस पात्रलाई लागेको छ । यसमा तपाईंको सहमति वा विमति के छ ?**

अपराजितामा विनयको भूमिका गौण छ र देवीलाई चारित्रिक उचाइ दिनका लागि यो उचित पनि छ भन्ने मेरो ठहर छ । विनयले उसलाई शरण नदिएर उसले देवीप्रति बरु न्याय गरेको छ अन्याय होइन किनभने ऊ आफ्नी प्रेमिकालाई अझ सशक्त र जुझारु बनाउन चाहन्छ । यस कारण विनयमाथिको आरोप असत्य सावित हुन्छ । ऊ त देवीको व्यक्तित्व उजिल्याउन, सुन्दर परिवर्तन र जाति-उत्थानको पुनीत कार्य देवीकै हातबाट सम्पन्न होस् भन्ने चाहन्छ नि !

**प्रधान पात्रबारे भूमिका-लेखक कृष्ण गौतमले तेर्स्याएको प्रश्न पनि त थियो नि ! त्यसको उत्तर कसरी के नि ?**

वादी पुरुषहरूको वैचारिक अधःपतन भएको होला, गौरव र स्वाभिमान मरेको होला तर बाध्यात्मक यौन व्यवसायमा रक्तरञ्जित आत्मासहित नित्य को मरिरहेछ ? एड्स, भिरिङ्गी जस्ता यौनरोगले कसलाई गाँजिरहेको छ ? कुण्ठित व्यक्तित्व र खण्डित स्वप्न बोकेर, व्यक्तिगत स्वतन्त्रता समाप्त भएकाहरू नै आफ्ना हकका लागि विद्रोह गर्न तम्सिन्छन् भन्ने तथ्य देवीकै हुङ्कारले पनि स्पष्ट पारेको छ नि ! विशेषतः यौन र प्रजननमा महिलाकै प्रमुख भूमिका रहने गर्छ र तत्सम्बन्धी कार्यका सम्पूर्ण जोखिम पनि उसैले उठाउनुपर्छ । शोषण, उत्पीडन र अक्सर घरेलु हिंसाका शिकार बन्ने गरेका यी महिलाहरूको शिक्षाको अभावमा चेतनास्तर पनि कमजोर छ अन्यथा हजुरआमाले देवीलाई यौनपिपासुका

सामु आत्मसमर्पणका लागि मानसिक दबाव दिएकी भए पनि यस्तो अनैतिक दबावलाई प्रज्ञाको ज्योतिले आलोकित भएकी देवीले सर्वथा अनुचित ठानी प्रचण्ड विद्रोह गरेर आदिम नारी- शक्तिलाई उजिल्याएकी छ र विनय (पुरुष) ले उसलाई समर्थन गर्दै पछ्याएको मात्र छ ।

**कवि 'पुरुष' भएकै कारण प्रेरक पात्रका रूपमा विनयलाई उभ्याइएको भन्ने कृष्ण गौतमको धारणाप्रति तपाईंको प्रतिक्रिया के छ ?**

यस प्रसङ्गको उत्तर अघि नै आइसकेकोले यसलाई बढी व्याख्या गर्न आवश्यक ठान्दिनँ, बरु छाया-भावको रूपमा एउटा तथ्य प्रस्तुत गर्न सकिन्छ कि देवीले भोग्नुपरेको मानसिक पीडा र परम्परित समाजका विकृतिहरूलाई निमिट्यान्न पार्न कर्म-यज्ञको थालनी गरेकी देवीको वैचारिक दृढताबाट विनय पनि प्रभावित थियो त्यसैले अध्ययन समाप्त गरी फर्केर बौद्धिक लडाइँमा देवीलाई पूर्ण सहयोग गरेको छ । यस कर्ममा लाग्न विनयलाई स्वयं देवीले नै अभिप्रेरित गरेकी छ भन्न सकिन्न र ?

**अपराजिता लेख्न बस्दा कथानक, विचार, मूलभाव, चरित्रचित्रण, रस, अलङ्कार, भाषा छन्द⁄लय आदि मध्ये कुनलाई बढी ध्यानमा राखिएको थियो ?**

कथानक, विचार र मूलभाव 'अपराजिता'को शरीर हो भने रस, अलङ्कार, भाषा र छन्द⁄लय यसको परिधान र सौन्दर्य-प्रशाधन हुन् तर यसको आत्मा र प्राण भने चरित्रचित्रण नै हो । म देवीलाई महत्तम उचाइमा पुऱ्याएर अपराजेय सिंहासनमा आरुढ गराउन प्रयत्नरत थिएँ किनभने उसले मेरो कवि-मनकै धारणाअनुरूप सामाजिक विकृति विसङ्गतिका विरुद्ध युद्धघोष गर्दै सापेक्ष रूपान्तरणका लागि आफ्नो आवाज बुलन्द गरेकी छ । विशिष्ट चारित्रिक विशेषता नभई देवी सफल हुन सक्तिनथी, त्यसैले उसको चरित्र निर्माणमा मेरो ध्यान बढी केन्द्रित भएको यथार्थ हो । कथाको मागअनुसार नै विभिन्न चरित्रका अन्य पात्रहरू पनि उभिएका छन् । यता आमा मित्रशक्तिका रूपमा, ग्राहक शोषक, सामन्त र दुष्चरित्र व्यक्तिका रूपमा, बाबु-दाजुभाइ र हजुरआमा दलालका रूपमा र घृणित पेसालाई परम्पराका रूपमा जोगाइराख्न मरिहत्ते गर्ने लोलुप, स्वार्थी र मतिहीन भ्रष्ट चरित्रका रूपमा, साथीसङ्गिनीहरू शोसित, उत्पीडित र थोत्रो परम्परालाई कर्म र भाग्यका रूपमा लिँदै विरोध गर्नै नसक्ने शक्तिहीन तर अन्तरमा कतै मीठा सपना त पालेका तर सुधार-परिवर्तनलाई असम्भवप्रायः ठान्ने तथा देवीको प्रयासलाई दुस्साहस मान्दामान्दै पनि भित्रभित्रै चमत्कृत भएका काँतर, डरछेरुवा र असहाय पात्रका रूपमा, विनय न्यूनाधिक सहयोगीका रूपमा, बलात्कार गर्न तम्सेका व्यक्तिहरूले गुण्डा र दुष्ट प्रवृत्तिको प्रतीकका रूपमा आ-आफ्नै खालको चारित्रिक

विशेषता बोकेका छन् । कथानक, विचार, मूलभाव, रस र अलङ्कार, भाषा, छन्द/लय सबैप्रति सचेत भएरै 'अपराजिता'को रचना भएको छ ।

**पाठक/समीक्षकको रूपमा अहिले अध्ययन गर्दा केही संशोधनीय पक्ष त भेट्नुभएको छैन ?**

कतै कतै शब्द र भाव पुस्तक सम्पादनका क्रममा असहज बनेको पाएको छु । प्रकाशक संस्थालाई पाण्डुलिपि बुझाइसकेपछि भौगोलिक दूरीका कारण मेरो सतत निरीक्षण र अनुगमन हुनै पाएन । पुनर्मुद्रणका बेला यस्ता त्रुटि सच्याउन सकिन्छ तर अन्य तथ्यहरूको परिमार्जन गर्ने सोच भने बनाएको छैन ।

**अपराजिता कत्तिको सफल भएजस्तो लाग्छ ? सन्तुष्ट हुनुहुन्छ ?**

मेरा प्रकाशित बाह्रओटै कृतिमध्ये सबैभन्दा बढी माया मलाई **अपराजिता**कै लाग्छ । यसले मलाई सम्मान दिएको छ र दिएको छ प्रशस्त चर्चा र केही प्रसिद्धि पनि । यसका पाठक एवम् समालोचकहरूले मन पराएर गर्नुभएका लिखित टिप्पणी, समीक्षा, समालोचना तथा मौखिक चर्चाले गर्दा यसको सफलता, महत्त्व र सार्थकताबारे म ढुक्क छु, सन्तुष्ट छु ।

**के यसले समाजमा केही परिवर्तन ल्याएको छ ?**

वादी समाजमा सापेक्ष सुधार ल्याउन कटिबद्ध केही उत्साहीहरूमा यसले केही ऊर्जा थप्ने काम पक्कै गऱ्यो जस्तो लाग्छ । युनिसेफ दाङका प्रतिनिधिले दुई सय प्रति किनेर शिक्षित वादी समुदाय, सुधार कार्यमा लागिरहेका सम्बन्धित निकाय र विद्यालयमा पढ्दै गरेकी वादी छात्राहरूलाई निःशुल्क वितरण गरेका हुन् । अध्ययन र अनुसन्धानका कार्यमा पनि यसको उपयोग गरिएको सूचना पाएको छु । डा. घनश्याम डाँगीले 'वादी जाति र यसको सांस्कृतिक परम्परा' बारे विद्यावारिधि गर्दा 'अपराजिता'लाई एक प्रामाणिक ग्रन्थका रूपमा लिँदै केही ठाउँमा यसका उदाहरणहरू दिनुभएको छ । २०६२-०६४ मा हाम्रो विद्यालय प.प.न.उ.मा.वि. भरतपुर दाङमा पढ्न आएका पाँचओटी वादी-किशोरीहरूले पनि अपराजिता पढेर आफूमा थप दृढता र आत्मविश्वास पैदा भएको कुरा बताएका थिए ।

**तिनले पढेर केही प्रतिक्रिया दिए त ?**

निर्मल वादी, निर्मला वादी, इन्दिरा नेपालीहरूको केही प्रतिक्रिया (मौखिक) प्राप्त भएको हो तर लिखित कुनै प्रतिक्रिया आएन । बरु अन्यबाट जिज्ञासा र प्रशंसाका कुराहरू प्राप्त भएका हुन् । पुस्तक-परिचयका साथै केही विद्वान्हरूका समीक्षा, समालोचना पनि पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

**अपराजिता बारे पाठकलाई प्रकाश पार्नुपर्ने केही थियो कि ?**

मैले अपराजिता संवाद-शैलीमा लेखेको छु, जसले यसलाई नौलोपन र नाटकीयता प्रदान गरेको छ । प्रत्येक पात्र-पात्रा आ-आफ्नै तरिकाले संवाद

बोल्छन् र काव्य विस्तारित हुँदै जान्छ । कवि निकै कम बोलेको छ यहाँ । कथानकको विस्तार संवाद, घटना र परिस्थितिबाटै क्रमशः विकसित हुँदै गएको छ र पाठकले बढी रुचाएको पनि यही हो ।

**तपाईंले कुनै नमुना-रचनाका आधारमा खण्डकाव्य लेख्नुभयो कि विधागत सिद्धान्तका आधारमा ?**

मैले हिन्दी र नेपाली भाषामा रचिएका केही खण्डकाव्यहरूको अध्ययन गरेको छु भने संस्कृत भाषामा रचित केही उत्कृष्ट काव्यहरू पनि पढ्ने अवसर पाएको छु तर विधागत सिद्धान्तलाई पूरै बिर्सेको भने छैन ।

**सामाजिक तथा ऐतिहासिक यथार्थमा कल्पनाको जलप लगाई सरल तर सरस खण्डकाव्य लेख्नु उत्तमकृष्ण मजगैयाँको प्रवृत्ति हो भनेमा ठीक भनिएको हुन्छ ?**

'धरतीपुत्र' र 'अपराजिता'का सन्दर्भमा यो टिप्पणी सुहाउँछ तर आगामी दिनहरूमा इतिहासको विषयवस्तु पछ्याएरै खण्डकाव्य लेख्ने प्रतिबद्धता भने म प्रकट गर्न सक्तिनँ तर सामाजिक यथार्थ भन्दा टाढा रहेर कल्पनाकै हवामहल मात्र खडा गर्ने छैन भन्ने कुरामा भने म विश्वास दिलाउन चाहन्छु ।

**समग्र खण्डकाव्यात्मक विशेषता के-के हुन् नि ? खण्डकाव्यकार मजगैयाँको विशिष्ट पहिचान के हो ?**

मैले मेरा खण्डकाव्यमा वस्तुपरकता र आत्मपरकताको प्रयोग गरेको छु, दुवै काव्यका मूल नायक/नायिका सचेत छन्, जुझारु छन् र आफ्नो हकका लागि सङ्घर्षको बाटो अख्तियार गरेका छन्, दुवैले अन्त्यमा आफ्नो वैचारिक सन्देश सम्प्रेषण गरेका छन् । धरतीपुत्रमा पात्र कम छन्, कविनिबद्ध 'म' पात्रले आफ्नो 'एकालाप' प्रस्तुत गर्दै काव्यलाई गतिशील बनाउँछ भने 'अपराजिता'मा धेरै पात्र छन् जसले विभिन्न परिस्थिति, घटना र कथाको मागअनुसार संवाद बोल्छन् र नाटकीय रूपमा कथा विस्तारित हुँदै जान्छ ।

सामाजिक तथा ऐतिहासिक यथार्थमा कल्पनाको जलप लगाई सरल, सरस र कलात्मक खण्डकाव्य लेख्नु उत्तमकृष्ण मजगैयाँको प्रवृत्ति हो र उनको विशिष्ट पहिचान पनि वस्तुपरकता, आत्मपरकता र संवादशैलीका कुशल प्रयोगकर्ताका रूपमा रहेको छ भन्दा उत्तर पुग्छ, तर यसरी कवि स्वयम्लाई आफ्नै मुखबाट आफ्नो मूल्याङ्कन गर्न लगाउनुलाई स्ववार्ताको गजबको कला, सीप र विशेषता हो भन्न सकिन्न र ?

**हस् त, तपाईंको अन्तर्मनलाई खण्डकाव्य अपराजिताको वस्तुपक्षबारे विशेष छलफल र कुराकानीका लागि समय दिनुभएकामा यो अन्तर्मनको हार्दिक धन्यवाद छ ।**

-_-

# मभित्रको म



**कलानिधि दाहाल**

आँखा खोलें वा चिम्लें- मलाई थाहा छैन । गएँ वा आएँ त्यो पनि मलाई थाहा छैन । म सोध्छु आफूलाई- यो भवसागरमा किन आइस् कले तँ ? इच्छाले हो र ? प्रश्नको उत्तर प्रश्नले नै दिनु अझ अर्को उत्तर नभएको प्रश्न गर्नुजस्तै मजा हुँदो रहेछ ।

कसरीको अलिकति गर्त खोतल्दा यौनोन्माद दुई भालेपोथी चरम स्वार्थपूर्तिका सङ्घर्षमा झिलिक्क उछिट्टिएको झिल्को भ्रुणस्वरूपमा सुरक्षित भएर आएको हुनुपर्छ म, हो नै म, अर्को अर्को सबै । यो भ्रुण रक्षा पनि रक्षक ऊ, उनी, म, अर्को अर्को सबै सबैले आआफ्नै सुरक्षास्वार्थको परिणति हो जो म आफैं गर्न खोज्दै छु । गरिरहेको छु ।

के तँलाई थाहा छ यो दुर्घटनाको झिल्को सुरक्षित हुने धरावतरण गरेको समयाभास ? सुनेको छु । भन्छन्, तिनै सुरक्षाका पोकाहरूले । समय अन्धकार नै थियो निस्पट्ट बिहानको बेला, सम्भवतः सोमबार हुनुपर्छ दुई हजार सोह्र फागुन आठको त्यो अरूका सोचमा स्वर्णिम बिहान मेरो सोचमा अभिशप्त बिहान जहाँ मेरो दुःख गुड्ने तातो चिहान बन्यो जसमा म खरानी घसेर जीवन सङ्घर्षको मैदान घुमी दही मथ्दै छु ।

मान्छे मानिस भएर धरा ओर्लनुमा गौरवको हुङ्कारले नाकका पोरा फुलेर कुर्लन्छन् । तँ हर्षका हात नफैलाई दुःखको निनाद जताततै सुसेल्छस् किन कले ? आत्म नढाँटी भन् तँ । त्यही भित्रको दाग, कालो दम्भ जसले कहिल्यै खोल्दैनन्, छोप्छन् । जीवनभर रुन्छन् दाँत हाँसेर । म दाँत रोएर जीवन हाँस्नाका लागि त्यो अभेद्य बिहानको अन्धकारमा जिउँदो यमलोकभित्र ओर्लिएँ जहाँ कसैमा खुसी थिएन । खुसी राख्ने ठाउँ पनि थिएन । म मेरो लिङ्गका हिसाबले आठौं पुत्र, सबै सदस्य सङ्ख्याको गणितीय जोडघटाउमा एघारौं सदस्य । भौगोलिक दृष्टिले राजधानीको आँखाबाट निशाना ताक्दा विकट पूर्व सगरमाथा अञ्चलको ओखलढुङ्गा जिल्ला अन्तर्गत बिगुटक्सार जसलाई पञ्चायत भनिन्थ्यो त्यस बेला दुई नम्बर वडाको बुके नामक सोते टोलमा च्याँहाँको प्रथम ध्वनि गुञ्जित भएँ । अर्को तरिकामा क्रन्दित भएँ ।

न स्यारको सोख, न प्यारको प्रबन्ध । ढुङ्गोमाटोको खम्बा खरको शिर । धुवाँमा रुमलिँदै च्यातिएको शरीर । अस्पष्ट दिनमै रात अँगालेको म आशाको नाम के हो ? उल्लासको अनुहार कस्तो हो ? जान्दिनँ । एक मात्र पण्डित बाबुको आय आर्जनको पथ गरुड, पुराण, सराध्दे, पूजाआजा फत्फताएर टपरा टक्टक्याउँदै जोडिने भारी नै मजुवाबारी बनेको थाहा छ । आकाशे खेतमा खडेरी लाग्दा वा खण्डवृष्टि- अर्को पण्डितले जजमान लगिदियो भने निख्लाम पेट सारङ्गी बजेर पर्मअर्मको गीतमा पसिनाको अञ्जुली उघाउनु पर्थ्यो सामन्तका बारीखेतमा । आफ्ना खेतबारीका कठोर श्रमले बल्लतल्ल भ्याउँथ्यो तीन महिना वर्षको । हर्ष झरोस् कताबाट ? अभावको आगोले खारिएकी आमा चरम स्वार्थको घेरामा बाँधिइरहिन् जिन्दगीभर । दुःखको चौकोस खोलेर छातीभरि स्वतन्त्र सुनाखरी फुलेका बाबु यतिसम्म उदार उदात्त भए घरभरि उनीसमेत पन्ध्र टाउकाका सामु आफैंले ऋण खोजेर ल्याएको एक पोल्टो कोदो आमा हतार हतार लुकाउन दौडन्थिन् । बाबु पण्डित नन्दलाल भोकको सारङ्गी बजाउँदै सामु आएका माग्नेलाई दौडेर गई त्यही कोदो ल्याएर फ्याक्क आधा पारी दिई पठाउँथे । यी दुईका विपरीत व्यक्तित्वको प्रभाव लाहाछाप बनेर मेरो जीवनको पदचाप हिँडिरहेछ हिँडिरहेछ । यतिकाविधि सन्तानमा माइली दिदीलाई छाडेर अरू कसैमा बाबुको उदार उदात्त संस्कार नजन्मनुको पीडाभित्र म कसरी आशाका बत्ती जलाउन सकूँ र खै ?

यौनझिल्को भ्रुणमा परिणत भएर बढ्दै जमिनमा ओर्लेपछिको घिनलाग्दो सालनालको थुप्रो टपक्क टिपेर फुत्त फालेको भए के नै फरक पर्थ्यो र ? न उनीहरूलाई पाल्नको दुःख, न मैले नै सांसारिक जीवनका ताता कराहीमा पड्किनुको गर्नुपर्थ्यो पीडाबोध ? उता के छ ? कसलाई थाहा ? यसो गरिएन किन ? सहज उत्तरित अर्थमा नै उत्तर छ यसको । दार्शनिक अध्यात्मको अन्तर चेतना अचेतन मनबाटै उद्बोधित भएर पहिलो पापकर्म प्रक्षालनार्थ राखे, हुर्काए, बढाए, पढाए तिघ्रे बनाए । कर्मकाण्डे अध्यात्मले भन्छ- बाबुआमा देवीदेव हुन्, पूजा गर्नुपर्छ सधैं । अन्तिम मूर्खका मुखबाट निस्केको महावाणी हो यो । देवीदेवता अमर ठान्ने अध्यात्मको छुद्रभेद सबैजस्तै मर्ने सधैं मर्ने बाबुआमालाई कसरी देवीदेव ठान्छन् ? परम्परागत अन्धताको चरम रूप प्रमाणका रूपमा यहीं देखिन्छ । अर्काका आडमा विश्वास सुम्पेकाहरू तर्कसङ्गत आफ्ना अडानमा कहिल्यै हुँदैनन् । कारण उनीहरू अर्काकै पुच्छर बनेर हल्लिरहेका हुन्छन् । बाबुआमा बन्नु नै स्वार्थ हो, पापी मनोदशाको उपज हो । त्यही पापकर्मको दण्ड हुर्काउने/बढाउने/पढाउने कार्यहरू हुन् । यसमा न मायामोहको मात्रा हुन्छ, न ईश्वर अनिश्वरको जात्रा । जसरी मेरा बाबुआमाले मलाई यो बनाएर तिरे त्यसरी नै म छोराछोरीलाई यस्तै बनाएर तिर्छु । अर्को अर्को अनन्त लर्को आयो यसरी

नै । जान्छ यसै गरी । न कोही कसैको देवीदेव, नकोही कसैको भक्तभक्तिनी ।

यस्ता उट्पट्याङ् कुरा तैंले जन्मँदै जानेको होस् त कले ? दुष्ट मन जुरुक्क उठेर प्रश्न उफार्छ । अर्को सज्जन मन हतारिँदै उत्तरका ओठहरू फर्फराउँछ । कहाँ हुनु ? जिन्दगीका जाँतामा पिसिएर अनेकौं उतारचढावका डल्ला फोर्दै कर्मकाण्डे पण्डित परम्पराले फिजाएका दरिद्र अतीतका घोप्टे अनुहार हेर्दाहेर्दै दिक्क भएपछि ब्रह्मानन्दको झिल्को झिलिक्क बल्दो रहेछ । त्यही झिल्को संस्कारमा रूपान्तरित हुने समय प्रतीक्षाका पछाडि मात्र यो उद्दाम वाटिका चुम्न सक्छ मान्छे, सकिँदो रहेछ ।

जजमाने याचक पण्डित समाज एकातिर निरक्षर गोठाले समाज अर्कोतिरको त्यो अन्धकार गुफा जहाँ अभिभावक नै अन्धविश्वासका अजिङ्गरे जिब्रा लप्लपाउँथे । नारीहरू कुखुरा नबास्दै उठ । माघको ठुक्ठुकाउँदो ठिहीमा पनि बरफ जम्न लागेको पानीभित्र डुबुल्की मार । पातला जिल्जिले वस्त्रले शिरपाउ छोपेरभान्सा तयार गर । पुरुषले मस्त सुत्न पाउनुपर्छ । मात्र एक लगको कार्यदायित्व हो पुरुषको भन्ने समाज । अझ यो त सामान्य मानौं लोग्ने मर्दा स्वास्नीले जिउँदै चितामा जल्नु पर्ने कारुणिक निकम्मा संस्कारवाहक समाजका उपज हामीहरू । चौबीसै घण्टा एक झिप्को आँखाका परेली जोरिने समयबाहेक सम्पूर्ण कार्यक्षेत्रमा खट्ने काम नारीको ठान्ने समाज । भान्सा तयार गरेपछि वर्तमनविवाह गरे जतिले जाडोमा काम्दै र गर्मीमा पसिना चुहाउँदै चुलामा खाने । बाँकीले अँगेना वरिपरि बसेर चुलाको साँध नछोइने गरी । मरूँमारूँमा बूढो बच्चो जोसुकै होस् रुँने/कराउने/चिच्याउने जोड जोडसँग । पूजापाठ, नित्य नुहाउने गाईभैंसी भोकभोकै भए पनि ! बारीका पाटाहरू बाँझाबाँझै भए पनि !

तैंले के लछारिस् त ? भएको ओठले फत्फताउन त जसले पनि जान्दछ नि ? फेरि उही दुष्ट मन मेरो पाण्डित्य व्याख्यानको अवरोधक बनेर उभियो । गरें । गर्नसम्म गरें । आनुपातिक अर्थमा गर्नेभन्दा धेरै गरें । त्यो जङ्गली जमानामा, त्यो निरक्षर अँध्यारो रातमा छालाका जुत्ता जिन्दगीभर नलगाउने प्रतिज्ञा अनजानमै गरिसकेको मैले अर्को एउटा अठोट गरें । ठूलो दर्द सामु आएपछि साना घाउ त्यत्तिकै खाटा बस्छन् भन्ने मान्यता मनको शिरमा राखेर म उभिएँ । ठीक खाने बेलामा घर घर घरैघर चहार्ने, दलानमा रहेका त्यसै घरका छालाका जुत्ता लगाउने र अँगेनानिर बसेर ढिँडो माग्ने । लगातार यसो गर्न लाग्दा कैयौं पटक कैयौं घरमा त चुटिन पनि विवश हुनु पर्‍यो । पन्ध्रबीस दिनपछि आफूचाहिँ अँगेनामा बसेर खान पाउने भएँ व्रतबन्ध गरेको भए पनि ! क्रमशः युवालर्को मेरोपछि लाग्न लाग्यो, म फुरुङ्ग यतिमै त्यस बेला विजयी उन्मादले । छ महिनाभित्रै कट्टरपन्थी चन्दने पण्डित मेरा बालगायत बाहेकमा तयार भएर खाने चलन स्वैच्छिक बन्न पुग्यो । विनाविद्रोह, विनासडकजाम, विनापत्थरबाजी, विनाहिँसा

सच्चा परिवर्तनको स्वरूप यो । चौडा खराबीको सानो उदाहरण दिनासाथ अन्धविश्वासी मन के गरौं के नगररूँको हतासमा किंकर्तव्यविमूढ बन्न पुग्यो । अप्रत्यक्ष तर उत्तरमा असल मन उत्साहित बन्न सफल भयो ।

मर्दा रुन्छस्, जन्मदा हाँस्छस्, किरियाकाज गर्छस् ? यस दुर्जन मनले ठान्यो यसलाई थला पार्छु । वैचारिक अतल गर्तमा डुबिसकेको मन किन डग्थ्यो, डराउँथ्यो ? कड्क्यो-गर्दिनरू । हाँस्यो दुर्जन मन र बोल्यो- कुरा त सबैले गर्छन्, काम ? अहा ! क्या मीठो ठाउँमा पुऱ्यायो मेरो सज्जन मनलाई यस दुर्जन मनले । उसले देखेको छ र सज्जन मनले पनि देखेको छ- भन्नेहरू थुप्रै हुन्छन् दुनियाँमा तर जन्मँदा हाँस्छन्, केक काट्छन्, बढाइ गर्छन्, खुसी मनाउँछन्, नाँच्छन्, गीटार बजाउँछन्, पास्नी, छेवर, व्रतबन्ध गर्छन्, करोडको खर्च सानले बिहे गरेको गर्वमा नाकका पोरा फुलाउँछन्, बाचुञ्जेल धारे हातले सरापेर खान लगाउन नदिई आमाबाबुलाई वृध्दाश्रम धपाउने स्वाँगे अमानव छोराछोरी नै मृत्युका खबरले छातीमा हात पिट्दै, सिमन्टीमा टाउको ठोकेको देखावटी बहाना गर्दै टाउका मुडेर सेता पगरी बेर्छन् शिरमा । यस्तै दृश्य देखेको र व्यवहार पनि यस्तै गर्दै आएको दुष्ट मनले कसरी विश्वासमा मन समर्पित गरोस् ?

एकाध काँचा बौलट्ठटी विद्रोही पनि देखेको छ- उसले, मैले र हामी सबै सबैले जो विनाचेतनात्मक विकास, वैचारिक स्थिरीकरण लहैलहैमा लागेर किरिया नगर्ने निर्णयका बाह्रौं दिनमा दिमागी धोती खुस्केर फेरि यसमा बसाएपछि सन्तुलनको पूर्वावस्थामा आएका उदाहरण पनि मेरा दुर्जन⁄सज्जन दुवै मनका आँखाले देखेका छन् । सबै देखेर⁄ भोगेर⁄पचाएर मेरो मित्र मन सज्जन बनेको कुरा र परिपक्क भएको कुरा दुर्जन मित्र मनलाई कसरी थाहा लागी आफू विकसित हओस् पनि ! त्यसैले त ऊ आदेशको आग्रह प्रश्नात्मक शैलीमा गर्छ, गरिरहन्छ ।

बकबके बात होइन प्रमाणित गर्न सक्छस् ? सुरिएको दुर्जन मनको प्रश्नलाई साधुवाद र जिज्ञासालाई अन्तर मनले मनन गरी सज्जन मन अघि बढ्छ शान्त भावमा । साँझपख हल्लिदै हल्लिदै थकितचकित भएर मास्टरको भुकाइ सकी बासस्थानमा आउँदा ठूलो मलगायत परिआएका बेला आउँने पन्ध्रौं जना पाहुनासमेत सुत्ने कोठामा मान्छेको भीड देखेर हेरें । चुपचाप मौनाकृति सबैको पाएर मलाई आश्चर्य लागेन र सानो मुस्कान छर्दै मैले भनें- तिमीहरू मौन छौ नितान्त मौन ! मौनता नै समयको उत्तर हो । बाबु मरेछन् यही न हो । बुझें, बुझिसकें तर म भोकले लखतरान छु । म खाना मजाले खान्छु अनि तय गरौंला बाटो भन्नासाथ दुष्ट मन बुरुक्क उफ्रेर प्रश्न तेर्स्यायो- तँलाई जन्म, कर्म दिएर यत्रो फराक धरातलमा उभ्याउने बाबुको मृत्यु खबरले पनि तँमा अलिकति मानवीय पितृसंवेदनाको द्वार खुलेन तेरो ? नूतन मन आक्रोशित हुँदै भोको

गर्जनमा विस्फारित हुन पुग्यो ।

मानवीय पितृसंवेदनाका चारवटै ढोका मसँग खुला छन् । बाँचुञ्जेल आफ्नासामु देखापरेका बाबुजस्तै आकार र अनुहारका सबै दाजुभाइ, छोराछोरी र नाताकुटुम्बका मात्र होइन यस आकारका अशक्त सम्पूर्णमा घाउ दुखे सकुञ्जेलको मलम, पेटमा भोकको सारङ्गी रेटिए क्षमताले भ्याएसम्मको खाना, जाडो काँपे न्यानो आङ् वस्त्र, शिरमा शीत चुहेर नाङ्गा सडकले दर्फराएका चेहरामा झुप्रो नै किन नहोस् उपहार उपलव्ध गराउनु मानवीय सर्वसंवेदनाको उपहार हो । क्रूध्द मन फेरि छट्पटायो र प्रश्न फाल्यो- यसको मतलब गइनस् त किरिया-कर्ममा ? उत्तरिन्छ सज्जन मन शान्तसँग ।

गएँ, जानै थियो । तैंले पालेजस्ता अन्धकारका भूतहरू तन, मन, वचन र समाजबाटै निकालेर पकाल्नाका लागि । अन्ध आँत खोलाका किनारमा बस्दा रहेछन् । बाबु मरेको घर मैरा पुग्नाका लागि लमाहा नाम गरेको एउटा खोलो तर्नु पर्थ्यो । त्यहाँ छुरा ब्लेड बोकेर शिर खौरिने मान्छेसँग म मान्छे जो चाहन्नथें खौरिन-होमिएँ तर म गुण्डाग्याङ्का ती शैलीसँग पराजित भएँ । नभएको भए लक्ष्यमा विजयी बन्न सक्ने थिइनँ । कारण शिरमुण्डन नगरेसम्म खोला पार हुन प्रतिबन्ध लाग्यो । ठूला लक्ष्यप्राप्तिका लागि साना पराजय तुच्छ हुँदा रहेछन् ।

शिरमुण्डनको सहजतापछि बल्ल म घरको कोठा कठघरामा पुगें । सातभाइमध्येको एउटा टुक्रो म । आकाशलाई बादलले घुम्टो ओढाएको त्यो दिन । फागुन सुरुको हुस्सेसहित सिम्सिमे झरी । तराईको चलन गुँइठा ताप्ने धुवाँको धम्धमाइलो आकार वरिपरि आच्छुका आवाजमा झुम्मिएको समूह । अत्यधिक सङ्ख्यामा त्रिपुण्डधारी चन्दने वैष्णव समूहको व्याप्ति । विचारें- मौका यही हो । अलि अलग्ग तर त्यसै समूह छेउमा कान्छी बुहारी जो नछुने भएको दुई दिन रहेछ । विद्रोहको आगो ठूलै ठाउँबाट झोस्नु पर्छ जुरुक्क उठें धोतीको फेर माथि उचालेर । फुत्त कोराबाट निस्कें । शङ्काको कुनै गुञ्जायस कसैमा थिएन । यी पाखण्डका मानसचेतना भनिरहनु पर्दैन । बुहारी त्यसमा पनि पर सरेको मात्र दुई दिन । सबैले हेर है भन्दै मैले झ्याप्प छोइदिएर ठिङ्ग उभिँदै मेरो सज्जन मनले उद्घोष गऱ्यो- के छ सजाय ? मलाई गर्नुहोस् । चापचुप पिनस्तव्ध सन्नाटा । म किरियापुत्रीकै समूहमा पसेर थपक्क बसें ।

नुन, विशुध्द खनिज पदार्थ हो सुरुको- ढिकेनुन । यही सज्जन मनको बैंस बोकेर खोलामा किरियापुत्रीलाई भात खुवाउन लैजाने ठीक समय मिलाएर गाउँकै एकजना घिमिरे थरका वृध्दलाई नुन लिएर आउने सङ्केत गरें । तिनै गाउँलेहरू टनाटन थिए खोलापाखाभरि । परम्पराको ढोलक बजाउने आध्यात्मिकक्षेत्र अन्तरगत कर्मकाण्डी धारका कट्टर हिमायती कुलप्रसाद कोइराला पनि छन् समूहमा । भात पस्किसकेपछि नुनवालालाई इसारा गरें । लिएर आए पनि

उनी । हातमा पोको देख्नासाथ अनुमानकै भरमा उनलाई गाउँलेले खेदे मात्र होइन वैष्णव समाजको समूहले एक स्वरमा उद्घोष गऱ्यो -'विधिनियम जान्ने पनि यिनीहरू, धर्म जान्ने पनि यिनीहरू, ज्ञानविज्ञान जम्मैको ठेकेदार बनेर पनि समाज भाँड्ने यिनीहरू । आइन्दा यिनका कुनै पनि काममा हामी नआउने, यिनलाई आजदेखि नै सामाजिक बहिस्कार गर्ने ।' यो उद्घोष गाउँलेको सुनिसकेपछि यिनलाई एकछिन् पर्खाएर मेरो नूतन मनले चेतावनी उद्घोष गऱ्यो- 'महाशयहरू ! आज ठीक निर्णय गर्नुभयो तपाईंहरूले । तपाईंहरू जम्मै यस कार्यक्रममा आएर खाँदाको एक दिन बराबरको अन्नले यो परिवारलाई छ महिनासम्म आनन्दले खान पुग्छ । जानोस् तपाईंहरू, नआउनुहोस् पनि ! हामी सात सातजना कोरामा छौं । कुनै काम रोकिन्नन् ।' नभन्दै उनीहरू बहिस्कारको वचनबध्दतामा हिँडे । पछि उनीहरू आए/नआएको जान्न परम्परागत रोगी मनले उसकै अनुकूल प्रश्नको झटारो हानी त हाल्यो । सबै युवायुवती, वृध्दवृध्दा, पुरुषनारी, धर्मीअधर्मी, जातजाति यही रुग्ण समाजले सीमा लगाएको तलदेखि माथि र माथिदेखि तलसम्म मेरो आँखाबाट होइन यही रोगी समाजले ठहराएको आँखाका आधारमा निमन्त्रित थिए । त्यस दिन सबभन्दा पहिलो लहरमा समय अगावै लहरबध्द हुने सबभन्दा ठूलो सङ्ख्या तिनै त्रिपुण्डधारी वैष्णवहरूको देखेर हाँसी हाँसी स्वागत गरें, गऱ्यौं ।

फेरि उही छुकछुके पराश्रित/परम्परित मन'बहिष्कारको के अर्थ रह्यो त' भन्दै आशय बुझ्ने प्रश्नको झटारोसँगै सामु उभियो । मित्र दुश्मन मन ! यही हो अन्ध र चेतनबीचको भिन्नता, पराश्रित र आफैंमा आश्रित वा निर्भरबीचको भिन्नता, परम्परा र नूतनबीचको आकर्षक अलगपनको पार्थक्य । कसैप्रति विश्वस्त हुनु भनेको आफू आफैंमा नहुनु हो वा कायर हुनु हो । कसैलाई आडको मुखौटोमा उभ्याउनुको अर्थ नै आफू आफैंमा नउभिनु हो । परम्परा काँधमा बोक्नु, मनमा भिजाउनु भनेको नै आधुनिक आकर्षक चमकबाट ओझेल पर्नु हो । आफू भएर पनि आफैंसँग मर्नु हो । हो, दरो आधुनिक आत्मनिर्भरको वा निर्णयको आधार नबनेकाहरू किराफट्याङ्ग्रा झैं जीवन बाँचेर मर्नका लागि यी र यस्ता धारलाई मानुन् तर यो नै सत्य हो, यो नै जीवन हो भन्ने हठधर्मीका मनमा हठात आँच नपुऱ्याई सामु खडा भएको आधुनिकता जीवित रहन्छ । यसै दिन जिउँदो जाग्दो परम्परित आमाको मन बिस्तारै परिवर्तित होस् भनेर उनलाई सम्बोधन गर्दै साराका सामु भनें- 'आमा ! देखिहाल्नुभयो म घरबाटै विद्रोह अझ आफैंबाट विद्रोह गर्नुपर्छ भनेर मात्र यहाँ यसरी आएको हुँ, तपाईं मर्दा म किरिया गर्दिनँ ।' चुपचाप सबै, निस्तब्ध सन्नाटा । जीवन प्रयोगका पलहरू आफूसँग आफैं लड्दाका सम्भावित आनन्दको अतुलनीय मूल्य कसैले आँकलन गर्न सक्दैन आफूले बाहेक ।

केही जोर नचलेपछि मेरो दुष्ट मनले थकित र चकित पनि हुँदै अर्को

पक्षान्तरतिर प्रश्न फाल्यो । छाड् यी थाङ्ने कुरा, राजनीति र विराट् विश्वका पनि त सन्दर्भहरू छन् तिनका बारेमा ? सज्जन मन धीर हुँदै प्रशान्त झैं छचल्कियो । म भूइँ मान्छे । जमिनलाई सर्वस्व देख्ने गर्छु । देख्ने चेतना आर्जनका लागि त्यो घरको साँघुरो संसार अनुकूल थिएन होइन पूर्णतः प्रतिकूल नै थियो । मातृसंस्कार वाहक जेठो दाजु र आमा यो केटोले घाँसदाउरा गरोस्, गोबरभकारो सोह्रोस् भन्ने चाहन्थे । म सबैका आँख छलेर स्कुल गई चार कक्षामा भर्ना भएँ एकैचोटि । यस तहसम्मको अक्षरारम्भचाहिँ साहिंलो दाजु सुरेन्द्रप्रसाद दाहालको सल्लाहमा बाबु नन्दलाल दाहालले गराएका थिए । यसभन्दा अलि माथि गणितसम्मको आधारचेतनाचाहिँ छिमेकी काका गोपीकृष्ण सापकोटाले गराए । दिनभरि तोरी रुङ्न बारीमा उनीसँग लुकेर जान्थेँ । चरा धपाउन प्रयोग गरिने तोरीबारीको टीनलाई उल्टो पारेर त्यसमा टम्म धुलो ओच्छ्याई खरीको सहाराले अङ्क र पन्ध्रसम्मको दुनोट कण्ठ गराएका थिए काका गोपी सापकोटाले । यसले मलाई चार र पाँच कक्षामा प्रथम हुन प्रेरित गर्‍यो ।

दुई वर्षको कठोर तारेभीर गोठ बसाइपछि मैले निर्णय गरेँ- 'म अब यहाँ रहन्न । सोह्र वर्षको लक्का जवान म रातको बाह्र बजे माइली दिदीले लुकाएर झोलामा राखिदिएका दुई माना च्याँख्ला, एक हर्पे घिउ र पाँच मोहोर पैसा बोकेर अन्धकार रातमा दुईखुट्टे भूतहरू बसेको त्यस जन्मघरलाई छोडेर गाउँको पुछारमा रहेको नारदको घरमा पुगेँ । मिर्मिरे उज्यालो हुँदा सिरान गाउँमा घर भएको पुरुषोत्तम आउने सल्लाह थियो अघिल्लो दिन । यी दुवै व्यक्ति दुई वर्ष अगाडि नै काठमाडौँसँग परिचित भइसकेका हुन् ।

दुष्ट मन चुपचाप सुनिरहेको छ सबै सज्जन मनका बेलीविस्तार । उज्यालो भएपछि भागेको कुरा अरूमा जानकारी भएका खण्डमा तिनै आमा र दाजुहरूले सिर्कनाका डामसहित फर्काउने थिए र नै उज्यालो हुनु अघि नै सुइँकुच्चा ठोक्यौं । सालु, दुई दिनको बाटोसम्ममा पनि पढाइको अत्युच्च दर्जा सर्वोत्कृष्ट श्रेणीभन्दा तल नझर्ने तर सांसारिक समस्यासँग चाहिँ सधैं काप्ने काठमाडौंमा रहेका दाजु ढुण्डीराज दाहाल र बिगुटार घरमा रहेका बीच भएको मिलेमतोमा फर्काउने हरतरहका प्रयास गरिए । म पटमूर्ख कतै चुकिनँ, लक्षित काठमाडौं छिरेँ । छ महिना बुध्दिनाथ, गिरिराज र गोपी सापकोटा रहेको डल्लु आश्रममा आश्रय लिएँ । अर्थाभावको कारण सानेपा खिलानाथ अधिकारीका घरमा एक उतैतिरकी जोगिनी बस्थिन् तिनको आश्रयमा सम्पूर्ण साधुसन्त भनिनेका कृत्रिम ढर्राहरूका दुःखद् ज्ञानार्जन राम्रै भए ।

रानीपोखरी भानु माध्यमिक संस्कृत विद्यालयको कक्षा छ जहाँ छयासी जना विद्यार्थीहरूको समूहगत ठूलो भीड थियो । सानेपादेखि खाँडीको दौरा, गोप्याङ्ग मात्र छोप्ने खाँडीकै ठुटे लगाएर म खाली खुट्टा कक्षा छिर्थें र पछिल्लो

बेञ्चमा लुकेर गुरुहरूले पढाएको सुन्थेँ । परीक्षामा विद्यालयभरिकै सर्वोत्कृष्टाङ्क ल्याउँदा सबै चकित, म हर्षले गद्गद् ।

ओमबहालमा दुईजना व्यक्तिको म भान्से नोकर बन्न पुगेँ । कट्टर काङ्ग्रेस । महासामन्त । नुन कम पिटाइ, नुन बढी पिटाइ । नसा छाम्ने काफी मौका काङ्ग्रेस राजनैतिक अन्तर चरित्रको प्राप्त भएको अनुभव गरेँ मैले । दुवै पढेलेखेका बुर्जुवा संस्कारका डिग्री उत्तीर्णवाला । दाङ निवासी यिनका सङ्गतबाट मैले बुझेको अनि ग्रहण गरेको काङ्ग्रेस र व्यवहारको काङ्ग्रेसमा आसमान भिन्नता । यी दुवै अहिले पनि महत्त्वपूर्ण राज्यव्यवस्थाका अङ्गमा जीवितै रहेकाले नामचाहिँ लिई जहालौँ ।

चर्काचर्की भई यस ठाउँबाट आफैँ विस्थापित भएपछि म बागबजार आएँ एउटा खिचडीशालामा । मेचीदेखि महाकालीसम्मका क्षेत्रीबाहुन मात्रको थियो यो शाला । काङ्ग्रेसकम्युनिष्ट हुँदै निर्विकल्पवादी घोडे संस्कारसम्मका निरङ्कुशतन्त्री जमातको बासस्थल थियो यो । यस ठाउँमा पाँच दिनसम्म अन्नको आहार नभएर नुनपानी उमाल्दै पिउँदै गर्नुपर्थ्यो उनीहरूका घरबाट पैसा आउन ढिलाइ हुने हुँदा । रमाइलोचाहिँ यस्तो पानी पिउँदा मजाले तिर्खा लाग्ने र पानी पिउन मन लागिरहने भएकाले भोकको अनुभव पनि नहुँदो रहेनछ । पैसा आएका दिन विनाहिसाब जम्मै भान्सेलाई जिम्मा लगाउने । जति नाफा खाए पनि हरहिसाब थिएन । म खान्नथेँ अलग कुरा हो । तरिकाचाहिँ मजाले नै बुझेँ, सिकेँ यस ठाउँबाट । रोगी थिए टि बी, क्यान्सरका । औषधोपचार निरन्तर । कविसाहित्यकार पनि थिए । अहिले पनि हुनुपर्छ एकजना तोया भट्टराई जसले केही वर्ष अगाडि कवितासङ्ग्रह मलाई दिएका थिए । रोगकै कारण एकजनाको उपल्लो पदको समय सकिएपछि झैँ लाग्छ नारायण भट्टराई, सायद उनको निधन भयो । हुँदा उन्मादित नहुने, अभावमा विचलित नहुने, परे घुस पनि खाने र भ्रष्टाचार पनि गर्नेजस्ता सम्पूर्ण पक्षका अन्तर अनुभूति मलाई यस पाठशालामा एकातिर मिल्यो भने अर्कातिर सर्वसन्तुलनको मर्मबोध पनि मैले यहाँ गरेँ । घुस खानेचाहिँ अरूले होइन म आफैँले नखाएर पनि अनुभव गरेँ । दुश्मन मन यतिले मात्र तेरो भान्से जीवन समाप्त नभएको होलातिर होमियो । कहाँ हुनु ? असल मन उत्तेजित हुँदै उत्तरमा अर्को भवसागरतिर हुन्हुनिनु परेको सङ्केतमा पौडिन लाग्यो, लाग्छु ।

क्षेत्रपाटीको एउटा सिङ्गो घर जहाँ पच्चीसजना एउटै जातका परिवारले भाडा लिएर बसेको ठाउँ । लगभग यस भूगोलका सबै सीमाका अनुहार त्यसमा पनि सोझा ठानिएका, सरल मानिएका सेर्पाजातिको जग । ओलाङ्चोक गोलादेखि ताप्लेजुङ् हुँदै सोलुसम्म, मनाङ्मुस्ताङ्देखि भैरहवा हुँदै महोत्तरीसम्म एकै अनुहार, एकै भाषाका व्यक्तिहरूको जमघट रह्यो यो । उस्तै रहनसहन ठ्याक्कै उस्तै संस्कार/संस्कृति अजीव संयोजनभित्रको भान्से बाहुन केटो म । त्यस बेलाका

त्रिचन्द्र, पद्मोदय र जुध्दोदय नामोच्चारणमै चकित हुने अब्बल शिक्षालय यी। नामुद् गुण्डागर्दीको अग्लो सान दरबार हाइस्कुल। यी सबैमा पढ्ने विद्यार्थीदेखि हिमाल आरोहीका भारवाहक भरियासम्मको समूह मेरो कार्य क्षेत्र। वैचारिक रूपमा चाहिँ बामकाङ्ग्रेसकै बाहुल्य थियो। म बुझ्थेँ- काङ्ग्रेस, खुला सामन्त, क्षमताअनुसार शक्ति प्रयोग गरी आयआर्जनको स्वतन्त्रतामा विश्वास गरेर पनि निमुखालाई हेप्ने होला। ठीक उल्टो दीनहीनको पक्षपाती, समभाव, समव्यवहार, समविचार, समसंस्कार ऋषि सभ्यताका साम्यवादी कम्युनिष्ठहरू। यो बुझेर पनि म बाम थिइनँ। न बास, न गास, न कपास, अर्काको आश्रयमा अर्काकै भाँडा माझेर बस्ने म बेवारिसे बिचरोचाहिँ काङ्ग्रेस ? सुटबुट टाई पहिरनमा सामान्यले आँक्न पनि नसक्ने विद्यालयकलेज पढ्नेहरू चाहिँ बाम, मनमनै हाँस्थेँ म बेजोड हाँसो। अहिलेसम्म पनि बाम मित्रबाट यसको सटिक उत्तर पाउन सकेको छैन मैले।

मलाई नलागेको मात्र होइन मैले सोच्नसम्म पनि सकेको थिइन बाम विचारको सौम्य सिरक ओढेका व्यक्तिभित्र यति नीचताका बगर पनि हुन्छन् भन्ने कुरा। त्रिचन्द्र कलेजको स्नातक तहमा अध्ययनरत अग्लो, गोरो, खाइलाग्दो अनुहार नाम नखोलौँ अहिले पनि भेट हुन्छ व्यक्ति भान्सामा छिरे। ओलाङ्चुङ् गोलाको चिसो वातावरणका उनी नित्यजस्तै तरकारी चाख्थे। त्यस दिन अलि नुन कम भएछ। मोटो पाखुरो घुमाएर यसरी बजारे म आक्रोशले चिच्याउँदै कठोर रुवाइमा भूइँमा लडेँ। आवाजले अर्को अर्को सबै कोठा चुमेकाले रीसको झोकमा राता आँखा बनाएर अर्को एकजना भान्सामा छिरे। उनी सोलुका सेर्पा हुन् तर काङ्ग्रेस। हात घुमाएर यसरी बजारे तिनलाई त्यस आवाजमा मेरो दर्द अनायास विलाएर गयो। उनी मेरा आँखाका आँसु मुसार्दै माफी माग्न लागे। रीसकै झोकमा- 'के साम्यवादी भनेका यस्तै चण्डाल हुन्छन् ? मैले त बुझेको थिएँ समता, धीरता, समानता साम्यवाद हो। भान्से मेसिन हो र सधैँ एकनासले उति नै मात्रामा खटाएर चिज झार्ने ? थुइक्क साम्यवाद शब्दका कलङ्की चण्डाल।' पछि के भयो कुन्नि सायद उनलाई चड्काउनेले सम्झाए होलान् उनी पनि माफी माग्न लागे। म माफ दिने ईश्वर होइन र तपाईंजस्तो चण्डाल साम्यवादी पनि होइन- मैले भनेँ। यस दिनदेखि मलाई कुनै मान्छे ठूला हुन् जस्तो लाग्दैन र मेरो शिर कसैसँग पनि श्रद्धा र भयले झुक्दैन पनि।

टक्करावका पहाडहरू शिरमा बज्रेर शून्यमा पुग्दा पनि एकबाट सयका यात्रामा जीवन संसारको गति चल्दो रहेछ। पुराण पण्डित बाबुलाई अक्षर नचिन्दै पञ्चनेतालाई चुनावमा मत खसाल्नु पर्छको आदेश दिँदा भनेको थिएँ - बाउ यसो गर्नुहुन्छ भने म तपाईंका गरुड, पुराण, रुद्री, चण्डी, सराद्धे सबका सब ग्रन्थ निकालेर आँगनमा चिता बनाउँछु, तपाईं जनै खोलेर त्यसमाथि राख्नोस्, म

आगो लगाइदिन्छु अनि जानोस् पञ्चलाई मत खसाल्न । यस भनाइले बाबु तीन महिनासम्म बोलेनन् मसँग । दुष्ट मन ! यसरी खारिदै, सिँढी चढ्दै छुट्टै निर्णयको आसन उक्लेको मान्छेलाई तेरा कुनै पनि प्रश्नका छेस्काले घोच्न त के छुनसम्म पनि भ्याउन्नन् ।

हरेक मान्छे जन्मसँगै खराबीका वृन्दाचल पर्वत आफैँमा लिएर जन्मेको हुन्छ । अन्ध परम्पराको भारी देश नाम गरेको साँघुरो सीमाले बोकाइदिन्छ । समाज नामको अर्को जङ्गली जनावर नियम कानुन, विधि निषेधका अथाह झञ्झटका चाङ् तेर्साएर हामीलाई आफू हुनबाट हरतरहले रोक्ने दुस्साहस गर्दछ । बन्धनभित्रको म अर्का अर्का अर्काबाट नै प्रतिबन्धित भइसकेको हुन्छु र जे गर्छु तिनै पुराना, थोत्रा गन्धहरू मबाट निस्कने हुन् । यी सबैको सफाया नगरी म हिँडे भने मेरा पदचापमा 'म' हुन्न । बोलेँ भने मेरा बोलीको आवाजमा 'म' हुन्न । लेखेँ भने मेरा लेखनका अक्षरमा मेरा 'म'को छाप कतै रहन्न । कुनै काम गरेँ भने कामको परिणतिभित्र 'म'को पहिचान रहन्न ।

जन्मजात हामीभित्रको 'म'मा असलको आकाश पनि उघ्रेको हुन्छ, नयाँको अङ्कुरण बीज पनि मुस्कुराएको हुन्छ । असलको अंश पनि वंश बन्ने गतिमा उदाएको हुन्छ । यसको विकास वा त्यसको ? यसको गति वा त्यसको गति विस्तार ? यसै द्वन्द्वभित्रको चक्करमा कताबाट अघि बढ्छ ? अनुहार त्यही देखिने हो । यसमा अर्को कोही दोषी देखिन्न । आफैं हो । आफ्नो निर्णय ईश्वरमा चढायो- मूर्तिपूजक बन्छ । घरपरिवारमा चढायो - भ्रष्ट कर्मचारी बन्छ । बाबुआमामा चढायो-अन्ध परम्पराको पटेर पहाड बन्छ । बाबुआमा देवदेवी बन्छन् अनि पूजापाठ, सराध्दे, किरिया उसका नित्य कर्म बन्छन् अनि लेखन त्यही साँघुरो देशको भक्ति बन्छ । देश देश देश यस शब्दभित्रै उसको सारा स्वरूप भेष सकिन्छ । भ्रष्टता यसै दुर्गुण परम्पराको बलियो गुण बनेर मौलाएको छ । टाइमा भाइमाराको घृणित साहस भर्छ ऊ । दासताको पराकाष्टा प्रत्येक कर्मचारीका अनुहार नै ऐना बनेर खडा छन् सामु । यसैले मैले एस.एल.सी पास गरेको दिन-जीवनभर पियनको जागीर खाएर भए पनि गाउँलेकै अनुहारमा शहर-काठमाडौँ बस्छु भनेँथेँ । नभन्दै मेरो भान्सामा नित्य ढिँडो पाक्छ कोदोको । एम.ए पास भएको दिन मैले दुईवटा- लोकसेवाको 'ल' चोब्दिन, सेवा आयोगको 'स' चोब्दिन प्रतिज्ञा गरेँ, रहेँ पनि त्यस्तै । अन्धविश्वासको आँखो कार्यरूपमा नै फोर्न आर्यघाटमै आमाको किरियाकाज नगर्ने प्रतिज्ञामा उत्रेको समय समूहले आक्रमण गर्दा गौशाला ठानामा भुपू इन्स्पेक्टरको साथ लिएर केही समय आक्रोश मत्थर गर्न बिताई फेरि घाट पुगेँ तर गरिनँ ।

प्राकृतिक विधिका शाश्वत आगमनबाहेक विकृत परम्पराको अन्त्य नै अलग, छुट्टो अस्तित्वकववाहक 'म'को उदय हो । ईश्वर र भोलि दिलको सिरानमा

राखेर कहिल्यै कुनै पनि मान्छे अस्मिताको 'म'सँग लुकामारी खेल्न सक्दैन । प्रथम विश्वयुध्ददेखि अहिलेसम्म पनि विश्व सल्किरहनुको एक मात्र कारण यही गन्धे परम्परा अवलम्बित हुनु हो । चाहे सत्ताका भोकले होस् चाहे धर्मका भोकले । चाहे भौतिक भूतसवारका भोकले होस् चाहे ठूलो बन्ने नामका भोकले । हिन्दूमुस्लिमको, सियाशून्यको, बाम इतरबामको सबै खाले भोककै उदाहरण देख्छु म । हमास, हिज्बुल्ला, हुटी, इजरायल, इरान, सिरिया, यमन, रुस, युक्रेन, अमेरिका, लेबनान जम्मै जम्मै उन्मादका उपजहरू यिनै भोकमा समाहित भएर ताण्डव मानव लीला संसारभर मच्चाइरहेछन् तेस्रो विश्वको अभ्यास शृङ्खलाका रूपमा ।

यसैले म एउटा निचोडमा निस्केको छु दुष्ट मन- ठूलो मान्छे असल हुँदैन, असल मान्छे कहिल्यै ठूलो हुँदैन । व्यापारी असल हुँदैन, असल मान्छे कहिल्यै व्यापारी हुँदैन । कुर्सी चाहको मान्छे कहिल्यै असल हुँदैन, असल मान्छेले कहिल्यै कुर्सीको चाहना राख्दैन । चलनचल्तीको कुनै पनि धार्मिक मान्छे असल हुँदैन, असल मान्छे कोही कतै कसै गरी कहिल्यै पनि धार्मिक बन्दैन । सारमा अस्तित्वको अग्लो एउटै चुचुरो हो- असल मानवतावादक मान्छे जहाँ न कहिल्यै युध्दको उन्माद जन्मन्छ, न कोही उसबाट अनाहक मृत्यु वरण गर्न पुग्छ । न कुनै वस्त्रले धर्मको धारण गर्छ, न कुनै धर्मका नाममा अधर्मको आक्रोश उभिन्छ । भेदले न अभेद ल्याउने हो । भेद नै समाप्त गरेपछि विभेद कहाँबाट ? विराट् विश्व एक र मानव मात्र अझ जीवसम्म थपे हुन्छ हुने स्थल हो- मानवतावादको सर्वासन ।

-_-

**शब्दार्थ प्रकाशनको वेबसाइटमा वैजयन्तीका सबै अङ्क, हाम्रा सबै गतिविधि, शब्दकोशहरूको सफ्टवेयर र कार्यक्रमका तस्वीर, फिलिम तपाईंका लागि उपलब्धिपूर्ण हुन सक्छन् है !**

mail : shabdarthaprakashan@gmail.com
web : www.shabdarthaprakashan.com/
www.nepalipublisher.com

**के तपाईंले शब्दार्थका कथा, कविता र निबन्धका पुस्तकहरू पढ्नुभएको छ ?**

# आफैसँग तीन प्रश्न



डा. घनश्याम न्यौपाने 'परिश्रमी'

जीवन प्रश्नैप्रश्नको सँगालो हो जस्तो लाग्छ मलाई । बालचेतनाको आरम्भसँगै मेरा मनमा उब्जेका अनेकौं प्रश्नहरूमध्ये धेरै प्रश्नहरू अनुत्तरित छन् । त्यसो त मैले अद्यपर्यन्त पत्रपत्रिकाहरूमा, रेडियो र टेलिभिजनहरूमा लिखित र मौखिक रूपमा दर्जनौं अन्तर्वार्ताहरू दिएको छु । यसरी दिइएका अन्तर्वार्ताहरू मेरा मनभित्रका प्रश्नभन्दा इतर हुनु स्वाभाविकै हो किनभने प्राश्निकले प्रायः आफ्ना धारणा, आवश्यकता र चाहना अनुकूलित प्रश्नहरू सोधेका हुन्छन् । आज मभित्रको मले मसँग संवाद गर्न चाहेको छ र केही प्रश्न गर्ने योजना बनाएको छ । म पनि तयारीका साथ उपस्थित भएको छु उत्तर दिनका लागि । यस्तो अन्तर्वार्ताको अवसर नेपाली भाषाको एक मात्र विधापरक साहित्यिक पत्रिका वैजयन्ती द्वैमासिक पत्रिकाका लागि प्राप्त भएको हो । मित्र विनयकुमार नेपालद्वारा मैले झन्डै एकवर्षअगाडि नै यसबारे जानकारी पाएको थिएँ तापनि काममा भने अपेक्षा गरेभन्दा बढी विलम्ब भएको छ ।

कहिलेकाहीँ आफूभित्र साहित्यिक सिर्जनाबारे केही जिज्ञासा उत्पन्न हुन्छन् र आफैसँग सोध्छु, साहित्यिक सिर्जना भनेको के हो ? यो कस्तो हुनुपर्छ ?

अनि उत्तर यसरी दिन्छु- अति सङ्क्षेपमा भन्नुपर्दा सिर्जना भनेको मूलतः साहित्य हो, कला हो । त्यसैले यसलाई कलात्मक र भावसम्पृक्त भाषिक अभिव्यक्तिका रूपमा चिनिन्छ । यसलाई समाजको ऐना पनि भनिन्छ । अझ समाजलाई अन्धकारमा मार्गप्रशस्त गर्ने दीपकका रूपमा पनि लिइन्छ । सिर्जना अन्तर्गत खासमा समाजको चित्रण त हुन्छ नै तर यत्तिले पुग्दैन । यसमा समाजको रूपान्तरण गर्ने शक्ति र सामर्थ्य पनि हुनुपर्छ यसर्थ सिर्जना समाज सुधार तथा रूपान्तरणको साधन पनि हो र हुनुपर्दछ । सिर्जना गर्दा पाठकवर्गको मन छुने विषय, कालचिन्तन तथा नवीन शैली र शिल्पको खोजी एवम् तिनको सफल प्रयोग गर्नुपर्दछ । यो सबैभन्दा कठिन कार्य हो जस्तो लाग्छ मलाई । गुणात्मक लेखनका लागि मूलतः धेरै अध्ययन गर्नु आवश्यक हुन्छ । अर्काले लेखिसकेका कुरा लेखेर हुँदैन । अर्काकै शैली र शिल्पको प्रयोगको अर्थ रहँदैन । नयाँनयाँ

विषयको खोज र नवीन शिल्प-शैलीको प्रयोग गर्न सके मात्र सिर्जनाको साहित्यिक मूल्य र मौलिक महत्त्व रहन्छ तर नवीन शिल्प-शैलीको प्रयोग गर्ने सन्दर्भमा सिद्धान्तलाई पूर्णतः उपेक्षा गर्न भने मिल्दैन । मैले आफूलाई यी कुरामा कतिसम्म लागु गर्न सकेको छु त ? वास्तवमा म स्वयम् मेरा सिर्जनाबाट सन्तुष्ट हुन सकिरहेको छैन जस्तै लाग्छ ।

एकदिन एकाएक मलाई मभित्रको मले यस्तो प्रश्न गऱ्यो- ए घनश्याम ! तँ वामपन्थी किन भएको होस् ? केही रहस्य वा कारण छन् कि ?

यस महत्त्वपूर्ण प्रश्नले मलाई अतीतको गहिराइमा पुऱ्यायो । त्यसो त म पण्डित पुरोहित ब्राह्मण परिवारमा जन्मेर हुर्किंदै थिएँ । घरमै आवासीय गुरुकुल थियो । छिमेकी मात्रै होइन, दुईचार गाउँ वरपरबाट संस्कृत पढ्न आउनेहरूको सङ्ख्या प्रशस्त हुन्थ्यो । दुर्गा सप्तशती, वेद, सारस्वत, भागवत, ज्योतिषलगायतका कर्मकाण्डसम्बन्धी शिक्षा निःशुल्क दिइन्थ्यो । ब्राह्मणेतर जाति, जनजातिहरूलाई पनि नेपालीमा जीवनोपयोगी शिक्षा दिइन्थ्यो । हिसाब गर्न तथा तमसुक, राजीनामा, दृष्टिबन्धकनामा लेख्न सिकाइन्थ्यो । यहाँसम्म कि दलितहरूलाई पनि आँगनमा बसेर पढ्ने, सिक्ने सुविधा दिइन्थ्यो । रमाइलो लाग्छ ती दिन सम्झिँदा । त्यही रमाइलो वातावरणमा मैले पाँच वर्षकै उमेरमा अक्षर र अङ्क सिकिसकेको थिएँ । पिताजीले चिना हेर्दा प्रयोग गर्ने काठको लामो धुलौटे पाटीमा मैले लेख्न सिकेका पलहरू स्मृतिमा ताजै छन् । त्यो समय त्यस्तै थियो, छुवाछुत प्रथा सबल थियो । दमाई, कामी, सार्की आदिसँग छोइएपछि छिटो हाल्नै पर्ने बाध्यता हुन्थ्यो । घरमा सिलाउन आउने दमाई दाइ (हामी सुजी भन्थ्यौं), जोत्न आउने सार्की दाइ र आरनमा हँसिया, कोदाला र बन्चराहरू अर्जाप्ने कामी दाइहरूप्रति मेरो जान्ने भएदेखि नै श्रद्धाभाव थियो । उहाँहरूप्रति गरिने अछुत व्यवहार/अपमान मलाई पटक्कै मन पर्दैनथ्यो । दाँत फुक्लेपछि उहाँहरूसँग छोइँदा छिटो हाल्नुपर्ने कडा नियम थियो । मैले सानैदेखि यस्तो प्रथाको विरोध गर्न थालेँ । सुरुसुरुमा कहिलेकाहीँ देखिहालेको अवस्थामा आमाले जबर्जस्ती छिटो हलिदिनुहुन्थ्यो । वास्तवमा त्यो बेला मेरो बालमस्तिष्कको विवेकमा अध्ययनको ज्ञान वा अनुभवले चेतना भरिएको त थिएन तापनि म विद्रोही जस्तै बनेर निस्केको थिएँ । अलि बढी बुझ्ने भएपछि भने समाजसँग डराउँथें तर मनले दृढ थिएँ । पाँच छ वर्षकै उमेरमा जातका नाममा गरिने विभेदप्रति ममा विद्वेषको भाव जन्मेर हुर्किसकेको थियो । ईश्वरप्रति पनि मेरो आस्था सानैदेखि थिएन । पाप, धर्मका कुरा मन पर्दैनथ्यो । पण्डित पुरोहितको छोरो भएका नाताले जबर्जस्ती मानेजस्तो गर्नुपर्थ्यो तर पनि घरमा अटेर नै गर्थें, बाहिर समाजमा खुलेर देखिन भने अप्ठ्यारो थियो । एउटा मात्र छोरो नास्तिक हुने भयो भनेर मेरा मातापिता मेरो स्वभावबाट चिन्तित हुनुहुन्थ्यो । पछि भने मैले उहाँहरू दुवैलाई जातीय विभेद र छुवाछुतको साँगुरो सोचबाट मुक्त गराउन सफल भएँ । पिताजी त नर्मल तालिममा अध्ययन गर्दा सहाना प्रधानमार्फत २०२३

सालतिर नै कम्युनिस्ट पार्टीमा आबद्ध भइसक्नुभएको रहेछ । यो कुरा धेरैपछि मलाई थाहा भयो किनभने त्यतिबेला त म सात, आठ वर्षको मात्रै हुँदो हुँ । बाल्यकालदेखिकै अन्धविश्वास, विभेद र शोषणप्रतिको मेरो विद्रोही स्वभावले नजानी नजानी मलाई कम्युनिस्ट बनाएको रहेछ तर खास कम्युनिस्ट हुनाको एउटा रोचक प्रसङ्ग छ जुन यहाँ प्रस्तुत गर्नू उपयुक्त हुनेछ ।

सम्भवतः २०२८ सालतिरको कुरा हो (मैले अम्बिका थैवलाई सोधें, २०२८ साल पुस ५ गते रहेछ) । म स्थानीय शिवालय मिडिल स्कुलमा कक्षा ८ मा पढ्दै थिएँ । एकदिन बिहान स्कुल जाँदा बाटाभरि जतातते छरिएका पम्पलेट भेटिए । मैले आद्योपान्त पढें त्यो पम्पलेट । अरू साथीहरूले पनि पढे र फालिदिए तर मलाई निकै मन पऱ्यो र एक दुईवटा मेरो झोलाभित्र राखें । त्यसमा गाउँका शोषक, फटाहाहरूको नामै किटेर उनीहरूले गरेका कुकृत्यको भन्डाफोर गरिएको थियो । वास्तवमा मैले जीवनमा यस्ता कुरा छापिएको पम्पलेट पहिलो पटक पढेको थिएँ । एकजना साथीले त्यतिबेला भने- 'ए घनश्याम, यो झोलामा नराख, तँलाई पुलिसले समातेर थुन्ला नि ।' मैले उनलाई जवाफ दिँदै भनें- किन समात्छ पुलिसले ? यसमा त सही कुरा लेखेको छ त । 'थाहा पाउलास् पछि', उनले फेरि भने तर मैले पम्प्लेट झोलामै राखें, निकालेर फाल्न मन लागेन । स्कुलबाट फर्केर आउँदा जैपते भन्ने ठाउँमा अम्बिका थैब, धनबहादुर वि.क., मीनबहादुर नेपाली, दिलबहादुर थापा/सुब्बा लगायतका नेल र हत्कडी लगाइएका युवाहरूलाई पीपलको रूखमुनि राखिएको देखें । म एकछिन ठिङ्ग त्यहीं उभिएर हेरिरहें । उनीहरूका गाला र निधार रगताम्मे थिए भने हातखुट्टामा पनि निकै चोट लागेको देखिन्थ्यो । त्यहीं वरिपरि गाउँका शोषक फटाहाहरू र पुलिसहरू पनि थिए । जीवनमा पहिलोचोटि यस्तो देखेको थिएँ मैले । मेरो आङ जिरिङ्ग भएको थियो त्यतिखेर । मलाई ती युवाहरूउपर दया मात्रै होइन, माया पनि लाग्यो ।

किन यिनीहरूलाई यस्तो गरेको ? अचानक अवचेतन मनको मेरो मुखबाट यस्तो प्रश्न फुस्कियो ।

यिनीहरू कम्नेस्ट हुन्, धर्म मान्दैनन् । यिनीहरूले नै छरेका हुन् बिहानका पर्चा बाटाभरि । यिनीहरू पञ्चायत व्यवस्थाका विरोधी हुन्, राजाका पनि विरोधी हुन् । यस्ता बदमासलाई यस्तै गर्नुपर्छ । कुनै एकजना पञ्चले मेरो प्रश्नको उत्तर यसरी दिएका थिए । मैले कम्नेस्ट शब्द पनि त्यतिखेर नै पहिलोचोटि सुनेको हुँ । मेरो मन एकाएक गह्रौं भयो । थामिन सकिनँ र त्यहाँबाट फुत्त निस्कें । आँखा वरिपरि उनीहरूकै घाइते चेहरा घुम्न थाले । म ओरालो बाटो थाहै नपाई घर पुगेछु । कम्युनिष्टहरू वास्तवमा बदमास होइन रहेछन्, यी त भ्रष्टाचारीहरूका विरोधी पो रहेछन् भन्ने मलाई लाग्यो । आमालाई सबै कुरा सुनाएँ । असल मान्छेलाई यस्तो गर्दा रहेछन् नि ! आमा भनें । उहाँले- 'नबोल बाबु, कसैसँग यसबारे केही नभन' भनेर सम्झाउनुभयो । राति त्यस्तै आठ बजेको हुँदो हो, माहिला काका

(टीकाराम न्यौपाने) घरमा आउनुभयो । उहाँको अनुहार अलि हतासिएको जस्तो देखिन्थ्यो । आमाले- 'के भयो बाबु ?' भनेर सोध्नुभयो । उहाँले भन्नुभयो- 'घनश्यामलाई तुरुन्तै लिएर जानुपर्ने भयो, भोलि स्याङजा पुग्नै पर्छ नत्र जे पनि हुन सक्छ ।'

पिताजी त्यो बेला स्याङ्जा सदरमुकाममा भरखरै नयाँ खुलेको काजीमान हरिटीका प्राइमरी स्कुलमा हेडमास्टर हुनुहुन्थ्यो । आमाले खास कुरा बुझ्न खोज्दा माहिला काकाले स्पष्ट रूपमा भन्नुभयो- घनश्यामलाई पनि कम्नेस्ट भनेका रहेछन्, पुलिसले समात्न सक्छ ।

म त्यतिखेर १३ वर्षको मात्र थिएँ । मलाई कम्नेस्ट भनेका छन् भन्ने जानकारी पाएपछि सुरुमा त थुर्र काँपें । दिउँसो देखेका ती प्रताडित युवा अनुहारहरू आँखा वरिपरि घुम्न थाले । अब मलाई पनि त्यस्तै यातना दिनेछन् फटाहाहरूले भन्ने लाग्यो । हतारहतारमा केही खायौं र रातको बेला काकाले मलाई कता कताको चोर बाटो हिँडाएर गल्याङ बजार पुऱ्याउनुभयो । त्यो बेला, न अहिले जस्तो मोबाइल थियो, न त टेलिफोन सुविधा नै थियो । भोलिपल्ट बिहानै एउटा ट्रकको पछाडि चढेर हामी काका भतिजा भोकभोकै स्याङजा पुग्यौं । त्यहाँ पिताजीलाई भेटेर सारा कुरा सुनाउनुभयो काकाले । पिताजी सिधै मन्त्री खड्गबहादुर गुरुङका माध्यमबाट सिडिओ कार्यालय र प्रहरी कार्यालयमा पुग्नुभएछ । बुझ्दा त मेरो नाममा वारन्ट जारी गरिएको रहेछ । भोलिपल्ट पिताजीले मलाई सिडिओ कार्यालयमा पुऱ्याउनुभयो । सिडिओले अलिअलि गाली पनि गरे । राजा र व्यवस्था विरोधी गतिविधिमा कहिल्यै नलाग्न सुझाव पनि दिए । यदि मेरा पिताजी त्यो बेला स्याङजा सदरमुकाममा नहुनु हुँदो हो त मेरो हालत अम्बिकाजीहरूको जस्तै हुने थियो । कम्युनिष्टको क नजानेको त्यस बेलाको म बबुरोलाई गाउँका शोषक फटाहहरूले नै कम्युनिस्ट घोषित गरिदिएपछि मेरो झुकाव साँच्चीकै वामपन्थी राजनीतितिर आकर्षित भयो । यसपछि म वामपन्थी साथीहरूसँग नजिकिन थालें । भारतमा अध्ययन गर्दा पनि वामपन्थी साथीहरूसँग निकट रहें । ईश्वरचन्द्र ज्ञवाली मेरा त्यस बेलाका एकजना साथी हुनुहुन्छ । इतिहास लामो छ । मैले २०३६ सालमा औपचारिक रूपमा तत्कालीन पुष्पलाल समूहका रूपमा चिनिएको नेपाल कम्युनिस्ट पार्टीको सदस्यता लिएर वामपन्थी राजनीतिमा छिरेको हुँ । यसपछि भने प्रगतिशील चिन्तनसहित विभिन्न वामपन्थी दलहरूमा जोडिएको मेरो इतिहास छ । म आजसम्म अविचलित रूपमा मार्क्सवादी चिन्तनमा प्रतिबद्ध छु । पदीय लोभ देखाउँदै मलाई पटक पटक वामपन्थी राजनीतिक धारबाट बाहिर निस्किन सुझावहरू नआएका होइनन् तर मेरो विवेकले स्वीकार गर्न सकेको छैन । एउटा कुरा के हो भने म लोभलालचमा परेर कहिल्यै देखावटी रूपमा नेताका झोला बोकेर पछाडि लागेको छैनँ र जीवनभर लाग्ने पनि छैनँ भन्ने प्रतिज्ञा त गरेको छु तर भोलि के हुन्छ ? भन्न सकिँदैन । डा.बाबुराम भट्टराई

जस्ता व्यक्तिमा त विचलन हुँदो रहेछ ।

मलाई मभित्रको मले पटक पटक सोध्ने गर्छ, तैंले जीवनमा के कति सम्पति कमाइस् ? वास्तवमा यही प्रश्नसँग मिल्दाजुल्दा जिज्ञासाहरू केही मित्रहरूले र आफन्तजनहरूले पनि यदाकदा राख्ने गरेका प्रसङ्गहरू समेत यहाँ जोड्न सकिन्छ । यस प्रश्नले यदाकदा हीनताबोधको स्थितिमा पनि पुऱ्याउने गरेको अनुभूति पनि हुन्छ तर तुरुन्तै सँभाल्ने कोसिस गर्छु आफूलाई र सम्हालिन्छु पनि । काठमाडौंमा तपाईंले घर कहाँ बनाउनुभएको छ भनेर कसै कसैले अहिले पनि सोध्ने गर्छन् मलाई । यसको सापेक्ष उत्तर मसँग हुँदैन । मैले इमानदारीपूर्वक भन्नै पर्छ कि मेरो काठमाडौंमा घर छैन किनभने त्यहाँ घर बनाउने हैसियत मसँग छैन । एकजनाले यस्तै प्रसङ्गमा भनेका थिए- किन नहुनु तिम्रो हैसियत !' उनले केही मेरा सहकर्मी मित्रहरूका घर बनेका उदाहरण दिँदै यस्तो भनेका थिए । उनको भनाइले मभित्रको मलाई चसक्क घोच्यो । हो त, मेरा धेरै मित्र एवम् सहकर्मी साथीहरूका घर छन् काठमाडौं महानगरभित्र वा त्यसका सेरोफेरोका शहरहरूमा । उनीहरूका घर मात्र होइन, घडेरीहरू पनि छन् तर मैले घर बनाउने कुरा त परै जाओस्, कहीँ कतै एक दुईवटा घडेरी पनि जोड्न नसकेको पीडा भनूँ कि खुसी मभित्र सुरक्षित छ ।

महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाममा प्राध्यापन सेवामा रहँदा २०५०/५१ सालतिर त्यहाँ केही साथीहरूले जग्गा खरिद गरेर घडेरी विक्रीवितरणको योजना गर्नुभएको थियो । मलाई पनि किस्तामा रकम भुक्तानी गर्ने गरी एउटा घडेरी लिन अनुरोध गरिएको थियो तर मैले लिइनँ/लिन सकिनँ । सरुवा भई ठाकुरराम बहुमुखी क्याम्पस वीरगञ्जमा आएपछि त्यहाँ पनि यस्ता अवसर आएका थिए । कतिपय साथीहरूले त्यहीँ घर बनाउनुभयो पनि तर नौ वर्षसम्म वीरगञ्जमा रहँदा मैले त्यहाँ घर बनाउने त कुरै छाडौं, एउटा घडेरी लिने हिम्मत पनि गर्न सकिनँ । त्रिभुवन विश्वविद्यालयमा सेवाकै प्रक्रममा भैरहवा बहुमुखी क्याम्पसमा सरुवा भएँ । त्यहाँ मलाई कपिलदेव लामिछाने सर र लक्ष्मी शर्माले घडेरी लिएर राख्न धेरैपटक सुझाव दिनुभयो । प्रायः त्यहाँ सेवामा रहेका प्राध्यापक तथा कर्मचारीहरूले घडेरी मात्र लिनु भएन, धेरैले घर पनि बनाउनुभयो । झन्डै १४ वर्ष भैरहवा बहुमुखी क्याम्पसमा सेवामा रहँदा म क्याम्पस प्रमुख पनि भएँ तर त्यहाँ घडेरीका नाममा एक धुर जमिन लिन सक्ने मेरो हैसियत भएन । पछि विश्वभाषा क्याम्पस, काठमाडौंमा सरुवा भएँ । काठमाडौं सरुवा हुनुको उद्देश्य त्यतै घर बनाएर वा लिएर बस्ने भन्ने थियो । मसँग त्यहाँ घडेरी किन्ने आर्थिक अवस्था थिएन । मेरा सहकर्मी साथीहरूले कता कता प्रशस्त नाफा हुने ठाउँमा सेयर पनि हाल्नुहुँदो रहेछ । कतिपय मित्रहरूले प्राइभेट स्कुल र क्याम्पस/कलेजहरूमा पनि सेयर हालेर ती संस्थामा पढाउनुका साथै त्यहाँबाट हुने मुनाफा पनि पाउनुहुँदो रहेछ । कमाइ हुने माध्यम अनेक रहेछन् । तलबभत्ताले मात्रै त

केही हुने रहेनछ । अझ म त सधैंभरि डेरा गरेर बस्नुपर्ने हुन्थ्यो । घरपायक जागिर कहिल्यै मिलेन । कहिलेकाहीँ त एउटा ससानो कुनै पसल खोलेर श्रीमतीलाई जिम्मा लगाइदिऊँ जस्तो पनि लाग्थ्यो तर न त्यस्तो परिवेश मिल्यो न त आँट नै आयो । धेरैजसो साथीहरूले आङ्गिक क्याम्पसमा भन्दा बढी समय पब्लिक क्याम्पस वा स्कुलहरूमा दिनुहुन्थ्यो । मलाई यस्तो गरेको पटक्कै राम्रो लाग्दैनथ्यो । बडो आदर्श र इमानदार बनेर पैसा कमाइँदो रहेनछ भन्ने कुरा बल्ल बुझ्दै छु । तर अगाडि चेतिएन, पछाडि चेतेर के काम ? मैले जीवनमा आजसम्म सुर्ती, चुरोट, खैनी केही सेवन गरेको छैनँ । जुवातास खेल्ने आदत छँदै छैन । जाँड-रक्सीको आदत कहिल्यै परेन । वास्तवमा अनावश्यक खर्च कहीँ कतै गरिएन । शुद्ध तलबले मात्र धनसम्पत्ति कमिँदो रहेनछ भन्ने शिक्षा मैले मबाटै पाएको छु । अब यता सोच्नु भनेको मृगमरिचिका जस्तै हो । विश्वविद्यालयबाट अवकाश पाएपछि छोराबुहारीहरूसँग उनीहरूकै घरमा रमाउँदै छौं हामी बूढाबूढी । औषधी खर्च र दालभात, रोटी तरकारीका लागि भने पेन्सनले पुगेकै छ । बाउले दिएन भनेर उनीहरूले पनि कुनै गुनासो गरेका छैनन् बरु आवश्यक परे माग्नुहोस् भन्छन् । वास्तवमा बुझेका छन् उनीहरूले हाम्रो बाउले कमाउन नजानेको हो भन्ने कुरा । माया गरेकै छन्, यसैमा खुसी छु म ।

मेरा पिताश्री प्रसिद्ध ज्योतिषी हुनुहुन्थ्यो । उहाँ भन्नुहुन्थ्यो- तिम्रो कुण्डलीमा पैसा कमाउने वा सम्पति जोड्ने योग छैन, साहित्यमा नाम भने कमाउने छौ । संयोग हो वा कुण्डलीको लेखा वा हातको भाग्यरेखाले हो, उहाँको भनाइ मेरो जीवनमा सार्थक ढङ्गले लागु भएको छ । यस कुराले मलाई कुनै पश्चात्ताप छैन । कुण्डलीको लेखा वा भाग्यमा यस्तै लेखेको रहेछ भन्ने कुरामा पनि मलाई विश्वास छैन । खासमा म विशुद्ध तलबको भरमा रमाएँ, कहीँ कतै पैसाले पैसा तान्ने काम गर्न जानिनँ वा सिकिनँ वा सकिनँ । यिनै कुराले मेरो आर्थिक समृद्धि नभएको संज्ञान अहिले आएर भएको छ तर पनि पश्चात्ताप अलिकति पनि छैन । हो, मैले प्रशस्त कमाएर छोराहरूलाई दिन सकिनँ । अहिले उनीहरूले आफ्नै मिहिनेतले कमाएका छन् । उनीहरूका कमाइमा म रमाउन पाएको छु । भाग्यले होइन, कर्मले र कतिपय अवस्थामा संयोगले चिट्ठा परेर कमाइ हुने हो भन्ने मलाई थाहा छ । खासमा भन्दा मेरो बाल्य र यौवन काल पिताको कमाइले निर्बाध चलेको थियो भने अबको बार्धक्य सन्तानका कमाइमा यसरी नै चल्नेछ भन्ने कुरामा म निःशङ्क छु ।

बर्दघाट-४, नवलपरासी ।

-_-

**के तपाईंले हाम्रा प्रकाशनका शब्दकोशहरू पढ्नुभएको छ ?**

# स्वअलाप



ज्योति अधिकारी

**प्रारम्भ**

बुवालाई किताबको अति सौख हुनाले कादम्बिनी, धर्मयुग, मधुपर्क, मर्यादा र प्रज्ञाबाट निस्कने किताबहरू घरमा आउँथ्यो। शिव सदन नामको घरैमा बुवाको निजी पुस्तकालय थियो । केही कुराको जानकारी चाहिएमा गुगलबाट झैं साहित्य शास्त्री बुवा खुरेन्द्रराज सत्यालबाट तुरुन्त प्राप्त हुन्थ्यो । गीतको सौखिन बुवासँग गजल र भजनका क्यासेटहरू पनि हुन्थ्यो । चित्रकारीमा पनि सौखिन बुवाले प्लेट, भास, क्यानभासमा चित्र बनाएको हेर्ने गर्थे। यी सबै कुराको शौख म र मभन्दा माथिको दिदीमा पनि थियो । आमा दिदीहरू सिनेमा हेर्न अत्यन्त रुचाउने हुनाले सानैदेखि खूब सिनेमा हेरियो । कलेजमा कक्षा खाली हुँदा पनि सिनेमा हेर्न गइन्थ्यो। फिल्मी पत्रिका स्टारडस्ट, फेमीना, फिल्मफेयर घरमा आउँथ्यो । पढ्न शौख हुनाले सानैदेखि वेदप्रकाश शर्मा र दीर्घबाहुको जासुसी उपन्यास, नेपालीका कथा उपन्यासदेखि लिएर कल्याण, गीता, रामायण, आदि पढें तर पनि गाउँने र लेख्ने विचार भने कहिले आएको थिएन । खाने पढ्ने मात्र काम हुँदा विवाह अघिको जीवन जिम्मेवारीविहीन भई बडो आनन्द र रमाइलोसित बित्यो।

**बाल्यकाल कसरी बित्यो ?**

आहा, त्यो अवसर फेरि कहिले आउनु ? घरैमा अक्षर चिनियो। विद्यालय जाँदाको मजा अर्कै थियो। वरिपरिका विभिन्न कक्षामा पढने ठूलासाना केटीहरू जम्मा भएर जादा एक हुल नै हुन्थ्यो। गैह्रीधारादेखि लेनचौरको कन्या माध्यमिक विद्यालयसम्मको दैनिकी भने निकै सकस हुन्थ्यो। शनिवार आउँदा उफ्रिइन्थ्यो। कमसेकम विदाको दिन त राजदरबार पछाडिको टुकुचाको बाटोको दायाँ बायाँ टोलेले बिहान मनाउने प्राकृतिक कर्मको अवशेष त देख्नु परेन नि ! बाटाभरि टेक्ने ठाँउ नहुने मलमूत्रको आहाल अहिले भने सभ्यतामा फर्केको छ । सडकमा, टुकुचामा नुहाउन आएका भैंसीका हूल हुन्थे। दायाँ बायाँका फोहर छिचोल्दा झाडीमा खसिएला भन्ने डर हुन्थ्यो भने बीचमा हिंड्दा भैंसीले हान्ला भन्ने। कहिले त भैंसीले लखटेर बेहाल हुन्थ्यो। गए त ती दिन।

**विद्यार्थी हुँदाको अनुभव केही छ कि ?**

विद्यालय जाँदा टुकुचामा राँगाको टाउको, क्षत विक्षत अवस्थामा राखिएको मासु पसल र मिठाइ पसल अनि फोहोर खूब व्यहोरियो । मिठाइ पसलका परिवार मोटाघाटा राम्रा थिए भने मासु पसलका भने क्षय रोग लागेका जस्ता । यो अनुभवले स्वास्थको लागि शाकाहारी भोजन असल हुँदो रहेछ भन्ने कुरो मैले बुझेँ । मेरो बाल मनले त्यो एरियामा शौचालय बनाइदिने र चिकित्सक बनेर सेवा गर्ने चाहना गरेको थियो । आफूले अध्ययन गरेको पद्मकन्या क्याम्पसको जोगी धोतीको विशेष याद आउँछ किनकि धोतीले नै कलेजलाई विशेष पहिचान दिलाएको थियो ।

**युवा हुँदै प्रौढ बन्दा के अनुभूति भयो त ?**

राती सुत्दा दिदीसित एकादेशका कथा सुनेर सुत्ने बानी थियो । तीनओटा सुँगुर दाजुभाइको कथा, सातओटा हाँसका बच्चाहरूका कथा, स्नो ह्वाइटको कथा आदिबाट परिवारमा प्रेम र सहयोगको भाव सिकियो । नराम्रो विचार र कर्मको फल आफैमा फर्केर आउने हुनाले अरूलाई मन, वचन र कर्मले कष्ट पुऱ्याउनु हुँदैन भन्ने कुरा कथाबाट नै सिकेकोले अहिलेसम्म फाइदा भएको छ । बिए पास गरेर पनि मैले जागीर खाने विचार बनाइनँ । साथीहरू समयका साथ निकै अगाडि बढ्दा पनि म घरमै रमाइरहें । समय नआई केही पनि नहुने । बिहेपछि श्रीमान्ले घरमा बस्नु हुन्न काम गर्नुपर्छ, सिर्जनशील हुनुपर्दछ भनेपछि चेत खुल्यो ।

**कसरी शिक्षक बन्न पुगियो ?**

घरमा त्यसै बसी शिक्षक बन्न नगएको भए त आज म कसरी केही जान्ने हुन्थे र ? शिक्षण त सबैभन्दा आदर्श पेशा रहेछ भन्ने मौकामा नबझे पनि अहिले राम्ररी बुझ्ने मौका पाइयो । वास्तवमा प्रेरणादायी शिक्षकको संसारमा नै कमी छ ।

**विद्यालयको वातावरण कस्तो लाग्यो ?**

ओहो, त्यो एउटा गुरूपूर्णिमाका घट्ना बिर्सन सक्दिनँ । गुरूपूर्णिमाको दिन विद्यार्थीहरूको लागि सबै दुःख पिटाइ भुलेर रमाउने दिन हुन्थ्यो । एक बर्षको गुरूपूर्णिमाको दिन मैले आज के हो ? भनेर एउटा विद्यार्थीलाई सोद्धा उसले आज त गोरु पूर्णिमा हो भन्दा म झसङ्ग भाएँ । शिक्षकले विद्यार्थीलाई माया प्रेम नदिई त्रासमात्र देखाउने काम गरेमा ऊ गुरु नभई गोरु समान हुँदो रहेछ भन्ने सूक्ष्म सन्देश त्यस विद्यार्थीले दिएको थियो । त्यो विद्यार्थी वास्तवमा मेरो गुरु हो ।

**शिक्षक कस्तो हुनुपर्दछ ?**

एउटा छात्राले म ठूलो भएर तपाईं जस्तै शिक्षक बन्छु भनेको सुन्दा ठूलो पुरस्कार पाए झैं लाग्यो मलाई । शिक्षकले विद्यार्थीको निन्दा गर्ने होइन । शिक्षकले

कक्षामा पसेपछि बाबु, आमा, अभिभावक, साथी बनेर विद्यार्थीको समस्या बुझ्ने र प्रेम गर्ने गर्नुपर्छ । उसले त आफूले जानेको कुरा मात्र कक्षामा पढाउने नभई उनीहरूलाई प्रेरणा र उत्साह दिने हो ।

**अनि लेखन क्षेत्रमा कसरी प्रवेश भयो त ?**

अडतीस वर्ष अघि नै श्रीमान्ले खाली समयमा केही न केही लेखेर बस्ने गर नभनेको भए अहिले कसरी बिताउँथे हुँला दैनिकी ? त्यो प्रेरणा आज काम लागिरहेको छ । किताबमा पढेको उपयोगी कुराहरू कापीमा टिपेर राख्ने बानी भए पनि आफैले सिर्जना गर्नुपर्छ भन्ने सोचेको थिइनँ । संसारलाई छोडेर गएपछि लेखनद्वारा बाँच्न सकिन्छ र समाजलाई पनि केही दिन सकिन्छ भन्ने श्रीमान्को भनाइले बिस्तारै काम गरेकै हो । विद्यालयमा मैले मानव मूल्यका कक्षाहरू लिन थालेपछि सो विषय पढाउने किताब र निश्चित पाठयक्रम थिएन । यसमा ध्यान, प्रार्थना, ठूला व्यक्तिहरूको भनाइ, कथा, मूल्यमा आधारित गीत र सामुहिक क्रियाकलापजस्ता विषय खोजेर आफैले पाठ तयार गरी सिकाउनु पर्थ्यो । सकारात्मक, अहिसां र सद्गुण विकास हुने कुरा मात्र सिकाउनु पर्थ्यो ।

**पढाउने क्रममा कर्म गर्दा लेखनको पनि क्रम चलेछ होइन त ? पहिलो पाठक को नि ?**

ठ्याक्कै हो नि ! सुनेका कथाहरू कति सिकाउने भनेर समाजमा र घर घरमा घटने कुराहरूबाट कथा बनाएँ तर आफू साहित्यको क्षेत्रमा अनाडी र नेपाली लेखन कला पनि राम्रो थिएन । कामगर्ने कालु मकै खाने भालु, आमाको माया र सेवा नै धर्म भन्ने नामका तीनओटा बाल कथाका पुस्तक श्रीमान् विश्वदीप अधिकारीले छापिदिएकाले वितरणको जिम्मा भाभा पुस्तकले लिएको थियो । चित्रकार पनि चिनेको थिएन, त्यसैले चित्र पनि आफैले बनाएको थिएँ र आवरण पृष्ठ आफ्नै केटाकेटीहरूका फोटाहरू राखेर सुरु भएको हो लेखन यात्रा । श्रीमान्को सहयोग र प्रेरणाले नै लेख्न थालेकोले पहिलो पाठक एवं स्रोता मेरो श्रीमान् नै हुन् ।

**कति पुस्तक छापिएका छन् ? कुन कुन विधामा लेख्नु हुन्छ ?**

बालकथा, उपन्यास, दर्शन, मानव मूल्यका विषयमा पनि कलम चलाउने क्रम जारी छ । सबै बालकथाहरू मानवीय मूल्यमा आधारित छन् ।

**बाल साहित्यतर्फ**

१. आमाको माया, २. कामगर्ने कालु मकै खाने भालु, ३. सेवा नै धर्म हो, ४. पखेटे भाडो, ५. फुच्चे, ६. बुद्धिमान भिँगा ७. जङ्गलमा मङ्गल, ८. फुर्के बाँदर र हर्के सिंह, ९. रवर्ट र सुनामी, १०. अटेरी डल्फिन, ११. रामसिंहको फार्म हाउस, अचम्मको बाँदर, १३. Fifteen Stories from Upanishad, १४. Alan the Little Kangaroo ।

**अन्य साहित्यतर्फ**

१. शिक्षामा मानवीय मूल्य, २. Rhythem in Theme . ३. अध्यात्म र जीवन, २०६७ ।

**मानव मूल्य भनेको के हो नि ?**

आहो यो त सबै मान्छेको सबैभन्दा प्यारो विषय हो । यो भनेको सत्य, धर्म, शान्ति, प्रेम र अहिंसामा आधारित सकारात्मक चिन्तनको विषय हो । यो मान्छेको भित्र लुकिरहेको सकारात्मक पनलाई बाहिर ल्याइ लागू गर्ने कुरा पो हो त । मानवमूल्य शिक्षा सम्बन्धी दुई महिने डिप्लोमा तालिम थाइल्याण्डको इन्स्टिच्युटबाट सन् २००९ मा लिएपछि म यस सम्बन्धी तालिम कार्यक्रममा प्रशिक्षकको रूपमा देशका विभिन्न स्थानहरूमा जान थालेको हुँ ।

**लेखनबाट सन्तुष्ट हुनुहुन्छ ?**

मलाई कथाद्वारा बालकहरूलाई असल सन्देश दिन मन लाग्छ तर म साहित्यको क्षेत्रमा त्यति नचिनेको व्यक्ति हुनाले पुस्तक प्रकाशित गर्न धेरै गाह्रो हुँदो रहेछ र भई पनि रहेको छ ।

लेखन मेरो सोख भएको छ । यो समय कटाउने साधन मात्र नभएर ज्ञान बढाउने मार्ग पनि भएको छ ।

**मन पर्ने र नपर्ने कुरा केही छ कि ?**

संसारका सबै कुरा मन पर्छ किनकि सबै आआफ्ना कर्मले जन्मेका छन् र आआफ्नो कर्मको भोग गरिरहेका छन् । प्रकृतिका प्रत्येक वस्तुहरूलाई एउटा एउटा विशेष गुण प्राप्त छ । कसैलाई पनि राम्रो नराम्रो भनेर मूल्याङ्कन गर्ने हामी को हौं र ? हामीले आफूले आफैलाई चिन्न सकेका छैनौ । शास्त्रले नै भन्छ नि- त्याज दुजर्न संसर्ग, भज साधु समागमम्, कुरू पुण्यं अहोरात्र, स्मरे नित्यं अनित्यताम् । यहाँ दुजर्न भनेको कोही मानिस होइन । हाम्रा इन्द्रियहरू हुन् । हाम्रा इन्द्रियहरू मनको पछाडि कुद्दा हामीबाट खराब काम पनि हुन सक्छ । त्यसैले हरेकले मनको होइन साधु अर्थात् विवेकको सङ्गत गर्नुपर्छ भन्ने लाग्दछ ।

**कस्तो साहित्य समाजलाई चाहिन्छ ?**

साहित्य एउटा हृदयबाट अर्को हृदयलाइ छुने सशक्त माध्यम हो । साहित्य सकारात्मक सन्देशमूलक, कालजयी तथा सरल हुनुपर्छ । आशा र सकारात्मकताले नै जीवनलाई सरल बनाउने हो । बाल साहित्यमा त झन् साहित्य लेख्ने मानिस मन वचन कर्ममा एकता भएको, पवित्र आचार भएको नै हुनुपर्छ किनकि साहित्य सन्देश दिनको लागि वा मनोरन्जनको लागि मात्र नभएर रूपान्तरण ल्याउनको लागि लेखिन्छ ।

**कुनै पनि क्षेत्रको नेतृत्व कस्तो हुनुपर्दछ ?**

कस्तो रमाइलो कुरा ? नेतृत्वको एउटा मूल सिद्धान्त छ । पहिले वन, गर अनि मात्र बोल । कुनै पनि बच्चो ठूलो भएपछि उसले आफ्नो कर्म क्षेत्रमा नेतृत्व गर्दा आफ्नो बाल मष्तिष्कमा गढेको कुराहरू नै निकाली व्यवहारमा प्रयोग गर्छ । नेतृत्व भनेको कुरो घरबाट सुरु हुन्छ ।

**राजनीति कस्तो छ ?**

कुरै नगरौं । आज राजनीति सिद्धान्तविहीन छ । विज्ञान हृदयविहीन छ भने शिक्षा चरित्रविहीन छ । हाम्रा नेतामा दैव प्रीति, पाप भिती र सघं नीतिको भावशून्य छ ।

**शिक्षामा त व्यापार पो छ रे त होइन ?**

खोई हालको स्थिति हेर्दा त त्यस्तै पो देखिन्छ । धार्मिक शिक्षाबाट सुरु भएको शिक्षालाई औद्योगिकरणले अगाडि बढाएर आज आर्टिफिसियल इन्टलिजेन्ससम्म पुगेर व्यापक भइसक्यो तर आज शिक्षाको भयावह व्यापारीकरण भइसकेको छ । सुन्नमा अएको छ शिक्षकबाट भन्दा विद्यार्थीबाट फाइदा हुने भनेर अभिभावकलाई चिढाउनु भन्दा विद्यार्थीलाई सम्झाउन खोज्ने शिक्षकलाई पो निकाल्ने विद्यालयहरू पनि छन् रे ! अब शिक्षकलाई धम्काउने त्यो विद्यार्थी कस्तो होला त ? ऊ पनि त हाम्रो भविष्यको नेता नै बन्ला नि !

उच्च शिक्षा हासिल गरेका मानिसमा यति अहङ्कार छ कि शिक्षकले आफ्नो विद्यार्थी चिन्दैन, विद्यार्थीमा शिक्षकप्रति आदरभाव छैन ।

**किन त्यस्तो भएको होला ?**

खै नैतिक शिक्षा ? खै कानूनको शासन ? पहिले नैतिक शिक्षा भनेर धार्मिक कथाहरू पढाउने चलन थियो । त्यसबाट पनि बालबालिकाहरूले असल बन्ने शिक्षा लिन सकेका थिए । हाम्रा बच्चालाई आज नैतिकता र भौतिकता मिसिएको शिक्षा चाहिएको छ जुन कुरा सिकेर उनीहरूले जीवनमा अपनाउन सकुन् । त्यसै कुरालाई सधाउन आएको शैक्षिक कार्यक्रम हो मानव मूल्य शिक्षा । यो शिक्षा प्रणालीले हरेक विषयमा सकारात्मकता तथा असलपना एकीकृत गरेर चरित्रवान व्यापारी, चिकित्सक, व्यवस्थापक, शिक्षक, व्यवसायी तयार गर्न सकियोस् भन्ने धारणा राखेको हुन्छ । यो कुनै सम्प्रदाय विशेषको धार्मिक कार्यक्रम होइन । एउटा शिक्षक भएको नाताले यही आजको आवश्यकता हो भन्ने देखेर मैले एमफिलमा *स्पिरिचुयल एडुकेशन फ्रम टैक्स्ट टु लिभ्ड कन्टेक्स* अथवा आध्यात्मिक शिक्षा कक्षाबाट व्यावहारिक जीवनमा भनी थेसिस तयार गरेको हुँ । यो थेसिस लेख्नाको उद्देश्य शिक्षामा असल कुराहरू थप्नु पर्छ भन्ने हो । नैतिक शिक्षा किताब र परीक्षाबाट भन्दा खेल, गीत, कथा, ध्यानमा एकिकृत गरेर बाल मनमष्तिष्कमा पुऱ्याउनुपर्छ । सत्य पनि यही हो । शिक्षित व्यक्ति असल भएमा मात्र समाज असल हुन्छ ।

**जीवन के हो र यसलाई कसरी हेर्नुपर्छ ?**

हा...हा । जीवन जन्म र मृत्यु बीचको यात्रा हो । यात्रामा कहिले सुख हुन्छ भने कहिले सङ्घर्ष गर्नुपर्ने हुन्छ । सुखद क्षणहरूमा घमण्ड त्यागेर विनम्रता पालन गर्नु र कठीन समयमा आफ्नो अन्तर आत्मालाई सुन्दै धैर्य र सहनका साथ अघि बढन सक्नु नै सही जीवनयापन हो । जन्मँदा कोहम अथवा म को हुँ भन्दै रोएर आइयो, म त ईश्वर पो हुँ त भन्ने ज्ञान पाएर हाँस्दै यस धरालाई छाडेर जानु नै जीवनको वास्तविकता हो । प्रेम र सकारात्मकतालाई अभिन्न साधन बनाउनु जीवन हो । जीवनले हरपल हरक्षण हामीलाई केही कुरा सिकाइरहेको हुन्छ । संसार त खुल्ला विश्वविद्यालय हो । बालक, वृद्ध, जनावर, चरा, कीरा, फट्याङ्ग्रा, हावा, पानी पृथ्वी, माटो सबैले शिक्षा दिइरहेको हुन्छ । तिनबाट सिक्न सकियो भने जीवनयात्रा सरल हुन्छ नत्र सधैं दुःखी र असन्तोष भइरहने न हो ।

**केही औपचारिकता पनि सोधौं कि मनलाई- भन्न केही छुटे कि ?**

हामी सबै एक अर्कालाई प्रेम बाँडदै सत्य र सदाचारको बाटोमा हिडन सकौ । हाम्रो मन वचन कर्मबाट कसैमाथि पनि हिसां नहोस् ।

-_-


**के तपाईंलाई थाहा छ ?**

**हामी २०८० र २०८१ को**
**वर्ष साहित्य पुस्तकमा जुटिसकेका छौं ।**
**प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका**
**पुस्तकहरूको हामी परिचय प्रकाशन गर्दछौं ।**

**त्यसैले हामीलाई पुस्तक उपलब्ध गराउनुहोस् ।**

**साहित्य संवर्द्धन केन्द्र / शब्दार्थ प्रकाशन**
चाबेल, काठमाडौं **०१-४४९७३५१/९८४११४४५१०/९८४१४९६१०३**

# आफूलाई खूब ठूलो साहित्यकार भनाउँदै डिङ हाँकेर हिंड्नुहुन्छ रे त



**धीरकुमार श्रेष्ठ**

अन्धविश्वासलाई नमान्दानमान्दै पनि यहाँ एउटा उखान उल्लेख गर्नै पर्ने भयो। त्यो के भने आफै बोक्सी आफै धामी भयो भने के हुन्छ होला ? भन्नुको अर्थ यहाँ प्रश्न पनि आफैले आफैलाई सोध्नुपर्ने उत्तर पनि आफैले आफैलाई दिनुपर्ने खण्ड आइपऱ्यो। नलेखौं, लेख्दिनँ भन्न मन लाग्ने मानिस परेनन् विनय नेपाल। लेखूँ के के लेख्नु लेख्नु। यस्तो द्विविधाग्रस्त क्षणमा पारेर विनय त उम्के तर फेला परियो आफू। फेला परेपछि आफूले पनि उम्किने उपाय त गर्नै पऱ्यो। एक मन त भयो सजिलो सजिलो प्रश्न सोधेर उम्किए भइहाल्यो नि ! अर्को मनले भन्यो, बेइमानीको पनि हद हुन्छ नि ! जेहोस् भुङ्ग्रोमा हात परेपछि त निकाल्नै पऱ्यो। निकालें आफैबाट आफैलाई अर्थात् धीरकुमारभित्रबाट धीरकुमारलाई र प्रश्न सोध्न लगाएँ। उसको प्रश्न र मेरो उत्तर कस्तो भयो। यहाँ विद्वत् जनले मूल्याङ्कन गर्नु हुने नै छ।

**तपाईंको नाम के हो ? तपाईंको परिचय के हो ?**

नाम र परिचय नै थाहा नपाई प्रश्न सोध्न आउने तपाईं को हो ? के भनेर आउनुभएको हो र ?

**मेरो नाम धीरकुमार श्रेष्ठ हो। तपाईंलाई आफूलाई खूब ठूलो साहित्यकार भनाउँदै डिङ हाँकेर हिंड्नुहुन्छ रे त ? यसैले वास्तविक कुरो के हो भनेर बुझ्न आएको।**

ओहो ! त्यसो भए त तपाईं मेरो मितज्यू हुनुहुँदो रहेछ। तपाईंले कसबाट मैले आफूलाई खूब ठूलो साहित्यकार हुँ भन्दै डिङ हाँकेर हिंडेको सुन्नुभयो ? उसैलाई यो कस्तो साहित्यकार हो भनेर सोध्नुभएको भए भनिहाल्थ्यो होला नि ! व्यर्थैमा किन तपाईंको अमूल्य समय खेर फालेर मसँग निहुँ खोज्न आउनुभएको हो र ?

**नरिसाउनुहोस् न । मैले तपाईंसँग कहाँ निहुँ खोजेको हुँ र तपाईं आफैले आफैलाई चाहिं कुन किसिमको कस्तो साहित्यकार ठान्नुहुन्छ भनेर बुझ्न खोजेको पो हो त ।**

ए, कुरो त्यसो हो भने म आफूले आफैलाई साहित्यकार भन्न पनि सक्दिनँ ।

**त्यसो भए के भन्नुहुन्छ त ?**

साहित्यको विद्यार्थीसम्म भन्न सक्छु । त्यहाँभन्दा बढी भन्ने ल्याकत मसँग छैन । अझैं लेख्न सिक्दै छु । कति ठाउँ चिप्लिन्छु । कति ठाउँ लड्छु । कति ठाउँ बिलखबन्दमा पर्छु, यसैले ।

**ओहो ! चिप्लेर लड्दा त घाइते हुनुभयो होला नि ? खोइ, म त सद्दे नै देख्छु ?**

बाहिरबाट हेर्दा त जो पनि सद्दे नै देखिन्छ नि ! मान्छे भाँच्चिएको हेर्न त उसभित्र पस्नुपर्छ नि !अनि पो मान्छेको वास्तविक रूप चिन्न सकिन्छ । बाहिर बाहिर चिरिच्याट्ट देखिनेहरू पनि भित्रबाट छियाछिया परेका हुन्छन् । होइन र ?

**ओहो ! तपाईंले त निकै गहिरो कुरो गर्नुभयो । अब तपाईंलाई भित्रैदेखि बुझ्नेचाहिं के गरेर होला नि ?**

धत् ! त्यति पनि थाहा नपाउनेले के प्रश्न सोधिरहेको नि ! जानु नि बरु हलो जोत्न । दुईचार मुरी बाली त फल्थ्यो होला । देशको घाटा बजेटमा अलिकता भए पनि योगदान पुग्थ्यो होला । के तीन न तेह्रका कुरा गरेर समय खेर फालिरहेको हो ।

**तपाईं त कति रिसाहा हो, चित्त नबुझे झोक्किहाल्ने तैपनि नरिसाई भनिदिनुहोस् न, तपाईंलाई बुझ्न के गर्ने होला ? पढ्ने । के ?**

किताब ।

**कसको ?**

जसलाई बुझ्न खोजेको हो, उसैको ।

**ए ! लाटो भनेको त बाठो पो हुनुहुँदो रहेछ । आफ्नो किताब पढाउने जुक्ति त राम्रो जान्नुभएको रहेछ । म त तपाईंलाई सोझो ठान्थें । हेर्दा मात्र सोझो जस्तो, मान्छे त बाङ्गो हुनुहुँदो रहेछ ।**

बाङ्गो मान्छेसँग किन सोझो प्रश्न गर्नुभयो त ?

**त्यो त थाहा छैन ।**

थाहा छैन भन्न पाइन्छ !

**थाहा छैन ।**

प्रश्नकर्ता तपाईं कि म ?

**म**

अनि प्रश्नकर्ताले थाहा छैन भन्न पाइन्छ ?

**थाहा छैन ।**

क्यै थाहा नहुनेले किन प्रश्न सोधिरहेको त ?

**थाहा नभएर त प्रश्न सोधिरहेको हो नि !**

त्यसो भए प्रश्न सोध्नेले पनि के के कुरो थाहा पाउनुपर्ने रहेछ भन्ने थाहा पाएर आउनुहोस् । हचुवामा प्रश्न सोध्न आउने !

**ओहो ! नरिसाउनुहोस् न, तपाईं त कस्तो मान्छे ।**

किन रिसाउनु, तपाईंले मेरो के बिगार गरिदिनुभएको छ र रिसाउने ?

**त्यसो भए साहित्यमा के के हुनुपर्छ ? भन्नुहोस् न त ।**

साहित्यमा के के हुनुपर्छ भन्नु ? जीवन हुनुपर्छ, समाज हुनुपर्छ, राष्ट्र हुनुपर्छ, अन्तर्राष्ट्र हुनुपर्छ । यो सबैले भन्ने कुरो हो ।

**तपाईंचाहिं के भन्नुहुन्छ नि ?**

इमानदारी

**किन तपाईं बेइमान हुनुहुन्छ र ?**

कसरी ?

**जो जे होइन, त्यसको अपेक्षा गर्छ भन्छन् नि त, यसैले ।**

त्यसो भए भन्नेलाई नै सोध्न जानुहोस् न, मलाई किन यस्ता कुरा सोधिर हनुभएको ?

**होइन, तैपनि !**

भन्नेले के के भन्छन् सबैको पछाडि लागिरहन सकिन्छ र ?

**कसको पछि लाग्नुहुन्छ त ?**

म मेरैपछि लाग्छु । आफ्नै बाटो हिँड्छु ।

**त्यही भएर एक्लो पर्नुभएको हो ?**

त्यो त मलाई के थाहा ? एक्लो कहाँ छु ! तपाईंजस्ता अडियल जो, सँगै हुनुहुन्छ । यति भए पुग्दैन र ? उसै पनि सँगै हिँडेर चिप्ल्याउनुभन्दा त एक्लै हिँडेको बेस होइन र ?

**हो नि !**

प्रश्नकर्ता तपाईं कि म ?

**म ।**

त्यसो भए उल्टी भयो ।

**जीवन भनेकै उल्टी र सुल्टी त हो नि ! कहिले कसको पालो कहिले कसको पालो भनेजस्तो । पालो पालोमै जीवन बितेको पत्तो हुँदैन । गर्नुपर्ने एकातिर, गरेको छ अर्कोतिर अनि आँपको बोटमा सुन्तला फलेन भनेर रोइलो मच्चायो बस्यो । यस्तो भएपछि कहीँ उँधो लागिन्छ ।**

उँधो लाग्न के गर्ने त ?

**साहित्यकारले इमानदार भएर लेख्ने । पाठकले इमानदार भएर पढ्ने । समीक्षकले इमानदार भएर समीक्षा गरिदिने । यस्तै यस्तै जो जे हो, उसले आफूले गर्नुपर्ने काम गर्ने । आफ्नो काम गर्नु छैन । अरूको उछितो काढ्यो बस्यो गरेर कहीँ आफ्नो आडको जुम्रा देखिन्छ ।**

मेरै बोली पो बोल्न थाल्नुभयो त !

**सङ्गत गुनाको फल त भइहाल्छ नि ! सङ्गत कसको ?**

धीरकुमारको ।

dhires@gmail.com

-_-

**हाम्रा केही निबन्ध-प्रबन्ध-नियात्रा-संस्मरण-वृत्तान्तका पुस्तक**

| | | |
|---|---|---|
| १७. अमरत्वको सम्झना | -प्रा. शिवगोपाल रिसाल | ५००/- |
| १८. नोटबन्दी | -सरस्वती गिरी | ५००/- |
| १९. श्रीजङ्ग शाहको जीवन यात्रा | -सरस्वती गिरी | २५०/- |
| २०. प्रेरणा स्रोत भद्रकुमारी घले | -सरस्वती गिरी | ३००/- |
| २१. आत्मकथन | -सरस्वती गिरी | ५५०/- |
| २२. मेरो जीवनयात्रा | -शालिग्राम पोडेल | ३००/- |
| २३. परिचय : वसन्तकुमार शर्म्मा नेपाल | -बुनू लामिछाने | २०/- |
| २४. स्मृति र अनुभूति | -उत्तमकृष्ण मजगैयाँ | २००/- |
| २५. देश र विदेश | -विनोद नेपाल | ३७५/- |
| २६. अभिप्रेरणा (Motivation) | -अशोक भर | ३००/- |
| २७. बङ्लङ बङ्लङ | -पुण्य कार्की | २५०/- |
| २८. मज्जैमज्जा क्या मज्जा | -मेनुका बिमेज | ४५०/- |
| २९. शनैःशनैः यात्रामा | -वियोगी बूढाथोकी | ४००/- |
| ३०. उत्प्रेरणा (विश्व वैज्ञानिकहरूको जीवनी) | -राजेशमान के.सी | २५०/- |
| ३१. मेरो आत्मकथा | -उत्तमप्रसाद घिमिरे | २०/- |
| ३२. डेब्रेकुना | -गोविन्दबहादुर कुँवर | २००/- |
| ३३. टेबलगफ | -गोविन्दबहादुर कुँवर | २२५/- |
| ३४. स्वयात्रा सूर्योदयदेखि सूर्यास्तसम्म | -लक्ष्मी मास्के | १००/- |
| ३५. पातालका मान्छेहरू | -बिनोद खड्का | ५००/- |
| ३६. घाउ | -बिनोद खड्का | ६५०/- |
| ३७. गोल चक्कर | -गोपाल पण्डित | १०००/- |
| ३८. समसामयिक निबन्ध | -प्राडा. प्रेम खत्री | ५००/ |
| ३९. देश डुल्ने पाइला | -नारायणकैलाश सिग्देल | ४०० |
| ४०. माथापच्ची | -विनयकुमार शर्मा नेपाल | १५०/- |
| ४१. पुनरावृत्ति | -विनयकुमार शर्मा नेपाल | १७५/- |
| ४२. परावर्तन | -विनयकुमार शर्मा नेपाल | २००/- |
| ४३. खोल | -विनयकुमार शर्मा नेपाल | २२५/- |

# मन कल्पनामा डुबिरहन्छ



**नवराज रिजाल**

मन कहिले के त कहिले के सोचिरहन्छ, समझिरहन्छ र आस्थामा हराइर हन्छ गुनिरहन्छ । विचारमा पोखिन्छ, चिन्तनमा हराउँछ र कल्पनाको पोखरीमा डुबिरहन्छ । ओ हो ! स्थिर बसे पनि त हुन्थ्यो, चाहना नजन्मने हैन तर के गर्नु ? चाहनाले काम नगर्दो रहेछ । मन कहाँ कहाँ पुग्दो रहेछ, कहाँ कहाँ । नियन्त्रणका लागि पलाएका प्रयास पटकपटक विफल बनेका छन् । जति हारगुहार र अनुनय विनय गर्दा पनि मरे मान्दैन । एकोहोरो बनेर लिँडे ढिपी गरिरहन्छ । एकोहोरो बन्नु अर्थ आफूले गरेको प्रयत्नमा आफैं असफल हुनु हो । ऊ बारबार जितिरहेछ । म पटक पटक हारिरहेछु । यसबाट प्रष्ट हुन्छ जति प्रयत्न गरे पनि उसलाई काबुमा राख्न साँच्चै सकिरहेको छैन । हजुर ! तपाईंहरू कति सक्षम हनुहुन्छ तपाईंहरूको कुरा भयो तर त्यो विषयमा म केही पनि बोल्दिनँ तर मेरो मन चाहिँ चकचक गरिरहन्छ, अहँ, शान्त भएर पटक्कै बस्दैन

ओ हो ! उसका प्रश्न पनि एकाथरी मात्र हुन्छन् र ? अनेक अनेकथरी पो हुन्छन् त । कहिले के त कहिले के, कहिले यसो त उसो, बुझिसक्नु नै हुँदैन । पटक पटक अलमलमलमा परेको छु । परेपछि भाग्न नपाइँदो रहेछ, त्यही कारण बेलाबेलामा फन्दामा पर्ने गरेको हुँ । सोधाईको सिलसिलेवार क्रम नै छैन । जे मनमा आयो त्यही सोधेको छ । जहाँ मन लाग्छ त्यहीँ पुगेको छ । के गर्ने, कसो गर्ने, कसरी गर्ने, कहाँ गर्ने, कहाँ नगर्ने, कहाँ जाने, कहाँ नजाने, जाँदा के हुन्छ, नजाँदा के हुँदैन, जाँदा कसरी जाने र नजाँदा किन नजाने ? अहँ, कुनै बार बन्देज नै छैन । एकोहोरो लागेको छ लागेको छ । ए बाबा ! गम्भीर र शान्त नबनेर किन सधैं यति चञ्चल भएको होला पटक पटक सोचेको छु । मेरा अगाडि केही प्रश्न राखेर आफू सधैं पाखा लाग्ने गर्छ । मैले उसका प्रश्नहरूका उत्तर समय समयमा दिने गरेको छु । नदिएर सुख पाए पो ? यो एउटा बाध्यता बनेर अगाडि ठिङ्ग उभिएको छ ।

साहित्यिक पत्रिका निकालेर के पाइयो ? कहिलेकाहीँ मनले सोध्छ । मैले **नवप्रज्ञापन** प्रकाशन आरम्भ गरेको ३२ वर्ष भयो । २०८१ कार्तिक महिनासम्म आइपुग्दा यसका १०६ अङ्क प्रकाशित भएका छन् । यतिबेला १०७

अङ्कको तयारीमा छु । प्रकाशन आरम्भ गरिएकै कारण पत्रिकाको नाम सुन्नेहरूले सुनेका, हेर्नेहरूले देखेका र प्राप्त गरेकाहरूले पढेका हुन् । यति मात्र कहाँ हो र ?, पत्रिका बारा जिल्लामा दर्ता भएर प्रकाशित भइरहेको र सम्पादक/प्रकाशकका रूपमा नवराज रिजालले काम गरेका छन् भनेर समेत् जाने बुझेका हुन् । बारा जिल्लाबाट नियमित रूपमा प्रकाशित हुने कुनै साहित्यिक पत्रिका नभएको परिप्रेक्षमा त्यहींको स्थायी बासिन्दाको नाताले मेरो पनि दायित्व छ र हरेक नागरिकले हैसियतले भ्याएसम्म वा सम्भव भए जति आफ्नो देशको भाषा साहित्य र संस्कृतिको संकृतिको संरक्षणको लागि केही न केही गर्नुपर्छ भन्ने सोचेर नवप्रज्ञापन पत्रिका प्रकाशन आरम्भ गरिएको हो ।

हिंडेकै कारण यसले आजको समय देखेको हो । कुदेको भए सम्भावना अलि कम रहन सक्थ्यो । कुद्नेहरू धेरैको अवस्था यसले धेरैभन्दा धेरै देखेको छ । यसर्थ यो कहिल्यै कुदेन र कुद्नुपर्ने भाव पनि बोकेन । सकेको हिंड्नुपर्छ तर बस्न चाहिं हुँदैन हर हमेशा यही सोचिरह्यो । सोच सकारात्मक भएपछि परिणाम सकारात्मक नै निस्कँदा रहेछन् । सामूहिक छलफल, सल्लाह र परामर्शमा नभएर एक्लो आँट र सोचमा यसको प्रकाशन आरम्भ गरिएको थियो । पहिले नारायणी अञ्चललाई आधार मानेर पत्रिकाको गतिविधि अगाडि बढाउनु पर्ला भन्ने सोच थियो । यही कारण २२ औं अङ्क नारायणीका स्रष्टाहरू पहिलो भाग (पद्यखण्ड) र २९ औं अङ्क नारायणीका स्रष्टाहरू दोस्रो भाग (गद्यखण्ड) का रूपमा प्रकाशित भएका थिए ।

साहित्यिक पत्रकारिता सहज नभएर अलि असहज बाटोको यात्रा हो । यो यात्रा थाल्नु अघि नै म यो कुरामा पूर्ण जानकार थिएँ । त्यसो त हिजो मात्र नभएर आज पनि यो बाटोको यात्रा खासै सरल र सहज हुन सकिरहेको छैन तथापि हिंड्ने सोच बनाएर अघि बढेकाहरू पछि हटेका छैनन् तर यो बाटोबाट हिंड्न खोज्ने नवप्रपवेशीहरूको सङ्ख्या चाहिं न्यून छ । यो बाटोबाट हिंडिरहेकाहरूको आत्मविश्वास, उमङ्ग, अठोट, जोश, जाँगर र होश देखेर म पनि पछि लागेको हुँ । यो अति महत्त्वपूर्ण कर्म रहेछ, यतिबेला विचारमा विश्वास मिसिइरहेको छ यसर्थ पनि सकी नसकी निरन्तर घसिरहेको हुँ । हो, जहाँसुकै पनि सुत्नेहरू सुतिरहेका, बस्नेहरू बसिरहेका र हिंड्नेहरू हिंडिरहेका छन् । यो एउटा जानकारीको विषय हो । बाटो समाएपछि अलमलिन नहुने आशय आत्मसात् गरी आजका मितिसम्म हिंडिएको हो । भोलि ? अहँ, भन्न सकिँदैन, महाशय यो प्रश्न कुनै पनि हालतमा नगरीदिनु होला । यति हो आजसम्म नथाकी लगातार हिंडेको हिंड्यै छु । अझ धेरै हिंड्ने र हिंडिरहने प्रबल इच्छा वा चाहना मुटुमा जीवित छ । सत्य र यथार्थ दुवैको धरातल यही हो ।

बारा जिल्लाको स्थायी बसोबासी म नेपाली मातृभाषी हुँ । मेरो भेगमा

दोस्रो भाषाका रूपमा भोजपुरी भाषा चलनचल्तीमा छ । मलाई थाहा छ, मेरो देशमा सयभन्दा बढी भाषाहरू बोलिन्छन् । मलाई जत्तिकै अरूहरूलाई पनि आआफ्नो मातृभाषा प्यारो लाग्छ । यो अस्वाभाविक नभएर स्वाभाविक चिन्तन र विचारधारा पनि हो । उहाँहरूका भावलाई मैले आदर, सत्कार र सम्मान गरेको छु । मेरो भेगमा बोलिने भोजपुरी, बज्जी र थारु मात्र नभएर देशका अन्य भागका विभिन्न भाषाका रचनाहरूले उपलब्धताका आधारमा यस पत्रिकामा समय समयमा मनग्गे स्थान पाउने गरेका छन् । फुटकर रूपमा विविध अङ्कहरूमा थुप्रै भाषाका रचना छापिएका छन् । त्यो क्रम निरन्तर छ र अझै निरन्तर रहिरहने छ । यसका अलावा नेपालमा मातृभाषाका रूपमा रहेका दश भाषाका कथाहरू समेटेर पूर्णाङ्क ८४ **बहुभाषा क**था विशेषाङ्कका नाममा प्रकाशित भएको छ । त्यो अङ्कका लागि रचना खोज्न धेरै मेहनत र परिश्रम गर्नु परेको थियो । त्यस पछि पूर्णाङ्क ९६ **नेपालीय भोजपुरी साहित्य** विशेषाङ्कका रूपमा प्रकाशित भएको छ । यसबाट पुष्टि हुन्छ नवप्रज्ञापन बहुभाषी पत्रिकाका रूपमा प्रकाशित भइर हेको छ ।

नवप्रज्ञापन सामान्य अङ्कका अलावा विशेष अङ्कका रूपमा समेत प्रकाशित भएको छ । २०५० साउन-भदौमा पहिलो अङ्क प्रकाशित यसको पूर्णाङ्क ७ गजल विशेषका रूपमा, पूर्णाङ्क ११ माधव घिमिरे लघुशब्दचित्र विशेषका रूपमा, पूर्णाङ्क १३ गीतगङ्गा विशेषका रूपमा र पूर्णाङ्क १४ ईश्वर ढुङ्गेलका कविता विशेषका रूपमा प्रकशित भएको छ । यसैगरी पूर्णाङ्क १६ सरूभक्त लघुशब्द चित्र विशेषका रूपमा, पूर्णाङ्क २२ नारायणीका स्रष्टाहरू पहिलो भाग पद्य खण्डका रूपमा, पूर्णाङ्क २७ श्यामप्रसादका रचना विशेषका रूपमा तथा पूर्णाङ्क २९ नारायणीका स्रष्टाहरू दोस्रो भाग गद्यखण्डका रूपमा प्रकाशित छ । कहिले सामान्य त कहिले विशेष अङ्क प्रकाशित गर्दै अगाडिको बाटो तय गरिरहेको यसले हिंडाइको गतिलाई कहिल्यै विश्राम गर्न दिएको छैन ।

यही सिलसिलामा पूर्णाङ्क ४० बाल्यकालीन संस्मरण विशेषका रूपमा, पूर्णाङ्क ५० स्वर्ण अङ्कका रूपमा, पूर्णाङ्क ६० बालसाहित्य विशेषका रूपमा, पूर्णाङ्क ६४ भानुभक्त विशेषका रूपमा, पूर्णाङ्क ६६ विश्वराज अधिकारीका कथा विशेषका रूपमा, पूर्णाङ्क ६८ छन्दकविता विशेषका रूपमा, पूर्णाङ्क ७२ लघुकथा विशेषका रूपमा, पूर्णाङ्क ७६ स्वअभिलेख विशेषका रूपमा र पूर्णाङ्क ८० मुक्तक विशेषका रूपमा प्रकाशनमा आएको छ । एवम् प्रकारले पूर्णाङ्क ८४ बहुभाषाकथा विशेषका रूपमा, पूर्णाङ्क ८६ गढीमाई विशेषका रूपमा, पूर्णाङ्क ८८ गीत विशेषका रूपमा, पूर्णाङ्क ९२ मधेस प्रदेश (प्रदेश २ का गजल) विशेषका रूपमा, पूर्णाङ्क ९६ नेपालीय भोजपुरी साहित्य विशेषका रूपमा, पूर्णाङ्क १०० शताङ्क विशेषका रूपमा प्रकाशित भएको छ । विशेषाङ्क

प्रकाशनले विगत ३२ वर्ष अघि थालिएको नवप्रज्ञापनको यात्रालाई अझ मजबुत बनाउन सहयोग गरेको छ । यसले सय अङ्कपछिको क्रमलाई केही परिवर्तन गरेको छ । यही भएर पूर्णाङ्क १०१ कथा विशेष पहिलो भागका रूपमा, पूर्णाङ्क १०२ समीक्षा विशेष पहिलो भागका रूपमा, पूर्णाङ्क १०३ नेपाल बाहिरका नेपाली कविता पहिलो भागका रूपमा, पूर्णाङ्क १०४ स्रष्टा पदयात्रा विशेषका रूपमा, पूर्णाङ्क १०५ नेपाल बाहिरका नेपाली कविता दोस्रोभागका रूपमा र पूर्णाङ्क १०६, समीक्षा विशेष दोस्रो भागका रूपमा प्रकाशित भएका छन् अनि पूर्णाङ्क १०७ निकट भविष्यमा कविता विशेष पहिलो भागका रूपमा प्रकाशित हुने तयारीमा छ ।

साहित्यिक पत्रकारिता नेपालको जेठो पत्रकारिता हो । सबैको बुझाईमा जेठोबाठोको नाताले कुनै न कुनै क्षेत्रमा यसको हाली मुहाली हुनुपर्ने हो तर त्यस्तो छैन । तथापि यसले आफ्नो साख आजसम्म राम्रोसँग जोगाएको छ । हुनुपर्ने नभएपछि कसको के लाग्छ, तपाईं नै भन्न सक्नुहुन्छ ? वि.स. १९४३ मा बनारसबाट मोतीराम भट्टद्वारा थालिएको मानिने साहित्यिक पत्रकारिताको उमेर सातबीसको हाराहारीमा छ । आखरमा उमेरले मात्र केही नहुँदो रहेछ । जति नै पाको भए पनि नेपालमा साहित्यिक पत्रकारिताको स्थिति सन्तोष जनक छैन । हिजो जे जस्तो थियो आजको अवस्थामा पनि त्यस्तै छ । अझ खस्कँदै गएको छ भन्दा पनि हुन्छ । तीन करोड जनसङ्ख्या भएको देशमा भाषा, साहित्य र संस्कृतिको प्रवर्धनमा उल्लेख्य भूमिका खेल्ने नियमित साहित्यिक पत्रपत्रिकाको सङ्ख्या केवल पाँच दर्जनको हाराहरीमा मात्र छ । सङ्ख्या न्यून भए पनि यो क्षेत्रमा जो जति सक्रिय छन् उनीहरू उच्च मनोबलका साथ आआफ्ना क्षेत्रमा निरन्तर खटिई रहेका छन् । यसैले त डरलाग्दो कोरोना कालमा समेत् निजी प्रयासमा प्रकाशित हुने गरेका साहित्यिक पत्रिका कहिल्यै बन्द भएनन् । काममा लागेकाहरूले हिजो दर्बिलो मनोबलका साथ कर्म गरे तथा त्यो कर्म आज पनि गरिरहेका छन् । यही यो अविचलित रूपमा अगाडि बढिरहन सकेको हो ।

साहित्यिक पत्रकारितातिर सम्बँधित पक्षको खासै ध्यान साँच्चै जान नसकेकै हो । किन नगएको हो भन्न सक्दिनँ, तर जान नसकेको चाहिँ यथार्थ नै हो । साहित्यिक पत्रिकाका विषयमा जिम्मेवार निकायका सोचाई अति सामान्य छन् । अर्थात् उनीहरूले यो विषयलाई गम्भीरताका साथ लिएका छैनन् । यसको महत्त्व प्रश्नोत्तर शैलीमा भन्न सकिँदैन । सबै सबैका योगदान एउटै नहुने कुरामा हामी बीच सहमती छ तथापि आत्मबोध हुन चाहिँ सकिरहेका छैन । सब जानकार छन् व्यवसायिक र साहित्यिक पत्रकारिताको प्रकृति बिलकुल फरक हो । प्रकृति अलग भएपछि गर्ने काम फरक हुने नै भयो । हिँड्ने बाटा उस्तैउस्तै त हुन् तर एउटै होइनन् । यसर्थ, दुई फरक धारलाई एउटै नजरले हेर्नु एउटा पक्षलाई

अन्याय गर्नु सरह हो। साहित्यिक पत्रकारिताले भाषा साहित्यको उत्थानका साथ संस्कृतिको निर्माणमा निक्कै ठूलो भूमिका खेल्छ। आँखाले प्रत्यक्ष रूपमा देखुन वा नदेखुन् माथि उल्लेख भएको विषयमा कसैको विमत रहन सक्दैन। यो यथार्थ हुँदाहुँदै पनि हामी कहाँ व्यवसायिक र साहित्यिक पत्रकारितालाई एउटै डालोमा हालेर हेर्ने प्रचलनले प्रश्रय पाइरहेको छ। कुनै पनि अवस्थामा यो प्रचलन राम्रो हैन। यसले साहित्यिक पत्रकारितालाई अगाडि पुऱ्याउँदैन, यसको साटो पछाडि धकेल्छ। यी दुवैलाई एकै नजरले हेर्नुको अर्थ साहित्यिक पत्रकारिता र व्यवसायिक पत्रकारिता बीचको वास्तविक अर्थ बुझ्न नसक्नु हो। यही बुझाईले अलमल्ल्याउने काम गरिरहेको छ।

साहित्यिक पत्रकारिता मार्फत् भाषा साहित्य क्षेत्रमा आफ्नो तर्फबाट सकेको योगदान गरौं, हरेक व्यक्तिको सानो सानो योगदानले पनि देशलाई ठूलो लाभ हुनसक्छ भन्ने अभिप्रयका साथ म यस क्षेत्रमा प्रवेश गरेको हुँ। यो क्षेत्रमा नलागेको भए म साहित्यिक पत्रकारका रूपमा चिनिनँ सक्दैनथें। सम्पादकको पगरी गुथ्न पनि पाउँदैनथें। बस्, कुरा त्यति मात्र हो। साहित्यिक पत्रकारिता पेशाको रूपमा नभएर रहरका रूपमा, नैतिक दात्विका रूपमा र एउटा असल नागरिकले गर्नुपर्ने काम सम्झेर गर्ने गरिन्छ। अपवाद बाहेक म मात्र नभएर साहित्यिक पत्रकारिता गरिरहनु भएकाहरूको आड कतै न कतै हुन्छ। जीवनयापनका लागि यो आवश्यक यो आवश्यक पनि छ। बाँच्नका लागि अन्य काम गरेर साहित्यिक पत्रकारितामा रमाइरहेकाहरू हामी कहाँ ठूलो सङ्ख्यामा रहेका छन्। यसो भनौं यो आम प्रचलन नै हो र म पनि त्यो प्रचलनबाट पृथक् रहेको छैन।

साहित्यिक पत्रकार भएर त्यस्तो नयाँ नौलो केही काम कुरो गरेको छैन। अग्रजहरूले जे जे गरेका छन् मैले पनि त्यही गरेको हुँ। सम्पादक बन्ने रहर मात्र पुरा गरें भन्दा पनि हुन्छ। देखाउन नवप्रज्ञापनका १०६ अङ्क प्रकाशित छन्। यही मेसोमा सम्पादक /प्रकाशकका रूपमा पत्रिकामा नाम दर्ज गराएँ, गरेको त्यति मात्र हो। यस क्षेत्रमा लागेकामा म दुःखी छैन। अत्यन्तै खुसी छु। सन्तुष्ट छु। यो अन्तर हृदयबाट उब्जिएको आवाज हो। त्यही उत्साहले हिंडिरहन प्रेरित गरेको छ। मन मुटु दुवै खुसी र गौरवान्वित छन्। भाव रहरमा विलीन बनेपछि भाषा साहित्यको नाममा केही गरौं भन्ने सोच बोकेर यो क्षेत्रमा प्रवेश गरेको हुँ यसर्थ दुखी बन्ने सवालै उठ्दैन। खुला हृदयले भन्छु खुसीछु, हर्षित् छु। भाषा, साहित्य र संस्कृतिका नाममा सकेको केही गरौं जस्तो लाग्यो। छातीमा धेरै कुरा खेले। यो गर्छु वा यही गर्न सकिन्छ यो ठम्याउन पनि केही समय लाग्यो। यसर्थ केही लिनका लागि नभएर आफूले सकेको दिनका लागि म यस क्षेत्रमा लागेको हुँ।

सानोतिनो अपवाद छाड्दा स्पष्ट रूपमा देख्न सकिन्छ साहित्यिक पत्रकारितामा लाग्नु भएका मानिस कुनै न कुनै पेशा व्यवसायमा आवद्ध हुनुहुन्छ । अन्य पेशा नगरे साहित्यिक पत्रकारितामा अडिन सकिँदैन । यो कहिल्यै जीवनयापनको स्रोत हुन सकेन मात्र हैन भविष्यमा सक्ने सम्भावना पनि देखिँदैन । यसर्थ अन्य पेशा व्यवसाय गरेर मात्र साहित्यिक पत्रकारितालाई अगाडि बढाउन सकिन्छ । आजका मानिस साहित्यिक पत्रकारिता गरिरहेकाहरूको अनुहार हेर्दै लाभ नहुने काम कुरामा किन लाग्नु पऱ्यो भन्दै प्रश्न गर्छन् । सामान्य नजरले हेर्दा कुरा साँचो हो जस्तो पनि लाग्छ । तथापि म मात्र नभएर हामीहरू लाभ नहुने जान्दाजान्दै पनि यही काम गरिरहेका छौं । लाभहानितिर ध्यान गएको छैन वा गए पनि हाम्रा विचार मोडिन सकेका छैनन् । खै केले हो केले, बेस्सरी तानी रहेछ र निर्वाध रूपमा तानिइरहेछौं । हैन, के मोह हो यो ? कहिलेकाहिँ आफैसँग प्रश्न गरौं गरौं जस्तो लाग्छ । आफू पनि जीवनयापनका लागि अन्यत्र काम गर्छु तर पैसा आउने त्यो काम भन्दा पैसा नआउने यो काम गर्दा कति हो कति आनन्द लाग्छ ।

म राम्रोसँग बुझ्छु यस क्षेत्रमा सक्रिय रहनु भएकाहरू यसलाई छोड्न सक्नुहुन्न यसर्थ म नवप्रपेशीहरूलाई आग्रह गर्छु यस क्षेत्रमा लागेकारुले यसको विकास र उन्नतिमा सकेको गरौं, जानेको गरौं र सकुञ्जेल गरौं । यो हाम्रो नैतिक कर्तव्य र उत्तरदायित्व दुवै हो । हाम्रा साहित्यिक पत्रपत्रिका देशका सबै भागमा पुग्दैनन् सत्य नै हो । प्रयास पुगेका छैनन् यो पनि सत्य हो र एकल प्रयासमा यो काम गर्न सकिँदैन यो अझ अर्को सत्य हो । प्रयास नपुगेकै कारण यसो भन्ने अवस्था आएको हो । राज्यका जिम्मेवार निकाय लगायत सबै साहित्यिक पत्रकारहरूको नजर यता पुग्नु अति आवश्यक छ ।

पैसा आवश्यक कुरा हो तर 'सबै कुरा चाहिँ हैन । यो सबैले भन्न पनि सक्दैनन् । यसका लागि नवीन मुटु चाहिन्छ । आफ्नो पैसाबाट पनि भाषा साहित्यका नाममा केही काम गर्न सकिन्छ । साहित्यिक पत्रकारितामा प्रवेश गर्न खोज्नेहरूलाई यो पेशा व्यवसाय हुन सक्दैन यसर्थ लाभ लिने नभएर आफूसँग भएको केही दिने सोचविचारका साथ यो क्षेत्रमा प्रवेश गर्नहुन विनम्र आग्रह गर्दछु । साहित्यिक पत्रकारिता न हिजो पेशा व्यवसाय हुन सक्यो न त आज नै भइरहेको छ । अनि भोलि पनि यो सम्भावना छैन । यसर्थ यो स्पष्ट रूपमा सेवा भावले गरिने काम हो । र यो काम गर्ने सोच भएकाहरूले यहाँबाट प्रशस्त खुसी लिन सक्नुहुन्छ ।

पहिले पहिले त साहित्यिक पत्रपत्रिका राम्रोसँग विक्री वितरण हुन्थे । मानिसहरू खोजीखोजी पढ्थे तर हिजो आज साहित्यिक पत्रपत्रिका मात्र हैन व्यवसनयिक पत्रपत्रिकाको पनि बिक्री ठप्प जस्तै छ । थोरै मानिसहरू मात्र यतातिर रुचि राख्छन् पुस्तक विक्रीवितरणको अवस्था पनि खासै भिन्न छैन ।

नितान्त सेवा भावले यस क्षेत्रमा लागेको हुँ । केही पाउने अभिलाषा छैन । सुरूसुरूमा काम थाल्दा यति धेरै माया ममता पाउँछु होला, लागेकै थिएन । अहिले धेरै मानिसबाट माया, ममता र सद्भाव पाउँदा हर्ष विभोर छु । काम राम्रो रहेछ, असल बाटोमा पाइला हालिएछ, गर्नुपर्ने काममै ध्यान पुगेछ यति बेला यही सोची रहेछु । समयमै उपयुक्त निर्णय गरेकामा मन गद्गद् बनिरहेछ ।

विज्ञापन पाइन्छन्, छाप्न पनि सकिन्छ । कठिनाई बेहोर्नु पर्दैन । गाह्रो त छापिएको विज्ञापनको पैसा उठाउनुपर्छ । विज्ञापन खोज्न धेरै पापड बेल्नुपर्छ । लोकतन्त्रमा विज्ञापन पनि सोर्सफोर्सकै आधारमा पाइन्छन् । विना सोर्सफेर्स केही पनि हुँदैन । पैसा सोर्सफोर्सकै आधारमा उठ्छन् । विनाभनसुन केही हुँदैन । यी सब परिदृश्य देख्दादेख्दै पनि म आफूले गरेको काममा शतप्रतिशत सन्तुष्ट छु । आखिरमा हुनुपर्ने सन्तुष्ट मात्र न हो । सन्तुष्टि बाहेक अर्को कुनै पनि प्राप्ति छैन । सन्तुष्टिले मलाई हिँड्न सघाइरहेको छ ।

साहित्यलाई अनुत्पादक भन्नेहरू पनि छन् । ती भनेर सन्तुष्टि लिइरहेछन् । ज जसले जे जे भने पनि स्रष्टा छन्, सृजना छन्, साहित्यिक पत्रिका छन् । पाठक छन् । बोल्नेहरू बोलिरहेछन् । काम गर्नेहरू काममा रमाइरहेछन् । मैले पनि बाराबाट पत्रिका निकाल्न नसकिने सुनेको थिएँ । कमसेकम पाँच अङ्क त निकालौं यही सोचेर लागि परेको हुँ । आजसम्म यात्रा रोकिएको छैन, निकालिरहेको छु । मेरो जीवनयापनमा नभएर बेलाबेलामा यसैको जीवनयापनका लागि मैले सहयोगी बन्नुपर्छ तथापि म पछि हटेको छैन र हट्ने मनसुवा पनि मभित्र छैन । ३२ वर्षे यात्रामा नवप्रज्ञापन मेरो अति घनिष्ठ मित्र बनि सकेको छ । मित्र बिर्सेर म कसरी सुखका साथ कसरी बाँच्न सकौंला र ?

स्वाभिमानबस्ती, बारा ।

--

**गीत, गजल, म्युजिक भिडियो,**
**विवाह, कार्यक्रम आदिको लागि**
हामीलाई सम्भmनुहोस्
Four Cube Entertainment
9860660925/9841466812

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher.com/

# चेतन मनको प्रतिध्वनि



**बाबुराम न्यौपाने 'उत्स'**

इन्टरनेटको फैलँदो जालोले आज सञ्चार प्रविधि विश्वव्यापी मात्र बनेको छैन सर्वसुलभ रूपमा मानिसका हातहातमा पुगिरहेको छ । ल्यापटपमा फेसबुक नियाल्दै गर्दा साहित्यिक पत्रिका वैजयन्तीले स्वअन्तरवार्ताको लागि रचना माग गरेको तर रचना प्राप्त भइसकेको भन्ने सूचनाले ध्यानाकृष्ट गऱ्यो । नयाँ विषय लागेर जिज्ञासु बनें तर पठाऊँ कि नपठाऊँ दोधार बीचमा यसरी स्वअन्तर्वार्ता तयार भयो । म र ऐना दुई पात्र मिलेर स्वःसंवाद अघि बढ्यो ।

ऐना- तँ को होस् ?

म- म रहस्यमय सृष्टिमा चेतनशील भनिएको प्राणीको एक पिँढी हूँ ।

ऐना- पृथ्वीमा तेरो उपस्थितिको अर्थ र औचित्य के ?

म- महान् दार्शनिक र वैज्ञानिकहरू पनि अल्मलिरहेको विषय हो यो । यसमा दूरभविष्यसम्म तर्क र बहस चलिरहन्छ । सर्वमान्य अन्तिम निष्कर्ष निस्कन सजिलो छैन । मेरो वर्तमान नै मेरो उपस्थिति हो, अरू महाशून्य । जीवनमा उत्कृष्टताको खोज र महान् सृष्टिप्रति सम्मानबोध म हुनुको औचित्य हो ।

ऐना- हालमा तेरो दिनचर्या कसरी बित्दैछ ?

म- सामान्य रूपमा समय घर्किरहेको छ । सामाजिक क्षेत्रमा सक्रियता र साहित्य सिर्जनामा निरन्तरता रहेको छ ।

ऐना- साहित्यलाई कसरी परिभाषित गर्छस् ?

म- यो सामान्य लाग्ने तर गहन प्रश्न हो । साहित्य एकातिर झरनाको आदिम सङ्गीतको सुर र अर्कोतिर युगको प्रकाशदीप हो । साहित्य अन्त्यहीन सशक्त मौन आन्दोलन हो, जुन आन्दोलनको प्रकाश ज्वालामा हृदयको गहन उज्यालो जगमगाउँछ । कल्पना र यथार्थको रोचक, रोमाञ्चक र कलात्मक प्रस्तुति पनि हो साहित्य । साहित्य मुख थुनिएकाको बुलन्द आवाज हो ।

ऐना- तेरो बाल्यकालको बारेमा केही बुझौं न ?

म- आहा ! सम्झँदा पनि मन आनन्दले ढकमक्क फुल्छ । रमाइलो थियो, त्यो जीवनको आनन्द इतिहासको सुन्दर पाना बनेर गयो । कहिलेकाहीं ती पानाहरू पल्टाएर पढ्दा जोश र ताजगी महसुस हुन्छ । अनौठो ऊर्जा मिल्छ ।

डन्डीबियो, सिन्कौली र चिप्लेटी जस्ता खेल आँखामा नाच्छन् ।

ऐना- नेपाली साहित्य र विश्वसाहित्यको बारेमा के भन्नु छ ?

म- यो व्यापक विषय भएकोले धेरै कुरा गर्न सकिन्छ । नेपाली साहित्य व्यापक सम्भावना बोकेर अघि बढिरहेको छ तर चुनौती पनि कम छैनन् । सस्तो लोकप्रियता र अपारदर्शी पुरस्कार र सम्मानको बल्छीमा फस्दैछ, साधकहरू ओझेल पर्नु राम्रो होइन ।

विश्वसाहित्यसँग उभिन गर्नुपर्ने काम धेरै छन् । विभिन्न भाषामा स्तरीय पुस्तकको विशिष्ट अनुवाद अनिवार्य छ, अझ अङ्ग्रेजीमा । नत्र नेपाली भाषाको पुस्तक विदेशीले कसरी पढ्छन् र बुझ्छन् ।

ऐना- पर्या साहित्य बारेमा पनि तेरो विचार थाहा पाऊँ न ।

म- पर्यावरण जीवनको अस्तित्वसँग जोडिएको महत्त्वपूर्ण विषय हो । यस विषयमा साहित्यकारहरूले खबरदारीपूर्ण रूपमा निरन्तर कलम चलाउनुपर्छ । पर्यावरण जीवनको गर्भाशय हो । पर्यावरणीय सचेतनामा युगबोधी साहित्यकारको प्रखर कलमले जागरुकताको बीज रोप्नुपर्छ ।

ऐना- जीवन र मृत्युको विषयमा तेरो धारणा के छ ?

म- जीवन कोलाहलमय छ तर मृत्यु शान्त र मौन । जीवन झुल्के घाम भएर उदाउँछ, मृत्यु साँझको घाम भएर अस्ताउँछ ।

ऐना- जीवनको विशिष्टिकृत अनुभूति कुन हो ?

म- ज्ञान र सत्यको स्पर्श । मानवीय मूल्यमान्यताको धरातलमा सरल र सेवाभाव सहितको गतिशील जीवन शैली ।

ऐना- अहिले के गर्दैछस् ?

म- सामाजिक पाटो छँदैछ । मुख्यतः साहित्य सिर्जनामा व्यस्त छु । विभिन्न विधाका एक दर्जन कृतिको पाण्डुलिपि सम्पादन गर्दैछु । एउटा उपन्यास र अर्को लघुकथाको पिडिएफ तयारी भयो, तँ थाहा पाएरै सोध्दैछस् ।

ऐना भए पनि तँ मेरो प्रतिरूप वा प्रतिविम्ब होस् । संसारलाई ढाँट्न सकेपनि म ऐनामा संवाद गर्ने मान्छेलाई एकपित्को ढाँट्न सक्दिनँ ।

ऐना- स्वअन्तरवार्ता बारेमा केही भन्नु छ ?

म- स्वअन्तरवार्ता नयाँ प्रसंग लाग्यो, चेतन मनको प्रतिध्वनिको स्वःअभिव्यक्ति । यसमा धेरै भनाईहरू पोख्न सकिन्छ, बृहत् महाकाव्य नै रचना गर्न सकिन्छ तर यहाँ स्थान अभाव हुने भएकोले साङ्केतिक रूपमा मात्र केही स्वविचार प्रस्तुत भएका छन् ।

दमक, झापा ।

--

# स्वसंवाद



**डा. मधसूदन लामिछाने**

आजभोलि वृद्धवृद्धालाई निकै सम्मान गर्न मन लाग्छ । सायद ज्येष्ठ नागरिक संस्थामा काम गरेर हो कि या घरमै बूढा बाआमा भएर हो । समयले पनि साथ दिएको छ । केटाहरू बाहिरतिर कुदेका छन् । ९५ वर्षको बा र ८४ वर्षकी आमाका साथमा बस्न पाउनु पनि भाग्य नै हो । उहाँहरू कहिल्यै गनगन गर्नुहुन्न । आफ्ना अतीतका कुराहरू सुनाउन चाहनुहुन्छ । जसले उहाँहरूका कुरा सुन्दछ उसैलाई माया गर्नुहुन्छ । अरूलाई अलि बिर्सनुहुन्छ । बूढाबूढीको सम्झने शक्ति पनि निकै कम हुँदो रहेछ । मान्छे आएगएको तीसँग परिचय गरेका कुराहरू पुनरावृत्ति गर्नुहुन्छ । मलाई त उहाँहरूसँगै बस्न मन लाग्छ । उहाँहरूलाई हेरिरहँदा मनमा अनेकौं तरङ्गहरू ओहोर दोहोर गर्छन् । म आँखा चिम्लेर एकछिन केही सोच्च थाल्दछु । म वा मन र मेरो बुद्धि फरक हो जस्तो लाग्छ । मनले आफ्नै मनसँग प्रश्न गर्छ र तिनीहरूलाई अभिव्यक्त गर्न आज मन नै अघि सरेको छ ।

**तैंले बिहे नगरेको भए के हुन्थ्यो होला ?**

म २०२४ सालमा जन्मेको मानिस । त्यो बेला गाउँघरमा १५ वा १६ वर्षको उमेरमा बिहे गरिसक्थे । म भने २६ वर्षको उमेरसम्म विवाह नगरेर बसेको हुँ । बिहान योग गर्ने, योगीका कुरा सुन्ने, विवाह दुःखको कारण हो भन्ने कुरामा विश्वास गर्ने मेरो स्वभावका कारण ढिलो उमेरसम्म विवाह भएको थिएन । म वीरेन्द्र माध्यमिक विद्यालय रोल्पामा बालबालिकालाई शिक्षा दिने कार्य गर्थें । छात्रवासमा मेरो बसाई थियो । त्यहाँ पनि बिहानै ब्रह्ममुहुर्तमा सबै विद्यार्थीलाई उठाएर योग साधनामा लगाउने कार्य गर्थें । त्यो बेलासम्म विवाह गर्ने इच्छा नै थिएन । मैले विवाह नगरेको भए अहिलेको यो सुन्दर संसार हुँदैनथ्यो होला । गृहस्थी जीवनको यो भौतिक सुखमय संसार कहाँ हराउथ्यो होला ? सासूससुरा, सालासाली, भदाभदै आदि यो मायाको सुन्दर जालो कहाँ पाउनु ? काठमाडौंमा घर, जग्गा, जागीर यी सबै एकादेशका कथा हुन्थे होला कि ?

मन त अर्कोतिर पनि दौडन्छ । विवाह नगरेको भए म महान योगी, तपस्वी, ध्यानी, ज्ञानी र लोकमान्य मानिस भएर संसारमा आफ्नो छुट्टै पहिचान बनाएर बस्थें होला कि र लौकिक तथा पारलौकिक जीवनका बारेमा यति

विशाल ज्ञान प्राप्त गर्थें होला कि ? वा मेरा लाखौं अनुयायीहरू अगाडि पछाडि लाग्थे होला। मलाई विशाल ज्ञान राशीले संसारमा चिनाउथ्यो होला। संसारको ज्ञान विज्ञान, कला साहित्य, दर्शन, ज्योतिष, राजनीति, इतिहास सारा विषयको ज्ञान प्राप्त गरेको महर्षिभन्दा कम हुने थिइन होला। त्यति बेला यस्ता साना घर जग्गाको के कुरा, यो विश्व नै मेरो घर हुन्थ्यो। विश्वमानव मेरा बन्धुबान्धव हुन्थे। त्यो मान सम्मान सबै बिहेकै कारणले हराएका पो हुन् कि ? खै के के।

**ल भन त तैंले एस.एल.सी. पछि उच्च शिक्षा आर्जन नगरेको भए के हुन्थ्यो ?**

म २०४२ सालमा प्राथमिक स्थायी शिक्षक भएकै मानिस हुँ नि ! मैले उच्चशिक्षा हाँसिल नगरेको भए त्यही प्राथमिक विद्यालयकै हेड शिक्षक त हुन्थें हुन्थे र नेताका पछि लागेर राजनीतिक सुसंस्कारको विजारोपण गर्थें होला। २०६२ सम्मको अवधिमा योग्य सक्षम र असल संस्कार भएका नागरिक तयार गर्थें। स्थायी सेवाको २० वर्षपछि सो पदबाट राजीनामा दिई राजनीतिमा प्रवेश गरेर देश सेवामा लाग्थें। मेरो राजनीति अहिलेका नेताको जस्तो फोहरी खेल हुँदैनथ्यो। राजनीतिलाई सेवामा रूपान्तरण गर्थें। जहाँ पीडाका कथा व्यथा पनि हुन्थे त्यतैतिर दौडेर सकेको उचित सेवा गर्दथें। भागवतले बताए झैँ आफूलाई पुग्ने भन्दा बढी जम्मा गर्ने मानिस अपराधी हो भन्दै उसलाई दण्ड दिनु आवश्यक छ भन्ने मूल सूत्रलाई व्यवहारमा रूपान्तरण गर्थें। स्वार्थबाट माथि उठ्ने हो भने कसैले पनि औंला उठाउन पाउँदैन। कसैले निन्दा गर्न सक्दैन जस्तो लाग्छ। आत्माले निर्देशन गरेको न्यायप्रणालीलाई व्यवहारमा रूपान्तरण गर्ने र अरूलाई पनि त्यतैतिर उत्प्रेरित गर्ने कार्यमा अघि बढ्ने थिएँ सायद। जीवनभर मानसम्मानका साथ बाच्थें र मरणोपरान्त पनि केही समयसम्म अरूले सम्झने खालको कर्म गरी मर्ने प्रयत्न गर्दथें।

**बाल्यकाल कस्तो थियो ?**

मेरो बाल्यकाल निकै रमाइलो थियो। हामी ८ भाइ बहिनी हौं। मेरो अगाडि १ दाजु र पछाडि २ भाइ र ४ जना बहिनीहरू थिए। दादासँग कहिलेकाहीँ झगडा गर्थें। पछाडिका भाइबहिनीलाई निकै माया गर्थें। खानेकुरा कहिल्यै फालिएन। बरु खोसाखोस गरी खाइन्थ्यो। बाबा गाउँको शिक्षक र कहिलेकाहीँ सप्ताहमा पण्डित भएर प्रवचन गर्नुहुन्थ्यो। यहाँका गोजीमा पैसा हुन्थे। आवश्यक परेको खण्डमा माग्दा दिनुहुन्थ्यो। विद्यालय अलिकति टाढा भएका कारणले बाबाले हामीलाई काठको ठूलो पिर्कामा मसिनो रातो माटो राखी क, ख र अ, आ पढ्न, लेख्न सिकाउनुभयो। त्यति मात्र कहाँ हो र ? उहाँले बाह्रखरी सिकाइसकेपछि मलाई चण्डी पढाउन सुरु गर्नुभयो। तेह्र अध्याय चण्डी पढाएपछि गणाणान्त्वा भनी रुद्री पनि पढाउनुभयो। धरमा गाईबाख्राको सङ्ख्या कम थिएन। तिनीहरूलाई

लिएर बेलाबेला वनमा जानुपर्थ्यो । वनमा पनि रूपा, पार्वती, नारायणी, एकानन्द, आत्मदेवसँग निकै रमाइलो गरी समय बिताइन्थ्यो । वनमा काठका मन्दिर बनाउने, पूजा गर्ने, काँक्रा, मूला, अम्बा, बोडी आदिको प्रसाद बनाएर चढाउने अनि खाने जस्ता कार्य गर्दा निकै रमाइलो हुन्थ्यो । चिमुसी, राज्जे, घेघेरानी, बयाँटी जस्ता खेलहरू खेलिन्थ्यो । बाबाले खेलभन्दा पढाइलाई ध्यान दिनु भन्नुहुन्थ्यो । बाल्यकाल सम्झँदा फेरि बालक हुन मन लाग्छ तर कसरी ? प्रश्न तेर्सिन्छ ।

**पहिलो सन्तानको पिता हुँदा अति खुस भएको थिइस् नि ?**

वंशपरम्परा मानवको ठूलो सम्पत्ति हो । आत्मानां जायते पुत्र अर्थात् आफू नै सन्तानका रूपमा जन्म लिन्छ । विवाह पश्चात् सन्तानको इच्छा त अवश्य हुन्छ । त्यो बेला हामी पति पत्नीको बसाई अलि टाढा थियो । म रोल्पामा शिक्षक थिएँ भने उनी सल्यानमा । मासिक एक दुईपटक भेट हुन्थ्यो । समय पनि ३० वर्षको हाराहारीमा भएकोले सन्तानको इच्छा गर्नु स्वाभाविकै थियो । उनी गर्भवती भइन् । पहिलो त पहाडमा बसाई, दोस्रो अहिलेको जस्तो डाक्टरी प्रविधि थिएन । गर्भमा छोरा वा छोरी के छ भन्ने हामीलाई थाहा भएन । जँचाउनु त कहाँ कहाँ अस्पत्तालको मुखसम्म देखिएन । अहिलेको जस्तो मोबाइलको जमाना पनि थिएन । चासो त थियो नै कतिखेर के खबर आउँछ भन्ने । तपाईं त पिता हुनुभयो नि ! यी शब्द मलाई कसैले सुनायो । एकछिन निकै आनन्दित भएँ तर श्रीमती तथा नवजात शिशुको अवस्था के कस्तो छ भन्ने आँखाले देख्न नपाउँदासम्म त छटपटी त हुने नै भयो । श्रीमतीको माइत नजिकै उनीको शिक्षण पेशा थियो । त्यसैकारण हाम्रो जेठो छोरा मामा घरमा नै जन्मेको हो । श्रीमतीको शारीरिक अवस्था देख्दा आफैलाई निकै गाह्रो भएको अनुभूति हुन्थ्यो । बिचरा गर्भमा अवस्थित बालकलाई कति गाह्रो भएको होला जस्तो लाग्थ्दथ्यो । म दौडेर माइती घरमा पुगें । बालक पृथ्वीमा अवतरण भएको देख्न पाउँदा मलाई खुसी लाग्यो । आमाको अनुहार हरें । उनको चन्द्रमा निकै उज्यालो थियो । यसले मलाई झन् प्रसन्नता दिलायो । घरि आमा र घरि छोरालाई देख्दा झन् खुसी लाग्यो । त्यो बेला आफ्नो काँधमा निकै जिम्मेवार थपिएको जस्तो अनुभूति भयो ।

**कुनचाहिं त्यस्तो काम गरेको छस् जुन जीवनमा बिर्सनै सक्दैनस् ?**

मेरो जीवनमा बिर्सनै नसकिने दुईवटा घटनाहरू छन् । पहिलो २०४३ सालको घटना हो । म घरबाट रुकुमको प्राथमिक विद्यालय जाङमा जागीरी खान्थें । चैतको महिना थियो । म घरबाट विद्यालय जाँदै थिएँ । राङ्सी भन्ने गाउँमा पुगेको बेला सूर्यले अस्ताचलतिर पुगी दिवासँग विदा माग्दै थिए । निकै बल गरेर हिँडेपछि आधा घण्टाको ओरालो त हो । भेरी नदी तरें भने त मेरो प्यारो कर्मक्षेत्र जाङ त पुगिहाल्छु नि भनी म अगाडि बढिहालें । त्यो बेला भेरी नदीमा न पुल थियो न साँगो । केवल थियो नदीमाथि वारपारको एक लामो डोरी । कम्मरमा

घटालो (कम्मरमा बाँध्ने एक काठको सामग्री) बाँधेर त्यही डोरीमा झुन्डेर आकाश हेर्दै लम्पसार सुतेर बिस्तारै त्यो नदी पार गर्नुपर्थ्यो । त्यो घटालो मसँग थिएन । कोही मानिस त आउलान् भनी करिब आधा घन्टा जति कुरेर बसें । मेरो दुर्भाग्य कोही पनि आएनन् । रातले आफ्नो प्रभाव जमाउँदै गयो । उकालो चढी गाउँतिर लागुँ भने करिब अब दुई घन्टा जति लाग्छ । राती बाह्र एक बजे गाउँमा पुग्दा कसलाई उठाउने, कहाँ बस्ने ? गर्मीको समय एउटा ठूलो ढुङ्गा थियो । त्यही ढुङ्गामा बसी निस्पट्ट रात, सुनसान वातावरणमा कता कता भित्रको डर, करिब आठ घन्टाको रात बिताएको यो घटना म कहिल्यै बिर्सन सक्दिनँ ।

दोस्रो बिर्सनै नसकिने घटना पनि रुकुम जिल्लाकै यात्राको क्रममा देखेको घटना हो । मुसिकोटबाट रुकुम जाँदा बाटामा एउटा कैलिदेउ नामको गाउँ पर्थ्यो । म चौतारो जस्तोमा एकछिन बिसाएर आराम गर्दै थिएँ । सानो जङ्गल थियो । मेरा आँखा त्यतै घुम्दै थिएँ । एउटा ठूलो रूखको टुप्पोमा एक जना नारीले डाले घाँस काट्दै थिइन् । त्यति ठूलो रूखमा ती नारी कसरी चढी होलिन् । नारीको साहस र बाध्यतालाई मान्नैपर्छ । यस्तै यस्तै सोच्दै थिएँ । त्यो रूखबाट ती नारी यति छिटो ओर्लिइन् कि मेरा आँखा ओर्लिन नपाउँदै । मलाई भ्रम भयो । ती झरिन् वा लडिन् ? म नजिकै थिएँ, गएर हेर्नु मेरो कर्तव्य थियो । मलाई लाग्यो कि उनीको शरीरको कुनै अङ्गमा निकै चोटपटक लाग्यो वा डाले घाँस काट्ने खुर्पाले आफ्नै अङ्गमा कतै काट्यो ? म दौडेर त्यहाँ पुगें । त्यहाँ अय्या अय्याको आवाज आइरहेको थियो । नजिकै गएर हेरें । ती नारीको काखमा त नवरात शिशु पो थियो । अलि पर दुई तीनवटा घरहरू थिए । म दौडेर त्यही पुगें र यो घटना अरूलाई सुनाएँ । दुईतीन नारी र केही केटाकेटी त्यतातिर कुदे । बालकसहित ती महिलालाई लिएर पुराएँ । म काठमाडौं आएको करिब ३० वर्ष जति भयो । आज यहाँका गर्भवती महिलालाई देख्छु, झलक्क त्यो घटना सम्झन्छु । ती ग्रामीण नारीका तात्कालीन ती कथा, व्यथा, पीडा, बाध्यता सम्झँदा कठै मेरो देश र मेरा आमाहरू भन्ने लाग्छ । यो घटना बिर्सनै सक्दिनँ ।

**मानव सेवा गर्छु, महर्षि बन्थें भन्थिस् तर रोल्पाबाट किन काठमाडौं सरुवा मागिस् नि ?**

म वीरेन्द्र माध्यमिक विद्यालय रोल्पामा शिक्षण पेशामा कार्यरत थिएँ । निम्नमाध्यमिक तहको स्थायी शिक्षक, लाटो देशमा गाँडो तन्नेरी, बोल्न पनि राम्ररी जानेको, ग्रामीण क्षेत्रमा हुने अन्याय र अत्याचारका विषयमा पनि आफ्ना गहकिलो तर्क राख्न सक्ने, अरूले पनि मधु मधु भनेर थोरैले भए पनि चर्चा गरेकै व्यक्तिमा पर्थें । स्नातक तह उत्तीर्ण गरे पनि मभित्र अझै उच्च शिक्षा आर्जन गर्ने इच्छा त छँदै थियो । कसरी कहाँ गएर पढ्ने होला भनेर चिन्तन थिएँ । त्यही बेला देशमा माओवादी युद्ध आरम्भ भयो । आजभन्दा भोलि झन् सन्त्रासको वातावरण

फैलँदै गयो । जनकल्याण माध्यमिक विद्यालयका शिक्षक राजेन्द्र के.सी., भानुभक्त माध्यमिक विद्यालयका शिक्षक पुष्पराज आचार्यको हत्या भएपछि वातावरण भयावह बन्न पुग्यो । मेरो गल्ती केही नभए पनि शिक्षक सङ्घको शिक्षक हो भनी कसैको आपराधिक मनोवृत्तिका कारणले म पनि माओवादीको तारो बन्न पुगें । २०५२ सालको कुरो हो मलाई झ्याम्मको जङ्गलमा केही लुकेर बसेका माओवादीहरूले अपहरण गरे । तीन दिनमा म त्यो भयावह वातावरणबाट फुत्कन सफल भएँ ।

हाम्रा हजुरबाहरूले भन्नुहुन्थ्यो, जिउ बाँचे जिउलो हुन्छ । जागीरी भन्ने कुरा यस्तै हो । निर्भय भई बाँच्न पाउनु नै तेरो ठूलो उपलब्धी हो । भाग माहिला भाग, अब यो ठाउँ छोड्नु नै बेस होला । मलाई भित्रबाट कसैले आदेश दिएजस्तो लाग्यो । म भागेर रातारात काठमाडौं आइपुगें । जे हुन्छ त्यो राम्रैका लागि हुन्छ । दैवले भन्छ रे ! तँ सोच म पुऱ्याउँछु । काठमाडौं आएर पढ्ने मेरो धोको थियो । त्यो अब सजिलै पूरा हुने भयो । केही समयपछि मेरा आदरणीय मामादाइ जि.शि.अ. विष्णुकुमार देवकोटाको सहायताले मेरो जागीर रोल्पाबाट काठमाडौंमा सरुवा भएको हो । सुरु सुरुमा रोल्पामै बसेर माध्यमिक विद्यालयमा हेडमास्टर हुने इच्छा थियो । मम इच्छा समोनास्ति दैव इच्छा प्रवर्तते भनेको सुनेको थिएँ । हो साँच्चै पो रहेछ । मानिस परिस्थितिको दास पो रहेछ । परिस्थितिले जता घुमाउँछ उतै घुम्नु पर्दो रहेछ । मलाई पनि परिस्थितिले नै काठमाडौं ल्याएको हो ।

**अनि विद्यावारिधि गर्ने प्रेरणा चाहिँ कसले दियो नि ?**

कहिलेकाहीँ अब म यो काम गर्छु भनी अगाडि बढ्दा अनेक प्रकारका बाधाव्यवधानहरूले चरैतिर घेरा हाल्दछन् र त्यो कामै हुँदैन भने कहिले सोच्दै नसोचेको अत्युत्तम कार्यको पनि आरम्भ हुन्छ र सजिलै सम्पन्न हुन्छ । मैले विद्यावारिधिको उपाधि पाउँला भन्ने सोचेको पनि थिइनँ । म सानोठिमी भक्तपुरमा जहाँ डेरा गरी बस्थें । त्यसको नजिकै डा. भूपहरि पौडेलको घर थियो । बाले भन्नुहुन्छ, सज्जनको सङ्गत गर्नुपर्छ है बाबु । सङ्गत गर्दै जाँदा डा. भूपहरि पौडेलले ममा के देख्नु भो खै ? तिमी विद्यावारिधि गर्न सक्छौ गर भनी उत्प्रेरित गर्नुभयो । म विद्यालयको शिक्षक किन विद्यावारिधि चाहियो सर भनी प्रश्न गर्दा ज्ञान र स्वान्त सुखायको लागि यो उपाधि चाहिन्छ । मैले समयमै भनेको छु । पछि पछुताउनु पर्दैन । यो काम गर भनी उत्प्रेरित गर्नुभयो । विषय छनोटमा समेत सहयोग गरी आफू निर्देशकका रूपमा रहेर पं. नरेन्द्रनाथ रिमाल प्रणीत महाभारत अठार पर्वको विश्लेषाणात्मक अध्ययन नामक शीर्षकमा मलाई विद्यावारिधिको उपाधि दिलाउनुभयो । उहाँको प्रेरणा मेरो लागि अविस्मरणीय बन्न पुगेको छ ।

**स्रष्टा हुनु राम्रो कि नराम्रो ?**

सबै क्षेत्रमा सिर्जना गर्नु उत्तम कार्य हो । किसानले डोको, नाम्लो, हलो, आदि आफूलाई चाहिने सामग्रीको आफै सिर्जना गरोस् । साहित्य साधकले साहित्य सिर्जना गरोस् । साहित्य सिर्जना गरेर स्रष्टा हुन् निकै राम्रो कार्य हो । धर्म अर्थ, काम, मोक्ष प्राप्तिका लागि साहित्यको सिर्जना गरिन्छ भनिएको छ । हरेक आमालाई बच्चा जन्माउन जति कष्ट हुन्छ त्यति नै कष्ट एउटा सुन्दर सिर्जना जन्माउन एक सर्जकलाई हुन्छ जस्तो लाग्छ । वाल्मीकि, व्यास, भारवि, कालिदास, माघ, श्रीहर्ष जस्ता पूर्वका विद्वान्हरूले काव्यको सृष्टि गरे । तिनीहरू तात्कालीन समयका महान् स्रष्टा बने, लौकिक संसारमा रमाए र मरोणोपरान्त अष्टचिरञ्जीवी झैँ बाँचिरहे । अतः बाँचिरहने स्रष्टा हुनु त निकै उत्तम कार्य हो । यो एिउटा साधना अभ्यासबाट पूर्ण हुन्छ जस्तो लाग्छ ।

**अब कस्तो साहित्य लेखिनुपर्छ नि ?**

हितेन सहितं इति साहित्य अर्थात् जसले सबैको हित गर्छ त्यो नै साहित्य हो । हित गराउने माध्यम नै विवेक वा बुद्धि हो । ज्ञान, बुद्धि, विवेक बढाई सार्थक जीवन जिउन सिकाउने शास्त्रवत् साहित्य लेखिनुपर्छ । आजभोलि सामान्य विचार प्रकट गरेर पुस्तक प्रकाशन गर्ने र छिटै साहित्यकारको शृङ्खलामा उभिने दौड पनि निकै देखिन्छ । मानवको मस्तिष्कलाई छिटै प्रभाव पार्ने अलि उच्छृङ्खल साहित्यले केही छिनमा त प्रभाव पार्ला, राम्रै पनि लाग्ला तर दीर्घकालीन असर त्यति प्रशंसनीय हुँदैन । साहित्य बोध्य, सर्वप्रिय र सकारात्मक चिन्तन प्रवाह गर्ने खालको हुनु आवश्यक छ । स्रष्टाले सृष्टिलाई र सृष्टिले स्रष्टालाई बचाउन सक्ने खालको साहित्य सिर्जन हुन सकोस् यही मेरो चाहना छ ।

**सेवानिवृत्त हुनु १२ वर्ष अगाडि नै किन राजिनामा दियौ नि ?**

सधैं एउटै पेशा, एउटै ठाउँमा रहेर जीवनको सारा ऊर्जा खर्च गर्नुपर्छ भन्ने भावना बोकेको मानिस म होइन । २०४२ सालमा नै स्थायी भएको व्यक्ति २०४५ सालमा राजिनामा दिएकै हो । २०४८ सालमा स्वतः स्थायी हुँदा पनि नियुक्ति नलिएकै मानिस हुँ । कतिबेला दिमागले के निर्देशन गर्छ त्यो काम गरिहाल्ने मेरो बानी पहिलेदेखिकै हो । २०५२ सालमा स्थायी भएको व्यक्ति २०७२ सालमा २० वर्ष सेवाअविधि त पुग्यो । शिक्षा दिने काम त गर्छु नै । विद्यायलका विद्यार्थीलाई भन्दा क्याम्पसका विद्यार्थीलाई पढाउन मन लाग्यो । एकै समयमा दुईवटा भिन्नै संस्थामा काम गर्न मनले मानेन । विद्यालयमा राजिनामा दिई क्याम्पसमा प्राध्यापन पेशामा समर्पित हुन पाए के के न हुन्थ्यो जस्तो पनि नलागेको होइन । म अलि भिन्नै विचार भएको मानिस पनि हुँ । मैले मात्रै गरेर मेरो जीवन दौडेको छ जस्तो लाग्दैन । मलाई विभिन्न क्षेत्रमा दौडाउने मेरो प्रारब्ध कर्म पनि त होला नि ! उसले जता जता दौडाउँछ उतै उतै म दौडनुपर्छ जस्तो लाग्दछ । त्यसैले सेवा निवृत्त हुनुभन्दा १२ वर्ष अगाडि नै मैले राजिनामा दिएको हुँ ।

### आफैले गरेका सबै निर्णयमा सन्तुष्ट छौ त ?

कर्मले जस्तो प्रकारको फल भोगाउँछ त्यसमा सन्तोष नलिने मानिस कहिल्यै पनि सुखी हुँदैन भनेको सुनेको थिएँ । म त्यसैमा विश्वास गर्छु । मैले गरेका कर्मका जे जस्ता फलहरू प्राप्त हुन्छन् त्यसमा म कहिल्यै चिन्ता गर्दिनँ । काम आरम्भ गर्नुभन्दा अगाडि निकैबेर सोच्ने गर्छु । गीतामा श्रीकृष्णको वाणी, *कर्ममा हक तिम्रो छ फलमा छैन अर्जुन ।* यही मूलमन्त्रलाई मनन गर्छु र आनन्दसाथ बस्छु । मैले गरेका निर्णयमा म सदैव सन्तुष्ट छु ।

### आफ्ना विद्यार्थी र सन्ततिलाई कस्तो सन्देश दिन्छौ ?

मनले सोध्यो मैले सोचें- शरीरले अह्राएको काम मनले नगर्ने र मनले अह्राएको काम शरीरले नगर्ने गरेका थुप्रै उदाहरणहरू मैले देख्दै आएको छु । यसैको परिणाम हो युवाहरूको निराशा र कुण्ठा । तपाईंहरूले जे काम गरिरहनु भएको छ त्यसैमा मन लगाएर आफूभित्रको पूरै ऊर्जा खन्याउनु होस् । पक्कै पनि राम्रो परिणाम निस्कन्छ । त्यसैमा आनन्द लिने गर्नुहोस् । परिवार, समाज र देशको उत्थानका लागि केही न केही असल कार्य गर्ने प्रण गर्नुहोस् । दिनभरि यस्ता कार्य गर्नुहोस् जसले तपाईंलाई रातभरि अमृतमय निन्द्रा दिऊन् । म मेरा चेलाचेली र छोराछोरीलाई यही सन्देश दिन्छु ।

-_-


**हाम्रा केही निबन्ध-प्रबन्ध-नियात्रा-संस्मरण-वृत्तान्तका पुस्तक**

| | | |
|---|---|---|
| १. ब्रह्मचर्य यौनसंयमको वैज्ञानिक उपाय | -तीर्थराज पौडेल | १५०/- |
| २. जीवनको आँखीझ्याल | -नारायणप्रसाद ढुङ्गाना | ८५/- |
| ३. मधेसी आन्दोलनका २१ दिन | -मधुसूदन पाण्डे | १००/- |
| ४. वोर्नियोको नरमुण्ड शिकारी | -मधुसूदन पाण्डे | ८०/- |
| ५. पत्थर पगाल्दै | -गोपाल सञ्जेल | १५०/- |
| ६. धूमशिखाको लयमा सल्लाको सुसेली | -रमेश विकल | २५०/- |
| ७. Infinity | -भवेश खनाल | १७५/- |
| ८. सम्राट्को सीमाभित्र र बाहिर भानुभक्त | -प्रा. राजेन्द्र सुवेदी | १६०/- |
| ९. मेरो माटोसँग | -हरि थापा | २२५/- |
| १०. समय समयका कुरा | -जगदीश लामिछाने | २५०/- |
| ११. लयको खोजीमा | -रजनी ढकाल | २००/- |
| १२. सत्यसंलाप | -मोहन चापागाईं | २५०/- |
| १३. झ्याम्ली बाख्राको पाठो | -डा. शिव गौतम | ४००/- |
| १४. साँढे (हाँस्यव्यङ्ग्य) | -सर्वज्ञ वाग्ले | २५०/- |
| १५. छेउ न टुप्पो | -प्रकाशप्रसाद उपाध्याय | १५०/- |
| १६. सुदर्शन | -कमल रिजाल | ४००/- |

# नलेखेको भए के गर्थें होला ?



**रामकुमार पण्डित**

साँच्चै मैले लेखन कार्यलाई अघि नबढाएको भए के गर्थें होला ? कहिलेकाहीँ यस्तो प्रश्न म आफैंलाई सोधेर घोत्लन मन लाग्दछ । अरूले लेखेर समाजमा उदाहरणीय भएको देखेर मलाई पनि त्यस्तै हुन मन लाग्थ्यो । आफ्नै छिमेकी गाउँ आरूबारीको सरकारी विद्यालयमा मैले पाँच कक्षादेखि पढेको थिएँ । त्यो विद्यालयमा आउँदाजाँदा म आख्यान विधाका सशक्त हस्ताक्षर रमेश विकल जो म पढ्ने अरुणोदय मा.विको संस्थापक मध्येकै थिए । उनलाई देख्दा मभित्र श्रद्धाको भेल उर्लन्थ्यो । यद्यपि उनको जेष्ठ सुपुत्र विजय चालिसे पनि आख्यान विधाकै सशक्त शिल्पी थिए तर मैले उनको परिचय थाहा नपाउँदा त्यतिबेला उनलाई अरू सामान्य मानिसलाई देखेजस्तै लाग्दथ्यो । विजय चालिसेले पढाउने अङ्ग्रेजी विषयको म नियमित विद्यार्थी थिएँ । गाउँसमाजमा साहित्यकार भनेर रमेश विकलको नाम धेरैले लिएका हुन्थे । रेडियो नेपालमा नियमित बज्ने रेडियो नाटक, रूपक आदि म चाख दिएर सधैं सुन्दथें । यस्तो नाटकहरूमध्ये कहिलेकाहीँ रमेश विकलको पनि बज्दथ्यो । रमेश विकलकै केही कथाहरू पाठ्यक्रममा पनि हुन्थे । यसैले पनि मलाई रमेश विकलको प्रभाव परेको होला । रेडियोमा बजेजस्तै कविता, नाटक लेख्ने प्रयास गर्दथें । कहिलेकाहीँ हुलाकबाट पठाएको कविता रेडियो नेपालको बालकार्यक्रममा बज्दा विद्यालयमा सँगै पढ्ने साथीहरूले सुनेर 'कवि हुने भइस्' भनेर जिस्काउँथे । यसरी साहित्य र साहित्यकारप्रति मेरो उच्च सम्मान भए तापनि नलेखेको भए मैले के गर्थें होला भनेर सोचाइ आउँदा रमाइलो लाग्दछ ।

आठ कक्षा पढ्दा नारायण गोपालले गाएको गीत 'एउटा मान्छेको मायाले कति" साह्रै लोकप्रिय थियो । आफ्नै गाउँकी कक्षा सहपाठी कौशल्या चालिसेले एकदिन कुमारीथानको मन्दिर निरको एउटा घरमा रेडियोबाट बज्दै गरेको त्यो गीतलाई इङ्गित गर्दै भनेकी थिइन् 'आहा, कति राम्रो गीत !' उनले भनेको कुरा मैले त्यतिबेला बुझ्न सकेको थिइनँ । कसरी राम्रो भनेको होला ? त्यस गीतमा के छ र ? अनि राम्रो भनेको होला भनेर मनभित्र खुल्दुली भइरह्यो । मैले उनको कुरामा कुनै प्रतिक्रिया दिन नपाउँदै हाम्रो ध्यान अन्यत्र मोडिएकोले

जवाफ दिनु परेन । पछिपछि अरूले पनि रेडियोबाट बज्ने कतिपय गीत कति राम्रो भनेपछि म सोचमग्न हुन्थेँ, के भएपछि राम्रो हुन्छ अथवा किन राम्रो हुन्छ ? भन्ने कुरा म आफैँलाई सोध्दथेँ । स्वर, शब्द र सङ्गीतको कारणले गीत राम्रो हुन्छ भनेर बुझ्ने क्षमता मेरो टीनएजको शिखरतिर पुगेपछि मात्र हुन थालेको थियो । बुझेपछि राम्रो शब्द भएका गीतहरूमा म आफैं हराउन थालेँ । सतचालीस सालको मङ्सिरमा नारायण गोपालको देहावसान भएको हप्ताभरि रेडियो नेपालले हरबखत उनको गीत बजाइरह्यो । उनलाई स्वर सम्राट् भनेर उनको बारेमा भनिरहँदा मलाई पनि गायक बन्ने रहर पलाउन थाल्यो । गीत गाएर संसारले चिन्दा रहेछन्, राम्रो भन्दा रहेछन् भनेर मनमा प्रभाव पऱ्यो । त्यसपछि मैले रेडियोमा बज्ने गीत बाटो हिंड्ने बटुवालेजस्तै गरी गाउनँ थालेँ तर एकान्तमा । एकजना मात्र मान्छेको अगाडि गीत गाउन त के, बोल्न पनि मलाई धक लाग्थ्यो तैपनि गोठालो गएको बेला पाखा, खेतबारीतिर गाउन मन लागेको बेला गाउने गर्दथेँ तर के मैले त्योभन्दा अगाडि गाएकै थिइनँ त ? थिइनँ भन्दा शतप्रतिशत झूठ हुन्छ र मलाई झूठ मन पर्दैन । छ वर्षको उमेरदेखि कपनमा रहेको सरकारी विद्यालयमा गाउँभरिका केटाकेटीसँग जाँदा आफूभन्दा पाँच-छ वर्ष जेठा दिदीदाजुले बाटोमा गाउँदै हिंडेको गीतमा रमाइरमाइ साथ त दिएकै थिएँ । त्यतिबेला गीतले के भनेको छ, त्यो गीत भन्न हुने हो कि होइन भन्ने नजानी नै गाएको थिएँ । त्यस्ता गीतह? अधिकांश त अश्लील प्रकृतिका हुन्थे । पहिलो हरफ पाच्य हुन्थ्यो भने त्यससँग मिलाइएको अर्को टुक्का अश्लील । जस्तै 'ऐसेलुको झाङमुनि आगो दनदन ....' 'एक पैसाको काटाङकुटुङ दुई पैसाको पिप्ला....' आदि । यस्तो गीतको टुक्का गाएपछि धेरैजसो दाजुदिदी खित्का छोडेर हाँस्थे । म भने नबुझेकोले हाँसेजस्तो मात्र । त्यसपछि रेडियोमा बज्ने भजन सङ्किर्तन बेलाबखत गाउँथे नै । दिदीदाजुले रेडियोमा बजेकै 'ए सानु हे, चोयाको डोको...' बोलका लोकगीत गाएको देख्दा म पनि उसैगरी गाउँथेँ । प्रायजसो साँझपख साथीभाइ जम्मा भएको बखत जानेको जति गीतहरु सामूहिक स्वरमा गाएर मनोरञ्जन लिने चलन हुन्थ्यो । रेडियोमा बज्ने रोचक विज्ञापन पनि केटाकेटीमाझ लोकप्रिय हुन्थ्यो । परिवार नियोजनका विज्ञापन, यौन रोग सचेतनासम्बन्धी विज्ञापन, साबुन र दन्तमन्जनको विज्ञापन रमाएर गाउँथ्यौं ।

यी बाहेक अरू के होला भनेर यसो घोत्लिदा सम्झनामा आउँछ, असार महिनामा खेतालाहरुले काँठे(असारे) गीतको भाकामा दोहोरी खेलेको । कोही कोहीले त रोपाइँको दिनमा असारे भाकामा गीत गाउने कुशल गायक गायिका ल्याएर दोहोरी खेलाउँथे दिनभरि । त्यस्तो रोचक दोहोरी देखेर त्यसको थोरैथोरै नक्कल गर्न म लगायत अन्य साथीभाइलाई असाध्यै रमाइलो लाग्दथ्यो । यस्तो दोहोरी तीजको बेलामा, बाला चर्तुदशीको समयमा पशुपति मन्दिर वरपर पनि खेलिएको पाइन्थ्यो । कुशेऔंसीमा गोकर्णेश्वर मन्दिरको परिसरमा खेलिएको

हुन्थ्यो । त्यो रोचक र घोचक दोहोरीको प्रभाव मलाई परेको थियो नै । त्यतिखेर सिनेमाघरमा गएर चलचित्र हेर्न औधि मन लाग्थ्यो । पैसा नहुँदा कहिले पैसा होला र हेर्न जाउँ भन्नै हुन्थ्यो । कहिलेकाहीँ पैसा भए पनि घरमा बुवाआमालाई खेतीपातीमा सघाउनु पर्ने हुँदा चाहेको बेला जान सकिन्नथ्यो । त्यसरी चाँजो मिलाएर हेरेको चलचित्रको गीत र कथा मन र मष्तिस्कमा बस्दथ्यो । हामी त्यही चलचित्रको गीत रेडियोमा बजेको सुनेर 'कान्छाले कान्छीलाई लग्यो, बनको बाटो लालटिनी बालेर' आदि गीत गाउँथ्यौं । त्यति नै बेला निजी विद्यालय फाट्टफुट्ट खुलेको थियो । त्यहाँ पढ्न जाने विद्यार्थी एकदमै कम हुन्थे, महङ्गो शुल्कको कारण । त्यहाँ पढ्न गएका भाइहरूले सिकेर आएको 'ङ्याऊ ङ्याऊ बिरालो यतातिर आऊ.' जस्ता बोलका गीतहरू मज्जा लिएर गाउँथ्यौं ।

चौध-पन्ध्र वर्षको उमेर हुँदा हाम्रो घरमा बस्न आएका अमेरिकी विद्यार्थी जो नेपाली सस्कृतिको अध्ययन गर्न आएका थिए, तिनले गिटार बजाएको देखेर मैले पनि अलिअलि सिकेर गितारको तालमा गीत गाउने अभ्यास गर्दथें । बाँसुरी किनेर बाँसुरीबाट गीतको लय गाउँदा निकै आनन्द आउँथ्यो । कहिलेकाहीँ नुवाकोटको पाटी भञ्ज्याङबाट खेतीपातीको काम गर्न आएका तामाङ दाजुभाइले बाँसको मुरली बनाएर दिन्थे । त्यो बजाउँदा निस्केको धुनबाट पनि आनन्द लिइन्थ्यो । वास्तवमा यस्ता सामग्री जन्मिदै कसैले जानेर आएको हुँदैन, म दाजु र भाइ (हामी) सिक्न प्रेरित हुन्थ्यौं ।

सतचालीस सालको माघ महिनातिर प्रवेशिका परीक्षा सकिएपछि म कहिलेकाहीँ काठमाडौं शहरतिर जान्थें । त्यो भन्दा अघि एक्लै कहिल्यै गएको थिइनँ । कलेज जान थालेपछि मन लागेको बेला सहरतिर जान्थें । बस चढ्ने पैसा हुन्थेन म साइकल चढेर जान्थें । धरहरा र हुलाक कार्यालय अगाडि फूटपाथमा लस्करै पुस्तकपत्रिका बेच्न राखिएका हुन्थे । अरूजस्तै म पनि त्यहाँ उभिइ उभिइ हेर्नेपढ्ने गर्दथें । कस्तो पुस्तक पढ्ने, कसरी पढ्ने भन्ने जानकारी थिएन । उमेरले निर्देश दिएअनुसार त्यतिबेलाका वयस्कले पढ्ने रसरङ्ग, तथ्यकथा, यौनशिक्षा, कामना, सिनेस्टार आदिजस्ता पत्रिकामा आँखा गएर टाँस्सिन्थे । त्यस्तै समयमा रेडियो नेपालबाट लोक गीत प्रतियोगिताको सूचना आयो । सूचनामा नयाँ गायकको स्वर परीक्षा निशुल्क गरिने बताइएको थियो । नयाँ नयाँ लोकगीत र लोक गायकको खोजी गर्नलाई यस प्रकारको आयोजना हुन्थ्यो । म पनि स्वर परीक्षा कसरी गरिँदो रहेछ भनेर हेर्न गएँ । त्यतिबेला सिंहदरबारभित्र जो कोही निस्फिक्री जान पाउँदथे । शिव शङ्करजस्ता सङगीतकारको समूहले हार्मोनियम, मादल आदि बजाएर नव गायकको स्वर परीक्षा लिइरहेका हुन्थे । एकपटक दिउँसो चार बजेतिर नयाँ गायकहरूले स्वर परीक्षा दिएको हेरेपछि मलाई पनि त्यो परीक्षा दिन मन लाग्यो र म गएँ अर्को दिन । गीत आफैले सङ्कलन गरेको वा रचना गरेको लोकलयको हुनुपर्ने नियम थियो । म आफैले रचना गरेको

लोकगीत लिएर गएँ । केही गायकहरूले परीक्षा दिएपछि मेरो पालो आयो । कहिल्यै मान्छेको अगाडि एक्लै गाउने त के खुलेर नबोल्ने प्रवृत्ति भएको मैले स्वर परीक्षा दिएँ । गीतको पहिलो हरफ गाउनासाथ भयो भयो भनेर म असफल ठहरिएँ । यस्तैगरी कोही असफल हुन्थे, कोही सफल हुन्थे । मलाई सङ्गीतको तालमा गाउने ज्ञान एक रत्ती थिएन भने स्वरको कुरै भएन । त्यसमाथि त्यो परीक्षा देशभरि गाइने लोकगीतको आधारमा थियो भने मेरो लोकगीत शब्दमा मात्र सीमित थियो । जसको भाका काठमाडौंमा गाइन्थेन । मैले त्यतिबेलाका चर्चित लोक गायक कुमार बस्नेत, राम थापा आदि जस्ताको भाकाबाट प्रभावित भएर आफ्नै भाका निकालेको थिएँ । मेरो अज्ञानताले सही सबक पाएको थियो ।

त्यति हुँदा पनि मलाई गीत गायनमा मोह जागिरहेको थियो । सङ्गीत सिक्नलाई घरमा आर्थिक अवस्था राम्रो थिएन । घरमा बाआमासँग सँगीत सिक्नलाई पैसा माग्ने आँट गर्न सकिनँ । अझ रेडियो नेपाल गएर स्वर परीक्षामा असफल भएको कुरा कसैसँग पनि गरिनँ । पास भएको भए गर्वका साथ भन्थेँ नै । रेडियो नेपालमा फर्माइसका गीतहरू बज्दथे । त्यस्तो फर्माइस सुन्दा मभित्र अचम्मको भावना जाग्दथ्यो । म पनि एकदिन यस्तो गीत गाउँदछु कि, त्यो गीत सुन्नलाई मान्छेहरूले दिनकादिन फर्माइस गरिरहनेछन् । मेरो गीत हरेक दिन सबैभन्दा धेरै फर्माइसको आधारमा बज्नेछ । यति मात्र होइन मैले यस्तो कल्पना गर्दथेँ कि, फर्माइस कार्यक्रममा दस वटा गीत बज्दथ्यो भने, म एक दिन दशवटा गीत रेकर्ड गर्नेछु र मान्छेहरू दशैवटा गीतलाई फर्माइस गरेर त्यो पूरै समय मेरो मात्र गीत सुन्नेछन् । कस्तो अचम्मको कल्पना थियो त्यो । सबैलाई स्थान दिनुपर्ने कार्यक्रममा हुनै नसक्ने भावना मभित्र आउँदथे र म त्यसैमा हराउँथेँ ।

बिस्तारै जिन्दगीमा व्यवहारिक पखेटा पलाउन थाल्यो । त्यो पखेटाले जता चाह्यो त्यतै उडाउन थालेपछि मभित्रको गायक बन्ने सपनाको आँकुरा बिस्तारै बिस्तारै ओइलाउँदै गएर झरिसकेको पत्तै पाइनँ । यदि लेख्नभन्दा सस्तो गाउन भइदिएको भए अथवा घरपरिवार वा मावलीमा मैले आदर गर्नुपर्ने कोही एकजना मात्रै भए पनि सङ्गीतमा रुचि राख्ने भइदिएको भए, म अवश्य गायक हुन्थेँ । चाहँदैमा सबै पूरा हुनुपर्छ भन्ने पनि छैन ।

लेख्नलाई लगानी गर्नुपर्ने थिएन । थोत्रा कापीका पानामा वा कुनै रद्दीको पानामा आफ्नो भावना लेखेर सुरक्षित राख्दै, फेरि लेख्दै त्यसैगरी राख्दै फेरि लेख्दै, अरुको लेखरचना मधुपर्क, युवामञ्च आदिमा पढ्दै, त्यस्तै पत्रिका वा रेडियोको साहित्यक कार्यक्रमबाट दिइएको सिद्धान्तको अध्ययन गर्दै त्यो सिद्धान्तसँग प्रकाशित लेखरचना र आफ्नो भावनालाई जोख्दै सिक्दै सिक्दै गएपछि वर्षौंको साधनाले लेखनमा अभ्यस्त बनायो । अहिले लाग्छ, मैले नलेखेको भए एउटा दुइटा मात्र भए पनि गीत गाएर रेकर्ड गराएको हुन्थेँ कि ।

का.म.पा.६ सिमलटार ।

--

# खोलाको गीत डाँडाले सुन्दैन



रामविक्रम थापा

सोच्न मन लाग्छ । आफैभित्र उत्तर खोज्न मन लाग्छ - साहित्य र शिक्षा क्षेत्रमा म कसरी निकट भएर आएँ ? घोत्लिएर विगत खोतल्दा फ्ल्यासब्याकको चित्रण म अगाडि यसरी खडा भएर आउँछ । २०३४-०३५ सालमा ४-५ कक्षाको विद्यार्थी अवस्थादेखि बालकविता सिर्जना गर्दै साहित्य क्षेत्रमा म निकट भएछु । तत्कालीन 'महेन्द्रमाला' (पाठ्यपुस्तक) का कविता र कथा पढ्दा साहित्यिक पठन र लेखनमा मेरो अभिरुचि अङकुरण भयो । महाकवि देवकोटा, कविशिरोमणि लेखनाथ र युगकवि सिद्दिचरणका कविताका किताब खरिद गरेर पढियो ।

पचपन्न पैसामा किनेको 'मुनामदन' र 'बसाइँ' उपन्यासले मेरो गालामा बगाएका अश्रुधाराका डोब अझै स्पर्शित हुन्छन् । हुलाकबाट प्रेषित कविता रेडियो नेपालको बाल कार्यक्रमबाट प्रसारण हुँदा खुसीको सीमा रहेन । पढ्दै, लेख्दै जाँदा साहित्यको अम्मली नै भइयो । कविता (रचना) प्रसारण, प्रकाशन र पुरस्कारले लेखनमा ऊर्जा थपे र म साहित्य क्षेत्रमा निकट भएँ । विद्यालयका हरेक कक्षामा प्रथम हुँदै मैले विज्ञान विषयको उच्चशिक्षा लिएपछि विज्ञान/गणितको तथ्य ज्ञान बाँड्ने अभीष्टले निजामतिको स्थायी जागिर त्यागेर म शिक्षण पेसातिर आएँ । अतः आत्मसन्तुष्टि र समाजसेवाकै लागि भन्दै म साहित्य अनि शिक्षा क्षेत्रमा निकट भएर अनेक शारीरिक रोगसित लड्दै हालसम्म लागिरहेकै छु ।

सोध्नेहरूले यदाकदा सोध्ने गर्छन्- जीवन के हो ? तर चिन्तनको गहिराईमा डुबुल्की मार्दा पनि जीवनको परिभाषा भेट्न सक्दिनँ । गणितमा ३ मा २ जोड्दा ५ भएजस्तो जीवनको सही उत्तर निकाल्न सहज नहोला भन्ने लाग्छ । जन्म र मृत्यु नामका दुई विन्दुबीचको एउटा वक्ररेखा नै जीवन हो जस्तो लाग्छ । भन्न त धेरैले भन्छन्- 'सङ्घर्षको नाम नै जीवन हो' तर म त्यस्तो सङ्घर्षशील पनि परिनँ । अर्को दृष्टिमा पहाडको नागबेली नदीका रूपमा जीवनलाई चित्रण गर्न सकिन्छ जस्तो पनि नलाग्ने होइन । थुप्रै आरोह-अवरोहहरूको एउटा क्षणभङ्गुर झिल्को पो जीवन हो कि पनि भन्न मन लाग्छ । फेरि अर्को कुरा जगत्‌को पनि आउँछ ।

के हो त जगत् ? यस्तै जीवनहरूको समष्टिगत रूप नै जगत् होला कि ? 'जीवन छ र नै जगत् छ वा जगत् छ र नै जीवन छ' भन्नुहुन्थ्यो प्रवासी साहित्यकार स्व. गुमानसिंह चामलिङ । जीवन भएरै सुख र दुःखहरू छन्, जाडो र गर्मीहरू

छन् । अधिक दुःख र पीडाहरूमा हेलिनुपर्ने जीवनका सुख र खुसी भनेका त पाहुनातुल्यै हुन्छन्, आएर मिलिक्क गइहाल्छन् । हो, हरेक कार्य उद्देश्यमूलक हुनुपर्छ र हुन्छ पनि । विनागन्तव्यको यात्रा हुँदैन । समाजका विकृति, विसङ्गति, अन्याय, अत्याचार, भ्रष्टाचार, शोषण, दमनको शल्यक्रिया गर्दै समाज रूपान्तरणको पक्षमा सशक्त सन्देश प्रवाह गर्नु मेरो साहित्यको प्रमुख सन्देश हो । समाजलाई विविध क्षेत्रका मानसिक खुराक र मनोरञ्जन प्रदान गर्दै आत्मसन्तुष्टि प्राप्त गर्नु मेरो साहित्य सिर्जनाको अभीष्ट हो । यही समाजबाट कच्चा पदार्थ लिएर यही समाजलाई यथासक्य सकारात्मक सन्देश दिनु मेरो सिर्जनाको ध्येय हो ।

सिर्जनामा मोफसल र राजधानीवादको कुरा खुब आउँछ । मलाई भन्न मन लाग्छ- मोफसल तलको खोला हो भने राजधानी माथिको डाँडो हो । खोलाको गीत डाँडाले कहिल्यै सुन्दैन । हिजो सुनेन, आज सुन्दैन र भोलि पनि सुन्नेवाला छैन । साहित्य मात्रै होइन, अरू पनि धेरै क्षेत्रमा मोफसल कष्टप्रद नै छ । बेलैमा राजधानी छिर्ने मेरा समकालीन मित्रहरू धेरै अगाडि पुगेको म प्रष्टै देखिरहेछु । अवसर र मौकाहरू अधिक छन् त्यहाँ । मोफसलको पनि पहाडी दुर्गमजिल्लाका विकट (कृष्णविवर) गाउँहरूमा बसेर लेख्नुको पीडा असह्य नै हुन्छ, जसलाई यहाँ शब्दमा उतार्न सकिन्न । सम्पर्क, प्रकाशन, प्रसारण, पुरस्कार, साहित्यिक पद यी यावत् कुराको सम्मुख छ राजधानी भने विमुख छ मोफसल । विशाल रूखको फेदमा उम्रिएर टाक्सिएको झारजस्तै ।

साहित्यिक विकृति र विसङ्गतितिर पनि यो मन यदाकदा विचरण गर्छ । राजनीतिक रङ्ग, गुट, उपगुट, जात आदि विविधविकृतिहरूले नेपाली साहित्यमा ग्रहण लागेको कोक्याइलो चित्र छ । गणतान्त्रिक कालमा त यो मौलाएर अधिक बौलायो । एकपक्षकाले अर्को पक्षकालाई पाइलैपिच्छे पूर्ण निषेध गर्ने यो दूषित वातावरणलाई के भन्ने ? सरकारी पुरस्कार त आफ्नोबाहेक अरू पक्षका साहित्यकारलाई चुहाउँदा पनि चुहाइन्न । निजीस्तरका पुरस्कार पनि पार्टीगत, जातिगत, व्यापार र आदानप्रदान हुने गरेका छन् । पार्टीका झोले, चम्चे, हुक्के, ढुक्के र बैठकेहरू नै अब्बल साहित्यकार हुनु विडम्बनाबाहेक केही होइन ।

एकेडेमीको प्राज्ञ खान पार्टी परिवर्तन गरेर सत्तापक्षमा जाने स्वनामधन्य साहित्यकार पनि देख्न पाइएकै हो । अतः भरमार विकृतिहरू बग्रेल्ती छन् नेपाली साहित्यमा । पुरस्कार र पद मात्र होइन, रचना र किताब छाप्न पनि यो मान्छे कुन पार्टीको हो भनेर खोजीनीति गरिन्छ । साहित्यमा सरकारी भूमिका के हो त भनेर सोच्न मन पनि लाग्ने गर्छ । निश्चित मापदण्ड निर्धारण गरी साहित्यकारको पहिचान गर्दै प्रज्ञा प्रतिष्ठान मार्फत सरकारले परिचय-पत्र वितरण गरोस् । भौगोलिक समावेशिताका आधारमा हरेक प्रदेशमा प्रदेशप्रज्ञा प्रतिष्ठान गठन गरियोस् । हरेक जिल्लामा पनि प्रज्ञा प्रतिष्ठानका शाखाहरू गठन होऊन् ।

-_-

# स्ववार्ताको शैली



विनयकुमार शर्मा नेपाल

- अन्तर्वार्ताको एउटा अङ्क निकाल्नु पऱ्यो ।

आत्माराम- अन्तर्वार्ता मात्र किन स्वअन्तर्वार्ता नै निकाल्नु हवस न ।

- ल लेख्नु न त हेरौं कस्तो हुन्छ । तपाईंबाटै प्रयोग गरौं । नौ अन्तर्वार्ता, एउटा तपाईंको स्ववार्ता ल ।

आत्माराम- हो त, ल ल तर समय कहिलेसम्म ?

- दुई चार पेज जाबो एक दुई घन्टामै लेखिहालिन्छ नि ! आउँदो अङ्क नै निकाल्ने ल । यसरी सुरु भएको थियो वैजयन्तीको अन्तर्वार्ता र स्ववार्ताको इतिहास ।

**अरूलाई भ्कोस्न सजिलो आफू बल्न गाह्रो ।**

एक्लै बस्दा, सुत्दा, आनन्दको समय, पीडाको बेला अनेक तर्कना आउँछन् । त्यस्तो गरेको भए यस्तो हुन्थ्यो कि ? यस्तो गर्दा त्यस्तो होला कि ? थुक्क हिजो त बुद्धि नै पुगेन छ, त्यसो गरेको भए आज त म अरबपति । अस्ति छान्ने विकल्प हुँदा यो नछानेर त्यो छानेको भए आज छोडपत्रमा हस्ताक्षर गर्नु पर्दैनथ्यो कि ? यसको सट्टा ऊ ...त्यसलाई छानेको भए लुरे नालायक छोरोको सट्टा घोर्ले छोरो पो पाइन्थ्यो कि ? त्यो लाख रूपैयाँ त्यसरी घुमेर उडाउने साटो त्यो जग्गामा हालेको भए आज करोड मात्र होइन दश करोडै पो हुने रहेछ नि ! ज्या... त्यो बेला विवेक पलाएन । यसरी आफूमा उठेको तर्क जो वास्तवमा आफूले आफैलाई तेर्स्याएको प्रश्न हुन् यस्तैलाई उतार्नुहवस न ! इतिहास पनि आउने, जीवनी पनि समेटिने, आत्मकथा पनि बन्ने, जीवनका मर्म र दर्शन पनि देखापर्ने, भविष्यको कल्पना, सपना र स्वैरकल्पनामा पनि रमाउन पाइने र तिनै स्वैरकल्पनाबाट तपाईंका रहर, इच्छा, आकाङ्क्षा र मनोवृत्ति पनि बुझ्न पाइने भनेर भन्दा एक मित्रले- तेरो चाहिँ हेरौं त अनि म सिकेर लेखौंला भनेपछि मेरो माथिको 'अरूलाई भ्कोस्न सजिलो आफू बल्न गाह्रो' भन्ने शब्द सार्थक भएको नमानी धरै पाइएन ।

**त्यसो भए के गर्ने ? आफू नबली अरूलाई कसरी फ्रोस्ने ?**

सर्व प्रथम मलाई मेरै मले आदेश दियो- **म र मेरोलाई छुट्या त ।**

ल छुट्ट्याएँ ।

**तँ को ?**

थाहा छैन । मेरो हात, मेरो खुट्टा, मेरो मुटु, मेरो टाउको, सबैमा मेरो मेरो भन्नुपरिरहेको छ त्यसैले मूर्त वस्तुमा म भेट्दिन । अमूर्त आफैमा अमूर्त हुनाले त्यो मूर्तकै ऊर्जा मात्र ठान्छु, मूर्त रहे अमूर्त शक्ति छ, मूर्त नरहे अमूर्त पनि छैन त्यसैले म कतै छैन । त्यस कारण म पनि मूर्तकै समग्र अमूर्त नामकरण मात्र हो । मात्र समग्र ब्रह्माण्डको अरबौं जीव मध्येको एउटा जीव जो चेतनाका कारण घमण्डले फुलेर आफूलाई मानव, मनुष्य, मान्छे, मानिस भन्दछ र अरूलाई होच्याएर कुकुर, बिराला, कुखुरा, च्याङ्ग्रा, खसी आदि आदि भन्न मनपराउँछ ।

**त्यसो भए तिनै मान्छेको परिपन्चमा लागेर व्यापार किन गरिस् ?**

हात फैलाउन नसकेर वा नचाहेर । आफूले लेखेका पुस्तक छापिदेऊ भनेर भन्न नसक्ने वा आफ्नो लागि यो गरिदेऊ त्यो गरिदेऊ भनेर अरूलाई भन्न नसक्ने सङ्कोची स्वभावका कारण, आफ्ना र बाका किताब छाप्न व्यापारी बन्नै पऱ्यो । त्यसै क्रममा कसकसका कति छापिए छापिए । अर्को कुरा जीवन चलाउन कुनै न कुनै पेसा गर्नु आवश्यक थियो । कुनै छुट्टै पेसा गरेर लेखनको शौख पाल्नु भन्दा आफ्नो लेखनको शौखलाई नै वृत्ति वा पेसा किन बनाउन सकिन्न भन्ने ज्याद्रो विचार पनि हो । म मात्र लेखक हुँ, प्रकाशन त लेखनका सिलसिलामा आएको गोरेटो बाटो पो त ।

**ओहो ! उसो भए लेखेर के नापिस् ?**

कतै केही नाप्न मेले लेखेको होइन, आफूले देखेका, सुनेका, पढेका र भोगेका कुराहरूमा चिन्तन र मनन गरेपछि निस्कने फिल्काफाल्की विचारलाई समाज र मानव सामु राखेको मात्र हो तर त्यो राखेर के हुने हो नराखेर के पो नहुने हो ? त्यो लफडामा पनि म छैन । भलै यो पनि बाँचुन्जेलको एउटा मनको रमरम, भ्रम र घमण्ड नै किन नहोस् । केही नगरी मान्छे रहन सक्दैन त्यसैको एउटा मेलो हो लेखाइ ।

**कति लेखिस् ?**

कति लेखें भनेर अक्षर, वर्ण, पङ्क्ति, श्लोक, पृष्ठ त मैले कहिल्यै गनिनँ । मुखबाट हाल्न र हालेको फाल्न समेत कन्जुस गर्नु पर्ने यति छोटो जीवनकालमा गरेको काम गनेर के बस्नु ? तर पनि कृतिगत रूपमा हजार पेज माथिका २४ थरी शब्दकोश, १६ थरी सिर्जना र ३० भन्दा धेरै सम्पादनका गरी ७० नाघेछन् । आफै प्रकाशक हुँदा पनि अफै एक दर्जन शब्दकोश, समालोचना, कविता, कथा, उपन्यास, निबन्धका २०-२५ पाण्डुलिपि थन्किएका पो छन् त । पूर्णकालिक

लेखक र प्रकाशक बन्नुपर्दाको पीडा कसैलाई जान्नु छ भने मलाई भेटे हुने हो तर जान्नु कसलाई किन पो होला र ? सूचना नै शिक्षा भएको समयमा ।

**के लेखिस् ?**

के लेखें भन्नु खै ! म अलि मूर्ख, ज्याद्रो हुनाले मलाई सकेसम्म अरूले नगरेका, गरे पनि मेरा आँखामा नपरेका विषयवस्तुमा चलखेल गर्नमा मज्जा लाग्ने हुनाले विविध भाषा, विषय र प्रविधिका शब्दकोश लेखें । समालोचनामा पाठकीय समालोचना किन हुन सक्दैन भनेर प्रयास गरें । कथा, उपन्यासमा चेतनाको विकास, होस र बोधको उठान गरें । निबन्धमा विशुद्ध चिन्तनजन्य, आत्मपरक तुलनात्मक निबन्ध पनि त हुन सक्छ भन्ने धारणा राखें । यस्तै हो गर्दै जाँदा के के गरियो गरियो, के पुराना कुरा सम्झी सम्झी निद्रा बिगार्नु, भो ...!

**वैजयन्ती किन निकालिस् नि बेर्थमा ?**

मन न हो यस्तो कुरा पनि कहिलेकाहीँ तर्कनामा आउँछ । बनाएर भनौं कि जे हो त्यही भनौं मनले मनैलाई सोध्छ ? मनले नै उत्तर पनि दिन्छ- जे हो त्यो त जति लुकाए पनि मेरो तर्कनामा मर्दै मर्दैन । बनाएर कल्पँदा पनि त मजै हुँदो हो । कहिलेकाहीँ कसै गरे पनि गर्नै नसकिने, भन्नै नमिल्ने, हुँदै नहुने कुरा पनि त तर्कना गरेर छुट्टै आनन्द प्राप्त गर्न सकिन्छ । यो पनि कहिले न कहिले गरेका पनि होलान् तर भन्न पो नभनेका त । भने पो स्वसँगको वार्ताको मजा हुँदो हो, तर भो ! जे हो त्यहीमा केहीबेर तर्कना गरेर स्मृति ताजा गराऊँ त ?

म सत्रसालमा जन्मेर उन्डाइस साले नागरिकता बोकेको मान्छे । नागरिकता लिँदा १६ वर्ष हुनुपर्ने हुनाले त्यही लेखिदे भने लेखिदिएँ । यसको मलाई यद्यपि खेद छ विनाकारण उमेर घटेछ भनेर । ०३०/०३१ एकतीस सालबाट लेख्न थाले पनि ०३३ सालमा पहिलो रचना गोरखापत्रमा प्रकाशित भएपछि लेख्ने क्रम रोकिएन तर छाप्ने मेसो मिलेन । बल्लतल्ल ०३८ सालमा एउटा उपन्यास छापें । यसै क्रममा ०३१ सालतिर बतीसपुतलीमा (मण्डल पछि के.सी. थरका) हरूको सरस्वती पुस्तकालय र मध्यबानेश्वरमा (खनाल थरकाहरूको) विन्दु पुस्तकालय नामका कोठे पुस्तकालय थियो । आउँदा जाँदा त्यहाँ केही समय सहयोग गरें । पछि ती बन्द भए रे ! किन बन्द भए कहिले बन्द भए त्यो जानकारी राखिनँ तर सरस्वती पुस्तकालयका निरञ्जन केसी मेरा घनिष्ट मित्र बनें । उनका दाजु निर्मल दाइ पनि मित्रै बन्न पुगे । उनका पनि मित्र (जो त्यस समय एनसिसिएनमा ओभरसियर थिए पछि कृषि विकास बैंकका जागिरे बने) ईश्वरी चापागाई (जो पछि थाहा पाएँ उनी मेरो पिता वसन्तकुमार शर्म्मा नेपालका मामाघर धुनवेशीका छिमेकी देवीप्रसाद चापागाईंका परिवारिक चक्रका रहेछन् ।) ले मेरो किताबप्रतिको मोह र साहित्यको रस देखेर भनें- ए विनय मैले 'डाँडावारि' नामको पत्रिका दर्ता गरेको छु तर निकाल्न सकिनँ, ल निकाल्ने भए तिम्रै नामबाट निकाल ।

आँट गरेँ तर आफ्नो नाम सहयोगीमा मात्र राखेँ । को नाम फेर्न जिल्ला कार्यालय धाइरहोस् ? पत्रिका पो निकाल्ने रहर हो नामको के मतलब भन्ने ठानेँ । २०३६ सालमा समीक्षा अङ्क र व्यङ्ग्य कविता अङ्कका रूपमा दुई अङ्क निकालेँ । आफू भर्खर इन्टरतिर पढ्दै गरेको केटो कमाई समाई केही थिएन । कताकताबाट चारसय रूपैयाँको विज्ञापन जुट्यो । त्यसले त्यही दुई अङ्क पुग्यो अनि न विज्ञापन खोजियो न पत्रिका निकालियो । आज पनि ईश्वरीजीलाई भेट्दा ती दिनका सम्झना ताजा हुने गर्छ ।

०२७-०३१ मेरा पिताले जयन्ती नामक पत्रिका निकाल्नुभयो । पिताजी पद्मोदय हाई स्कूलमा पढाउने, म त्यही पढ्ने । कहिलेकाहीँ घर फर्कने बेला एक साथ हुन्थ्यौँ । त्यस समय म सानै भए पनि पिताजीसँग विजय प्रिन्टिङ प्रेस पुतली सडकमा जाने गर्दथेँ । त्यसबेला त्यहाँ जयन्ती, बान्की, त्रिफला, तीन घुम्ती, नयाँ घुम्ती, यति डाइजेस्ट आदि पत्रिका निस्कन्थे । पछि आफ्नो प्रकाशनको व्यवस्थापन गरेको झन्डै एक्काइस वर्षपछि २०६५ मा जयन्तीलाई जीवित बनाएर पिताजीको रहर ब्युँताउने सोच पलायो तर त्यो ब्युँताउन प्रविधिक र सरकारी कारणले सकिएन । जयन्तीमा 'वै' थपिदिँदा नाम पनि ब्युँझेजस्तो हुने, अर्थ पनि उम्दा हुने, बालाई पनि छोराप्रति गर्व हुने सल्लाह दिएर सम्पादक यादव भट्टराईजीले वैजयन्तीको विधिवत दर्ता गराउनुभयो ।

०३६ सालको सोच लगभग तीस वर्षपछि पनि कसैले विधाकेन्द्री पत्रिका निकालेका रहेनछन् । डाँडावारिलाई विधागत नभनी नै विधागत निकालिएको थियो भने वैजयन्तीलाई विधा केन्द्रित साहित्यिक पत्रिका भनेरै निकालियो । खासमा मेरो मनमा त्यसबेला म जस्तो सानो प्रकाशकले एउटा पत्रिका निकालिदिँदा म भन्दा ठूला, धनी, पुराना प्रकाशकले पनि एक एक ओटा पत्रिका निकाल्ने व्यवस्था र सेवा गरे यो देशको भाषा-साहित्यको लागि राम्रो योगदान पुग्ला कि भन्ने विचार आएको थियो । धेरैलाई भनेँ पनि तर वैजयन्तीको सय अङ्कको तयारी गर्दैगर्दा, सत्र वर्ष पार गर्न लाग्दा पनि त्यो सोच कुनै प्रकाशकहरूमा पलाएको नदेख्दा मन खिन्न भने हुन्छ । मनै न हो । मेरो मन जाबो खिन्न भएर कसलाई के पो फरक पर्ला र ?

**त्यसो भए जीवनदेखि सन्तुष्ट छस् ?**

पूर्ण रूपमा, किनभने जीवन भनेको पाएकोमा खुस हुनेको हो, नपाएकोमा दुःख मनाउनेको होइन । जीवनमा अनेकन कार्य गरिन्छ कुनै सफल हुन्छ कुनै असफल । असफलतामा दुःख मनाएर बसियो भने अर्को सफल कार्य, समय र अवसर गुम्न जान्छ । सफलतामा सुख मनाएर अलमलियो भने पनि अर्को काम, र अवसर गुम्न जान्छ त्यसैले मेरो प्रवृत्ति एक काम सकिनासाथ अर्को सुरु गर्ने हो सफलता वा असफलताको सुख र दुःख मनाउने होइन ।

**केहो जीवन दर्शन तेरो ?**

जीवन छोटो छ । जान्न, सुन्न, पढ्न र गर्न मन लाग्ने कुरा धेरै छ । कुनै एउटा तत्त्व वा विषयको मात्र पनि शतप्रतिशत कुरा जान्न, बुझ्न एक जीवनले पुग्दैन । कुनै एक विषयका बारेमा लेखिएको विश्वका सबै किताब मात्र पढौं भन्यो भने पनि एक जीवनमा सकिन्न भने मानवका यस्ता अनेक इच्छा पूरा गर्न मान्छेको एक आयु भिल्कोभर हो । त्यसैले मेरो दृष्टिमा मान्छेले एक सेकेन्ड पनि बेर्थ खेर हाल्नु हुँदैन । सदा सिर्जनात्मक काममा लागिरहनु नै सकारात्मक सबैको हित हुने कार्यमा सक्रिय रहनु हो र सक्रियता नै जीवन हो । संसार सुन्दर छ, संसारका हरेक वस्तु सुन्दर छ, त्यसैले यो सुन्दर संसारलाई अझ सुन्दर पार्न सबैले लागिपर्नु पर्छ भन्ने मेरो मत हो । म अरूलाई कुनै कुराको बाध्य पार्न सक्दिनँ तर आफू त लागिरहनसक्छु नि !

**जीवनमा के कस्ता आरोह अवरोहहरू आए ?**

लगभग ६३ वर्षे जीवनका निकै आरोह अवरोह छन् तर सबै न लेख्न सकिन्छ न त सबै सम्फिनँ आवश्यक छ । जीवन खोलाको पानी जस्तै हो बगिरहन्छ बगिरहन्छ । खोलाको पानी हेर्दा मात्र पानी हो तर वास्तवमा हरेक निमेष बगेका पानी फरक फरक जलविन्दुको समग्रता हो ।

**त्यसो भए मृत्यु के हो ?**

जुन कुरा हजारौं वर्षमा हाम्रा पूर्वजले खोजेर भेट्न सकेनन् त्यो कुरा मैलै सजिलै कसरी खोजेर, भेटेर बताउन सकूँला र ? सायद मृत्यु जन्मभन्दा पनि ठूलो प्रकृतिक रहस्य हो, तारतम्य हो, तत्त्वको संयोजन र वियोजन हो । मलाई लाग्छ मृत्युको रहस्य जहिले खुल्छ त्यसपछि यस ब्रह्माण्डको अर्थ रहने छैन । म मृत्युको चिन्ता गर्दिनँ । एकदिन आउँछ आउँछ, जहिले आउँछ । मेरो मृत्यु निश्चित हुने हुनाले र कुनै न कुनै काम सधैं गरिरहने मेरो स्वभाव हुनाले अवश्य कुनै न कुनै गरिरहेको काम अपूरो रहन्छ भन्ने जान्दछु, त्यसैले के गरेँ, कति गरेँ, के के गर्न सकिएन, भ्याइएन भन्ने चिन्तन वा चिन्ता म गर्दिनँ । निरन्तर गरिरहने हो, निरन्तर बगिरहने हो, स्मृति रहेसम्म निरन्तर लागिरहने हो, कुनै होला, कुनै नहोला चिन्ता केको ? अनि यत्रो विशाल ब्रह्माण्डमा भएर पनि के हुने र नभएर पनि के पो नहुने हो र ? सायद जीवनलाई युग युगदेखि मानव पुर्खाले यसरी नै बाँच्दै आएका हुन् र म पनि बाँच्नेछु ।

-–-

**के तपाईंले हाम्रा प्रकाशनका शब्दकोशहरू पढ्नुभएको छ ?**

# लेख्दैमा कोही साहित्यकार हुँदैन



**विनोद नेपाल**

**जन्म के हो ?**

अवसर । मानवको रूपमा जन्मन पाउनु अहोभाग्य हो ।

**नजन्मेको भए ?**

सुख, दुःख, जीवनको महत्त्व नै थाहा हुने थिएन ।

**जीवनको सार्थकता ?**

केही गर्नुमा, समाजलाई केही दिनुमा नै जीवनको सार्थकता छ । जिउन त अन्य प्राणी पनि त नमरूञ्जेल जिएकै हुन्छन् ।

**शिक्षा हासिल गर्ने अवसर नपाएको भए ?**

अहो ! बडो दुःखद हुने थियो । न चेतना, न चाहना । जे गरेको छ यही शिक्षाले त गरेको छ, यसकै अवसरले त गराएको छ । प्रतिस्पर्धा गर्न सक्षम बनायो, जागीरको अवसर दियो । साँच्चिकै भन्नुपर्दा शिक्षाले पेट पाल्न, जीवन धान्न सहज गरायो । सँगसँगै यसले एउटा पहिचान बनाउन पनि सहयोग गऱ्यो ।

**साहित्य के हो ?**

एकजना विद्वान्ले भनेका छन् 'भाषाको माध्यमद्वारा जीवनको अभिव्यक्ति नै साहित्य हो ।' वास्तवमा साहित्य भाषाका माध्यमबाट प्रस्तुत हुने कला हो । यसभित्र जीवनको चित्र हुन्छ । प्रस्तुति शैली चाहिँ भिन्न भिन्न हुन सक्छ । साहित्यमा समय बोल्छ, परिवेश चित्रित हुन्छ । अर्को कुरा, कलाले सधैँ नवीनताको अपेक्षा गर्दछ । कारण, मान्छेका आवश्यकता, रुचि र विचार परिवर्तनशील हुन्छन् र साहित्यमा पनि त्यसको प्रभाव पर्दछ । साहित्यमा विषयवस्तुको चयन, संरचनागत शिल्प र भाषिक शैली र चिन्तनमा समेत नौलोपनको आवश्यकता पर्दछ र त्यसलाई समय र परिवेशले निर्देश गरिरहेकै हुन्छ ।

**लेखन र प्रकाशनबारे केही ?**

पहिलो सिर्जना कविता हो जुन २०३४ सालमा कक्षा आठमा पढ्दै गर्दा ११ वर्षको उमेरमा लेखेको थिएँ । त्यतिखेर लेखेका ती अक्षरहरू अहिलेसम्म पनि जस्ताको तस्तै साथमा छन् । त्यो विशुद्ध आफ्नो सिर्जना थिएन, विद्यालयमा अतिरिक्त क्रियाकलाप अन्तर्गत कविता सुनाउनु पर्दा कसैका कविता काँटछाँट

गरी आफ्ना दुई चार पङ्क्ति मिसाएर तयार गरिएको थियो । पुरस्कृत भएपछि हौसला प्राप्त भयो र त्यसपछि लेख्न थालियो । त्यसपछि त्यतिबेलाका नयाँ सन्देश, मातृभूमि, समीक्षा आदि साप्ताहिक पत्रिकामा कविता पठाउन थालियो, छापिए । पछि कथा लेखियो । व्यङ्ग्य लेखियो । स्थानीय पत्रपत्रिका हुँदै सृजना प्रकाशनको क्रम अघि बढेको हो । २०४३ साल देखि राष्ट्रिय स्तरका साहित्यिक पत्रिकाहरूमा कविता, लघुकथा आदि प्रकाशित हुन थाले । अहिले चाहिँ नियात्रा र आत्मपरक निबन्धतर्फ मोहित भएको छु । लेखनकै कुरा गर्दा समसामयिक विषयका लेखहरू पनि थुप्रै प्रकाशित भए ।

**यात्रा साहित्यतर्फ आकर्षित हुनुको कारण ?**

मान्छे गतिशील प्राणी हो । मान्छे यायावरीय प्रवृत्तिको हुन्छ । नयाँ कुरा हेर्ने देख्ने भोग्ने चाहना हुन्छ मान्छेमा । यो जिज्ञासु स्वभावको हुन्छ । ऊ अस्थिर हुन्छ । शायद यही स्वभावले, उमेर, अवस्था, समय र चेतनाले पनि प्रेरित गऱ्यो होला यसतर्फ लाग्न ।

**नियात्रा के हो ?**

नियात्रा यात्राको अनुभूति हो । यात्राको सिधा सपाट वर्णन वा विवरण यात्रासंस्मरण बन्छ भने त्यसमा अनुभूतिको तत्त्व मिसिँदा त्यो नियात्रा बन्दछ ।

**यतिन्जेल बाँच्नुको उपलब्धि ?**

धेरै नयाँ नौला कुरा देखियो, अझैं नयाँ नयाँ कुराहरू आउँदैछन् । साहित्यकै कुरा गरौं न धेरै नयाँ कुरा आए । नयाँ नयाँ प्रयोग भए र भइरहेकै छन् । के कसैले सोचेको थियो स्व अन्तर्वाता पनि गरिएला भनेर ? यी सबै उपलब्धि नै त हुन् ।

**लेखन-प्रकाशन बढ्यो, पठन संस्कृति खस्क्यो भनिन्छ नि !**

सही कुरा । लेख्नेहरूको सङ्ख्या दिनदिनै बढ्दो छ, तर पाठकको सङ्ख्या निरन्तर घट्दो छ । यसमा एकातिर प्रकाशनको सहजता र अर्कोतिर सामाजिक सञ्जालको भूमिका रहेको छ । पढ्ने प्रवृत्ति निरन्तर घट्दो छ । लामा रचना पढ्ने फुर्सद र धैर्य अहिले साहित्यमा रुचि राख्नेहरूमा छैन । गहन खालका कृतिमा घोत्लिने टन्टा पनि सकभर कसैले बेसाउँदैन तर दुःखका साथ भन्नुपर्ने हुन्छ जुन साहित्य हिजो लेखियो त्यसलाई जित्ने उछिन्ने, पछि पार्ने खालको साहित्य आज लेखिएको छैन । कालजयी रचनाको अभाव छ । सङ्ख्यात्मक दृष्टिले निकै अघि भए पनि गुणात्मकताका दृष्टिले 'आहा' भन्ने खालका कृतिहरू अत्यन्त दुर्लभ छन् ।

**साहित्यमा पनि राजनीति घुसेको हो ?**

साहित्य समाजको दर्पण हो भन्ने गरिन्छ । समाज नहुँदो हो त साहित्य हुने थिएन, कुनै सिर्जना नै हुने थिएन । साहित्यमा समाज नै बोल्छ, समाज नै

देखिन्छ वा भनौं साहित्य समाज, समय र परिवेश निर्देशित हुन्छ । यसैले साहित्यलाई समयको, परिस्थिति र परिवेशको प्रभाव नपर्ने कुरै हुँदैन । जहाँसम्म राजनीति घुसेको कुरा छ त्यो पनि अस्वाभाविक होइन तर अति राजनीतिले साहित्यको भलो गर्दैन ।

**साहित्यिक संघसंस्था, पुरस्कार, सम्मान आदि बारे ?**

हिसाबकिताब नै छैन यिनको । समूह बन्यो संस्था जन्मायो । ती कति वैध वा अवैध छन् त्यसको कुरा नगरौं, एकपटक नामाकरण गरिदिए, एकपटक दर्ता गरिदिए पछि भयो, पुग्यो । साहित्यिक गतिविधिका दृष्टिले यो अनुचित छैन तर न नवीकरण छ, न हिसाबकिताब छ, निश्चित रकम असुलेर सदस्य बनाउने सदस्यसँग असुलेको रकम समेत हजम गरेर व्यक्तिले चलाइरहेका संस्था र तिनले दिने कथित सम्मान, उपाधि स्वीकार गर्ने र त्यसमै मख्ख पर्ने र अझ 'वरिष्ठ'हरू नै त्यसमा रमाएको देख्दा आश्चर्य लाग्छ । कमसेकम संस्थामा क-कसको संलग्नता छ ? संस्थाको वैधता भनौं वा वैधानिक हैसियत के हो ? जस्ता कुरामा चासो राखिदिए हुने हो भन्ने लाग्छ । रह्यो पुरस्कार सम्मानको कुरा त्यो त अचेल साटासाट, किनबेच, पालोपैंचो पो हुन्छ । तिनको कुनै महत्त्व छैन । हो, केही सम्मान, पुरस्कारको भने आफ्नै पहिचान, गरिमा र महत्त्व छ ।

**आफूलाई साहित्यकार, वरिष्ठ साहित्यकार भनाउने होड देख्दा कस्तो लाग्छ ?**

साहित्यले समाजलाई केही दिनुपर्छ । केही नयाँ नौलो र भिन्न अनुभूति गराउन सक्ने साहित्य वास्तविक साहित्य हो । विशुद्ध कल्पना भन्दा यथार्थ प्रस्तुत हुन सके राम्रो हो । हामी कहाँ लेख्नकै लागि लेख्नेहरू निकै छन् तर केही नयाँ नौलो र विशेष दिन लेख्नको सङ्ख्या निकै कम छ । जेसुकै भए पनि लेख्नु राम्रो हो भन्ने लाग्छ तर दुई चार अक्षर कोर्दैमा साहित्यकार, वरिष्ठ साहित्यकार भनी ठान्ने, त्यसरी सम्बोधन गरियोस् र स्थान दिइयोस् भन्ने चाहना राख्नेहरूको सङ्ख्या निकै ठूलो छ । अक्षर कोर्दैमा साहित्यकार भइँदैन, साहित्यकार हुन लामो साधना हुनुपर्छ, पाठकले स्वीकार गर्नुपर्छ भन्ने लाग्छ । लेख्ने, सृजना गर्ने सष्टा अवश्य हो लेख्दैमा कोही साहित्यकार हुँदैन । लेख्दैमा साहित्यकार भनिने अभिलाषा आफैमा अस्वाभाविक हो । साहित्यकार हुन साहित्यकार कहलिन सोहीअनुसारको सिर्जना र योगदान हुनुपर्छ ।

**साहित्यमा लागेर के पाउनुभयो ?**

साहित्यको संसार फराकिलो छ । यतिधेरै लेखक, पाठक र स्थापित साहित्यकारहरूसँग परिचित हुने मौका पाउनु, अक्षरको पूजा र भाषाको थेरथोर सेवा गर्न पाउनु नै ठूलो प्राप्ति हो । भौतिक रूपमा कुनै प्राप्तिको लालसाले साहित्य सेवामा लागिँदैन ।

**मान्नोस् तपाईंको अचानक मृत्यु भयो ?**

मृत्यु अनिश्चित तर निश्चित छ। भन्नुको तात्पर्य जन्मेका हरेकले मर्नुपर्छ, जन्मसँगै मृत्युको प्रतीक्षा प्रारम्भ हुन्छ। जीवनको मोह आफ्नै खालको छ तर जिउने हदम्याद तोकिएको छैन। यसैले मृत्यु जतिबेला पनि आउन सक्छ। यसका लागि हरेकले तयारी अवस्थामा रहनुपर्छ। कहिलेसम्म अभिनय गर्नुपर्ने हो यो संसारको रङ्गमञ्चमा त्यो थाहा छैन तर हरेक मान्छे अझैं बांच्ने लालसा मनमा राखेर बाँचिरहेको हुन्छ। मृत्यु अनायासै आउँछ शायद। त्यसरी आउने मृत्यु सहज पनि हुन्छ।

-_-


**साहित्य संबर्द्धन केन्द्र, नेपालद्धारा प्रदान गरिने सम्मानहरू**

**१. हरिहर शास्त्री सावित्रीदेवी साहित्य पुरस्कार-२०४५**

२०७० प्रा. डा. वासुदेव त्रिपाठी (२६ औं)
२०७१ प्रा. कृष्ण गौतम
२०७२ कुन्ता शर्मा
२०७३ पुण्य खरेल
२०७४ प्रा डा. तारानाथ शर्मा
२०७५ भाउपन्थी
२०७७ नगेन्द्रराज शर्मा
२०७८ प्रा डा. चूडामणि बन्धु
२०७९ प्रा डा. माधवप्रसाद पोखरेल
२०८० प्रा डा. प्रेम खत्री

**२. वसन्त-राधा पद्यकाव्य पुरस्कार-२०६५**

२०६८ डिल्लीरमण शर्मा अर्ज्याल
२०६९ पुरुषोत्तम सिग्देल तथा गोविन्दराज विनोदी
२०७० बुनू लामिछाने
२०७१ भुवनहरि सिग्देल
२०७२ लक्ष्मीकुमार कोइराला
२०७३ बाजुराम पौडेल तथा गणेश घिमिरे मार्मिक
२०७४ मोदनाथ शास्त्री तथा नरेन्द्र पराशर
२०७५ गोविन्द घिमिरे वेदमणि तथा नीलमकुमार न्यौपाने
२०७७ प्रा.डा. रामप्रसाद ज्ञवाली
२०७८ शैलेन्दुप्रकाश नेपाल
२०७९ डा. हरिहर अर्याल
२०८० डा. नवराज लम्साल

**३. हेमकुमारी-दिवाकर समाजसेवा सम्मान-२०६५**

२०६८ प्रणवानन्द आश्रम, गुह्येश्वरी, काठमाडौं
२०६९ चिसाखोला आश्रम, पोखरा
२०७० भागवत् सन्न्यास आश्रम, पशुपति, काठमाडौं
२०७१ पवित्र समाज सेवा नेपाल, धापासी, काठमाडौं
२०७२ त्रिफला राष्ट्रिय पुस्तकालय, झापा
२०७३ संस्कृत विद्या संवर्द्धिनी समिति, धरान
२०७४ हाम्रो बाल संरक्षण धरोहर, धापासी, काठमाडौं
२०७५ द ओरफान होम, बाजुरा
२०७७ नेपाली शिक्षा परिषद्, सोह्रखुट्टे, काठमाडौं
२०७८ ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठान, नुवाकोट
२०७९ द्वन्द्व पीडित तथा अपाङ्ग समाज, साँखु
२०८० सिर्जनशील अपाङ्ग समाज, चावहिल

**के तपाईंले हाम्रा प्रकाशनका कृतिहरू पढ्नुभएको छ ?**

# किन जन्मिइयो होला ?



**विश्वदीप अधिकारी**

**किन जन्मिइयो होला ?**

कहिलेकाहीं मनमा प्रश्न उब्जन्छ । कहिले लाग्छ के मेरो जीवन खान, पिउन, सुत्न, उठ्न, बस्नको लागि मात्र हो त ? घरको सानो कोठामा आमाको शरीरबाट निर्वस्त्र फुत्त निस्किएको रे म । आमा बुवा आफन्त, छिमेकी, कमाई सबै छाडेर रित्तै हात जानुभयो पञ्चमहाभूतको शरीर धराधाममा नै छाडेर । शरीर र आत्मा त फरक रहेछ । आमा बुवालाई दश वर्षले जितिसकेको म पनि त शरीर फ्यात्त छाडेर स्वाट्ट जाने नै हो । हरेक दिन तयार भएर बसेको हुन्छु र पनि टिकट आइनसकेकोले उड्न पाएको छैन । जन्म र मृत्युबीचको समयको उहापोह एउटा वियाँलोसम्म न हो ? धेरै मान्छे खानमात्र जन्मिएजस्तो गर्छन् । मलाई त बाँच्नको लागि पो खाने हो त भन्ने लाग्छ । धेरैमा हसुर्ने, सुमर्ने, लुँडयाउने, भुक्याउने, धम्क्याउने, भकुर्ने, तर्साउने, छक्याउनेजस्ता अनेकन प्रकृतिका प्रवृत्ति हुने गर्दछ । त्यसमा अफू पर्नु नपर्दा खुसी लाग्छ । म सोच्छु यो वयमा आइपुग्दा मैले देशलाई के दिएँ ? केही दिएको रहेनछु । कपाल फुलेको मात्र होइन तालु खुइलिसक्यो । आँखा धमिलो भएर बल्लतल्ल यो वियाँलो टङ्कण गरें । गाला चाउरी पर्न थालेको धेरै भइसक्यो । दाँतले पनि बेलाबखतमा सतर्क गराएर फुकाल्न नै लगाइसके । अहिलेसम्म आफ्नो लागि मात्र गरिएछ । प्रारब्धले काल पठाएर मृत्यु नभएसम्म समय त बाँकी छ तर धेरै ढिलो भइसकेछ देशको लागि गर्न । रोइलो गर्दै यस्तो भन्न मन लाग्यो ।

**तालु खुइलियो भन्ने कुरा आयो केटाकेटीमा चाहिँ कस्तो थियो नि ?**

हाहा । कुरै नगरौं त्यो घुँघुरिएको बाक्लो कालो कपालको ।

**बाल्यकाल कसरी बित्यो ? युवाबाट प्रौढ हुँदा के अनुभूति भयो ?**

बाल्यकाल नभएको भए यो वयमा के परिन्थ्यो र नि नारान । बाल्यकाल रोएर, खाएर, खेलेर आमा बुवालाई हैरानी दिंदैमा ठिक्क भइगयो नि ! पाँच वर्षमा अक्षर चिनेपछि पढ् भन्ने र पढ्न मन नजाने अवस्थाले घेऱ्यो । शरीरमा प्राकृतिक परिवर्तन आयो । डण्डिफोर देखापरे । आवाज फेरियो । अन्तर जिज्ञासा बढ्यो ।

पढाइपछि विवाह, विवाहपछि बच्चा हुँदै जिम्मेवारी बढ्दै गयो । रेशम किराजस्तै लाग्यो जीवनचक्र । बाल्यकालले यहाँसम्म ल्याइपुऱ्यायो त गाँठे ।

**वकालत पारिवारिक पेशा त होइन, कसरी वकील बन्न पुगियो नि ?**

भनेर हुन्थ्यो र ? जिजुबुवा सरदार, हजुरबुवा बारा मालको सुब्बा, बुवा शिक्षक एवं साहित्यकार, मावली हजुरबुवा भने डिठ्ठा । आमाबुवाको चाहना त चिकित्सक बनाउने थियो नि ! जति हुँकार गरे पनि, जति माथापच्ची गरे पनि कसको हातमा के छ र ? मेरो गन्तव्य यही नै थियो ।

**प्रायः मान्छे आफ्नो पेशाप्रति सन्तुष्ट हुँदैनन्, कस्तो अनुभूति छ ?**

हे हे । कसैको ठूलो घरको अगाडि आफ्नो सानो घर दाँज्दामात्र असन्तुष्टि हुने हो । पेशा त जीवनयापनको माध्यम पो हो त, गुनासो पटक्कै छैन ।

**के न्यायपालिका सहि ढङ्गले चलेको छ ?**

भन्न त लाज लाग्छ, तर सोधपछि भन्नै पऱ्यो । न्यायपालिकाभित्र हुने गरेको भ्रष्ट पक्षलाई कारवाही गर्ने निकायको प्रबन्ध संविधानले गरेको छैन । प्रधान न्यायाधीशहरू नै न्यायपालिकाभित्र भ्रष्टाचार छ भन्ने गर्दछन् अवकाश हुने बखतमा । अत्यन्त तरल अवस्था छ । न्याय अन्यायमा पर्दै गइरहेको धेरै भइसक्यो । सेवाग्राही दिक्क छन् ।

**स्पष्टवक्ता भएकाले साथी त छैनन् होला, कि छन् ?**

साथी ? मेरो साथ म नै पो हुँ नि ! स्वभाव शरीरसँग सम्बन्धित नभई चिप्सरूपी आत्मासँग गाँसिएको हुन्छ । शङ्कराचार्यको कृति मोहमुदगरमा नातागोता, साथीभाई, धनसम्पत्तिको नाता स्वार्थसँग गाँसिएको हुन्छ त्यसै कहाँ भनिएको हो र ? जे पनि स्वार्थ मिले जोडिने र नमिले तोडिने गर्दछ । साथी धेरै छन् तर घनिष्ठता कसैसँग पनि छैन ।

**आफन्तहरूले कसरी बुझ्छन् ?**

अचम्मको मान्छे । एउटा बुझ्न नसकिने मान्छेको रूपमा ।

**किन आफूलाई त्यसरी हुर्काएको त ?**

के गर्लम्म ढल्नु ? सत्य र निष्ठाको मार्गबाट अलग हुन नचाहेर ।

**मान्छेलाई उसैको अगाडि ठाडै तँ यस्तो भनिदिनु हुन्छ त ?**

पछाडि कुरा काटेको राम्रो हुँदैन । कुरा अगाडि नै काट्ने हो । अगाडि नै भन्दा उसले सुन्छ र असल भए आफूमा सुधार गर्ने अवसरका रूपमा लिन्छ । खराब भए बोलिचाली बन्द गरेर जान्छ । के फरक भयो र ? आखिर एक्लै बाँच्ने हो, कि होइन ?

**मननपर्ने कुरा केही छ कि ?**

छट्टु, छुल्याहा, कुरौटे, गफाडी, चेपारे, असत्यवादी, हिसक, अधर्मी,

आफ्नै मात्र कुरा गर्ने, आफ्नैलागि मात्र सोच्ने स्वकेन्द्रित मान्छे खातामा अटाउँदैनन् । परम सृष्टिकर्ताले सिजर्ना गरेको महाविज्ञानभित्रको एउटा कणको पनि कण मलाई मन नपर्ने भन्ने अरू केही पनि छैन । भाषण गर्नेहरू भन्दा काम गर्नेहरू चाहिँ बिछट्टै मनपर्छ ।

**पारिवारिक परिवेश के हो नि ?**

आफ्नै कुरा के गर्नु ? सोधपछि के नभन्नु ? ज्योति सत्याललाई काठमाडौंको गैह्रीधारामा रहेको ससुरालीको आँगनमा ठडाइएको जग्गेमा ज्योति अधिकारी बनाउन पुगें । हाम्रो मिलनमा एउटा बालकको जन्म भयो । हामीले अभिजित अधिकारी नाम राखिदियौं । ऊ पनि पृथा खनाललाई जीवनसाथी बनाएर जीवनयात्रामा प्रवाहित भइरहेको छ । छोरा बुहारी एमए पास । श्रीमती एमफिल । म एक्लो विद्यावारिधि ।

**वकालत मात्र नगरी लेखन कर्म पनि गर्ने गरेको हुनाले कतै पिता हरिहर शास्त्रीको बिँडो थामेको पो हो कि ? कसरी लेखनमा प्रवेश गरेको नि ?**

लेखन कर्म नजानेको भए त यो वयमा कसरी समय कटाउनु ? वित्यास परिहाल्थ्यो नि ! पेशा पेटको लागि गर्छु । केही बचाउन सकें भने समाज सेवा पनि गर्छु । लेखन मेरो सोख हो, दिमागको लागि लेख्छु । पिताको बिँडो थामेको त कसरी भनुँ र एउटा संयोग हो । फुर्दा लेख्ने हो । लेख्दै गर्दा किताब बन्यो । राम्रो नराम्रो पाठकले भन्ने हो । पिताले पेटको लागि शिक्षण पेशा गरे पनि मनको आनन्दको लागि समाजको प्रवृत्तिलाई पकडेर आँखामा आएको तस्वीरलाई अक्षरमा खिपेर साहित्य सिर्जना गर्नुहुन्थ्यो । सो कर्ममा लाग्दा पहिलो पाठक एवं स्रोताको भूमिकामा मेरी आमा रहनुहुन्थ्यो । मेरो प्रेरणा मेरो गुरु मेरा मातापिता नै ।

**कति कृति छापिएका छन् ? साहित्यमा कसरी स्थापित हुने ?**

विज्ञापन पनि गर्नु र ? नछापियुञ्जेलसम्म आफ्नो मात्र छापिएपछि सबैको । स्थापित कसरी होइन्छ लेखकले भन्ने होइन । यो त निःस्वार्थ समयले पाठक र समालोचकलाई भन्न लगाउने विषय हो । भगवान्लाई खोज्दै हिँड्नु र भगवान्ले खोज्दै हिँड्नुमा अन्तर हुन्छ नि त । कानून, राजनीति, बाल साहित्य, कविता, गीत, उपन्यास, कथा, निबन्धमा कलम चलेका हुन् । कतिको खिरिलो छ ? समयले बताउने होला । सङ्ख्या महत्त्वपूर्ण होइन तर पनि सोधेपछि खुसुक्कै भए पनि ३२ थान छापिएछ त भन्नै पर्‍यो ।

**लेखनसँग सामाजिक सङ्गत पनि जोडिन्छ कि ?**

आहा ! समाज, यो त जीवनको अभिन्न अङ्ग । समाजरूपी चकटीमा नै बसेर लेख्ने हो । आफू चढेको डुङ्गाभित्र पानी छिर्‍यो भने चाहिँ डुबिन्छ ।

**कस्तो जीवन बिताउने चाहना हुन्छ ?**

तडकभडकरहित साधा । कपट र हिंसारहित सत्यको पथ । अरूले भन्दा लाटो ।

**जीवनयापनमा कत्तिको अभाव र असहज अनुभव हुन्छ ?**

विनाअभाव त उन्नति नै हुन्न पो । मनको बानी बरालिने हुन्छ । नबरालिँदा सन्तोष हुन्छ । छिमेकीको कुकुर भुकेर हैरान पार्‍यो भने पूर्व जन्ममा मैले पालेको कुकुरले भुकेर ती छिमेकीलाई आजित पारेको रहेछ भन्ने सोचेर चित्त बुझाउन मन लाग्छ ।

**शरीर र मनको अवस्थिति कस्तो छ ?**

शरीरले त कहिल्यै लत्तो छाडेन नि ! यो लेख्दासम्म नियमित औषधी सेवन गर्ने बिरामीको गणनामा परेको छैन । मन भाँडिएको छैन । कहिलेकाहीँ भड्किन नखोज्ने होइन । मनले व्यहोर्ने कुराहरू कलम कापीले पनि व्यहोर्ने गर्दछन् ।

**आफूलाई साहित्यबाट पर राख्दा कस्तो अनुभूत हुन्छ ?**

वित्यासै परिहाल्छ नि ! हिजो पढेर भोलिबारे केही भन्न सकिने हुनाले आज साहित्यबाट कोही पनि अलग छैन । जीवनयात्रा साहित्य नै हो । म पनि आफू उभिएको समाजको हिस्सा नै हुनाले साहित्यबाट पर हुन सम्भव छैन ।

**भावले शब्दको रूप कसरी लिन्छ र कापीमा पोखिएपछि के अनुभव हुन्छ ?**

सुन्दर । मनको भावलाई उतार्ने माध्यम मुख र हात नै त हो । भावले हुटहुटी चलाएपछि कागजमा कलम चल्न थालिहाल्छ । भाव प्रसव व्यथा हुनाले बच्चा जन्मनु र रचना जन्मनु एउटै हो । खुसी लाग्छ ।

**साहित्य कस्तो हुनुपर्दछ ?**

सन्देशमूलक र कालजयी । सबैलाई एकै प्रकृतिको स्वादमा रुचि हुँदैन । खानाको परिकारमा पाककला मिसिएपछि खानाले पूर्णता पाउँछ । साहित्यमा पनि टिम्बुर, मरिच, खुर्सानी, कागती, धनियाँ, इमिलि, जाइफल, सखरजस्ता अनेकौं तत्त्वको आवश्यकता हुन्छ । यसले सबैको स्वादको प्रतिनिधित्व गरेको हुनुपर्दछ ता कि सबैको जिब्रो पडकियोस् ।

**शासन कस्तो हुनुपर्दछ ?**

प्रेम, शान्ति र आनन्दले ओतप्रोत । सरकार जनतलाई जनता नठानेर दास ठान्दछ । सरकार नामधारी तत्त्व सँभाल्ने कुर्सीवालाहरूको लागि सर्वसाधारण मान्छे नै होइनन् । अमान्छेको रोइलो हावामा नै बिलाउने गरेको छ ।

**साहित्य के हो ?**

प्रकृति हो । चौरासी लाख योनि र तिनको स्रष्टाको वर्णन हो ।

**किन साहित्यमा शब्द चयनको महत्त्व रहेको हुन्छ ?**

साहित्यमात्र होइन हरेक खाले मानिसको दैनिक व्यवहारमा शब्द चयनको महत्त्व हुन्छ । त्यसै शील र अश्लील शब्द जन्मेका कहाँ हुन् र ?

**कस्ता साहित्य दीर्घायु हुन्छन् ?**

सन्देशमूलक ।

**लेखक र पाठकको सम्बन्ध कस्तो हुनुपर्दछ ?**

लेखकले कथा, कविता, निबन्ध, नाटक, मूर्तिकला, चित्रकलाको माध्यमबाट केही न केही सुनाइरहेको, बताइरहेको हुन्छ । त्यो अभिव्यक्ति पाठकलाई रूवाउन, हँसाउन, गम्भीर हुन सहायक भयो भने पाठकले लेखकलाई बिर्सदैन । लेखकले त पाठक चिन्दैन । लेखकले पाठक खोज्ने नभई पाठकले लेखक खोज्ने प्रकृतिको सम्बन्ध आवश्यक हुन्छ ।

**यो वयमा आइपुग्दा केही गर्न छुटेजस्तो लाग्छ कि ?**

आम्मै कस्तो कुरा गरेको ? केही पनि छुटेको छैन । मनमा बोझ छैन ।

**सङ्कल्पधामजस्तो अभूतपूर्व योजना किन परिकल्पना गरियो ?**

पूरा नहुञ्जेल सबै कर्म असम्भव नै लाग्छ । हामीले नसके अरूले गर्छ । हिजो धरहरा, रानीपोखरी बनाउनेहरूलाई पनि मान्छेले खिसी गरेका थिए रे ! आज तिनै आकर्षणको केन्द्र बनेका छन् । बेलायतको आकर्षण त्यही एउटा लण्डन ब्रिज होइन र ? हामीले पनि देशको लागि त्यस्तै सम्पदा बनाउने चिन्तन गरेका हौं । मेरो नभई हाम्रो भन्नको लागि हरेक नेपालीले एउटा ईँटा भए पनि थप्ने सङ्कल्प गर्नु पर्दछ भनेर सर्वमान्य नाम सङ्कल्पधाम चयन गरेका हौं ।

**अधिकार र कर्तव्यमा के फरक छ ?**

गज्जबको कुरा आयो । अधिकारलाई मान्छेले हकको रूपमा लिन्छ । कर्तव्य नगरी हक खोज्नु निर्लज्जता हो । देशबाट लिनु भन्दा देशलाई दिनु महत्त्वपूर्ण प्राथमिक कुरा हो । देशलाई गरीब बनाएर आफू धनी हुनु असभ्यताको चरम रूप हो । होइन त ?

**जीवनलाई कसरी हेर्ने गरिएको छ ?**

जीवन नबुझेको भए त ताबेदारहरूको के कमी हुन्थ्यो र ? आफ्नै खुट्टाले हिंडने, आफ्नै विवेक प्रयोग गर्ने, आफ्नै कानले सुन्ने, आफ्नै आँखाले हेर्ने कर्म गर्दा मात्र देश देशजस्तो हुने, मान्छे मान्छेजस्तो हुने, शासक शासकजस्तो हुने हो नि त, होइन र ?

**वास्तवमा जीवनयात्रा के हो ?**

कसैले पैसालाई चामलसँग साट्छ कसैले चामललाई पैसासँग साट्छ । मात्तिने अशान्त हुन्छ सुत्न सक्दैन, रोगी हुन्छ । नमात्तिने मस्त निदाउने हुनाले शान्त एवं फुर्तिलो हुन्छ । शरीर धर्मशाला, मन पाले, जीव यात्रु न हो ।

**दाम्पत्य जीवन सहज की कठिन ?**

विवाह नगरेको भए त असरल्ल पो हुन्थ्यो होला त जीवन यात्रा ? कठिन भन्न पनि गारो सहज भन्न पनि अप्ठेरो पो हुँदो रहेछ त वैवाहिक यात्रा ।

**ठाकठुक पर्छ र ?**

के भनेको होला ? ठाकठुक नपरे त गाडी नै गुड्दैन नि ! झगडा पो गर्नु हुँदैन । झगडा पनि पर्न पर्न नखोज्ने त कहाँ हो र ? तर हत्तपत्त आजभन्दा ३८ वर्ष पहिले मार्ग ३ गते आदरणीय सासुले जिउँती कोठामा पाले पुण्य मारे पाप भन्दै हातमा रूमाल राखिदिएको सम्झना भइहाल्छ । त्यसपछि चूपचाप । कुरा खत्तम । दाम्पत्य जीवन अरूको जस्तो ठिकै राम्रै होइन नि ! मेरो अर्थात् हाम्रो त ठीक छ राम्रो पो छ त ।

**जन्मनुको उद्देश्य के हो ?**

अरू के हुन्थ्यो, फेरि नजन्मने गरी मर्नु त हो नि ।

–_–

**साहित्य संबर्द्धन केन्द्र, नेपालद्धारा प्रदान गरिने सम्मानहरू**

**४. साहित्य संवर्द्धन द्रष्टा सम्मान-२०७०**

२०७० प्रा. डा. केशवप्रसाद उपाध्याय
२०७१ प्रा. शिवगोपाल रिसाल
२०७२ प्रा. मोहनराज शर्मा
२०७३ प्रा. ठाकुर पराजुली
२०७४ प्रा. दयाराम श्रेष्ठ
२०७५ दधिराज सुवेदी
२०७७ कृष्णहरि बराल
२०७८ डा. घनश्याम न्यौपाने 'परिश्रमी'
२०७९ प्रा. केशव सुवेदी
२०८० प्रा. डा. अभि सुवेदी

**५. विश्वज्योति सेवा सम्मान-२०७१**

२०७१ श्री सत्य साईं केन्द्र, पूर्व काठमाडौँ
२०७२ श्री सत्य उद्यान, ललितपुर
२०७३ शान्तदास मानन्धर
२०७४ जगत्गुरु आदर्श संस्कृत गुरुकुलम्
२०७५ नेपाल एकीकृत दृष्टिविहीन संघ, लोलाङ
२०७७ रोचक घिमिरे
२०७८ जनमत मासिक पत्रिका, बनेपा
२०७९ श्री कान्तिभैरब गुरुकुल विद्यालय
२०८० रिमा सेवा समाज, गोल्फुटार

**६. शारदादेवी सिर्जना पुरस्कार-२०७२**

२०७२ गीताकेशरी
२०७३ भागिरथी श्रेष्ठ
२०७४ भुवन ढुङ्गाना
२०७५ माया ठकुरी
२०७७ रमा शर्मा
२०७८ पद्मावती सिंह
२०७९ हिरण्यकुमारी पाठक
२०८० गङ्गा पौडेल

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।

# म किन जन्मेछु ?



सागर 'मणि' थापा

**म किन माहिलो छोरा भएर जन्मेछु ?**

मेरा बाले भारतस्थित गङ्गासागरको तीर्थाटनबाट फर्किएको लगत्तै वि.सं. २०२४ साल असोज २७ गते दशैँको फूलपातीको दिन म जन्मिएको भएर मेरो नाम सागर राखिदिनुभएको रे ! पछि म आफैले 'मणि' उपनाम थपेर सागर 'मणि' थापा भएँ । वास्तवमा म जेठो छोरा भएर जन्मिनु पर्ने थियो किनकि एक त सबैले धेरै माया गर्दथे अनि मैले दुइटै भाइहरूलाई कजाएर राख्न पनि पाउँथेँ तर माहिलो भएकोले सबैको हेपाइमा परेँ । उखानै छ नि– 'जेठो छोरो बाको प्यारो, कान्छो छोरो आमाको, माहिलो छोरो आनामाने ।' लेखक भएको हैसियतले प्रकाशकसँग पैसा माग्नुपर्छ । त्यही भएर म माग्ने नै हुँ ।

**मेरा बा अल्पायुमै नमरेका भए के हुन्थ्यो होला ?**

म सात–आठ वर्षको हुँदो हुँ, मेरा बाको देहान्त हुँदा । हामी तीनभाइ छोराहरू र एक दिदी अनपढ तर चेतनशील आमाको संरक्षकत्वमा हुर्किएका हौँ । बाल्यकालमा साह्रै दुःख थियो । दुःख पाएकै कारण म साहित्यकार बनेँ कि क्या हो ? यदि बा धेरै वर्ष बाँच्नुभएको भए म पाइलट बन्ने पक्का थियो किनकि स्कुल पढ्दा ताका कागजको 'प्लेन' बनाएर उडाइन्थ्यो तर पाइलट बन्ने मेरो सपना पूरा हुन्थेन होलाजस्तो पनि लाग्छ किनभने म माहिलो छोरो भएको कारण दाजु र भाइले डाढ गरेर बालाई धेरै पैसा खर्च गर्न दिंदैन थिए होलान् कि ? फेरि आमाले पनि विरोध गर्थिन् कि । उनको प्यारो छोरो त कान्छो थियो ।

**मैले निबन्ध विधा मन नपराएर गल्ती गरेँ कि ?**

अग्रजहरूको सिको गरेर मैले पनि कविता र मुक्तकबाट साहित्य लेख्न थालेको हुँ तर हाल आएर सबै विधामा असफल भएँ कि भन्ने लागिरहेको छ । प्रौढहरूका लागि उपन्यास र कथाकृतिहरू छपाएँ तर अचेलका पाठकहरूलाई धैर्य गरेर उपन्यास र लामा कथा अध्ययन गर्ने समय नै छैन । न त बच्चाहरूले नै नेपाली बालसाहित्य पढ्न रुचाउँछन् । अहिले त पेटबाटै मोबाइल चलाउन सिकेर जन्मिन्छन् ! फेरि मैले कविता र मुक्तकका कृतिहरू जन्माउन पनि सकिनँ । बरु निबन्ध विधा रोजेको भए देवकोटा र लामिछाने जस्ता धुरन्धर

निबन्धकार बन्न नसके पनि मनमा जे फुर्छ, त्यही विषयमा मज्जाले 'गफ' छाँट्न त पाइन्थ्यो । फेरि अहिले त निबन्ध विधाभित्र धेरै उपविधाहरू जन्मिसकेका छन् । जस्तै, यात्रा, नियात्रा, जीवनी, संस्मरण, लेखरचना आदि आदि तर मलाई त निबन्धात्मक कृति पढ्नै मन लाग्दैन किनभने निबन्धकारहरू फाँटमा छाडेका साँढे सरह हुन्छन् । जे विषयमा पनि निबन्ध लेख्छन्, जस्तो पनि लेख्छन् ।

**मैले रेडियो नेपालमा जागीर किन खाइन नि !**

घरमा रेडियो नभए पनि म रेडियोबाट प्रसारण हुने हरेक कार्यक्रमको पारखी थिएँ । फर्मायसी गीतमा त मेरो नाम हजारौं पटक आए होलान् । पछि क्याम्पस पढ्न थालेपछि रेडियोका महिला कार्यक्रम, बाल कार्यक्रम, गीति कथालगायतका कार्यक्रमहरूमा मेरा रचनाहरू निकै प्रसारण भएका थिए । अलि अलि पारिश्रमिक पनि पाइन्थ्यो तर त्यो कुरा धेरैपछि मात्र चाल पाएको थिएँ । २०४६ अघि पाण्डव सुनुवार दाइको 'चौतारी' कार्यक्रम हेर्न हरेक बिहीबार रेडियो नेपाल धाउँथें । मैले पनि केही पटक मुक्तक वाचन गर्ने मौका पाएको थिएँ । त्यसरी रेडियो नेपाल धाउँदा पनि त्यहाँ जागीर खाने कुरा मेरो मनमै आएन छ । शायद तलब थोरै भएर हो कि ? पचासको दशकसम्म तारे होटलमा श्रम गर्ने श्रमिकको तलब 'सेक्सन अफिसर' को भन्दा बढी थियो । यदि मैले बढी तलबको लोभ छाडेर रेडियोमा जागीर खाएको भए दाहाल यज्ञनिधिले सञ्चालन गर्ने 'साहित्य संसार' कार्यक्रम पछि मैले नै चलाउन पाउने थिएँ कि ? तर भाग्यमा रहेन छ क्यारे, त्यो सोचाइ नै आएन ।

**वास्तवमा म पत्रकार बन्नुपर्ने मान्छे हुँ ।**

उतिबेला रेडियो र पत्र–पत्रिकामा अरूको रचना र नाम आएको देख्दा मलाई पनि रहर लाग्थ्यो । त्यही भएर रहरै रहरमा लेख्न थालियो । पछि पछि लेखनकला एक प्रकारको 'राष्ट्रिय दायित्व र कर्तव्य' जस्तो लाग्न थाल्यो । वास्तवमा म पत्रकार बन्नुपर्ने मान्छे हुँ कि जस्तो लाग्छ अहिले । समाज परिवर्तन गर्न र समतामूलक समाजको परिकल्पनालाई साकार पार्न त पत्रकारै बन्नुपर्ने रहेछ नि ! म पत्रकार 'प्लस' साहित्यकार भएको भए सुनमा सुगन्ध थपिए झैं हुन्थ्यो र मेरा रचना र कृतिहरूको पहाड बन्थ्यो होला । नपत्याए पत्रकारिता पेशामा लागेका मुट्ठीभर साहित्यकारहरूलाई हेरे हुन्छ नि ! पत्रिकाको साहित्य स्तम्भमा उनीहरूकै रचना छापिँदै आएका छन् । समालोचना वा पुस्तक परिचय स्तम्भमा त झन् तिनहिरूकै 'रजगज' छ । उखानै छ नि– 'आफ्नै हात, जगन्नाथ ।'

**पहिलो कृति छाप्न आफैले लगानी नगरेको भए ?**

मेरा हालसम्ममा करिब तीन दर्जन कृतिहरू प्रकाशित छन् । जस्तैः उपन्यासहरू– वर्तमानको लीला, मैले बैंस भोगेकी छैन, अमर–माया, चलखेल, कलाकार, मेयर लगायत नौ । कथाहरू– छोरीबुहारी जिन्दाबाद, भड्किँदो वर्तमान

लगायत चार । त्यसैगरी बालसाहित्यहरू– उपकार, प्रेरणा, मुसाले हवाईजहाज रोक्यो, राजाको कानमा बज्यो बाजा, नमच्चिने पिङको सय झट्कालगायत करिब चौबीस पुगेका छन् । मैले पनि साझा प्रकाशनको आशा गरेर २०५० मै पाण्डुलिपि बुझाएको थिएँ तर एक वर्षसम्म त्यत्तिकै थन्काइदिए । त्यही भएर पाण्डुलिपि फिर्ता ल्याएर होटलमा वेटर पदमा काम गरेको तलब र केही 'टिप्स' रकम बटुलेर ठ्याक्कै बीस हजार रूपैयाँ खर्च गरी श्रीमतीलाई प्रकाशक बनाएर पहिलो कथाकृति 'छोरी–बुहारी जिन्दाबाद' छपाएँ । यदि उक्त कृति साझा प्रकाशनबाट प्रकाशन भएको हुन्थ्यो भने मैले लेखेका धेरै पुस्तकहरू त्यहींबाट प्रकाशन हुने प्रबल सम्भावना थियो । हुन त त्यो पनि के भन्न सकिन्थ्यो र ? त्यहाँ पनि सञ्चलकहरूकै हालिमुहाली थियो । वर्षमा एक थान नबिक्ने किताब पनि छापिएका हुन्छन् । नत्र त साझा प्रकाशनलाई सुकेनाश रोगले छुँदैन थियो होला । पहिलो कृतिमा आफैले लगानी नगरेको भए मेरा एउटा पनि किताब छापिने थिएनन् होला किनभने उदारवादी प्रकाशकहरूले मेरो लेखनकलाप्रति विश्वास गर्न सक्ने आधार पनि त चाहिएको थियो । त्यही आधारमा मैले केही प्रकाशन सस्थाहरूको विश्वासलाई जित्न सकें र धेरै कृतिहरूको स्रष्टा बन्न सकें । अतः अर्काको मुख ताकेर मात्र केही हुन्न भन्ने पाठ सबैले सिक्नुपर्छ जस्तो लाग्छ ।

**आफ्नै कृतिका केही पात्रहरूबाट प्रेरणा पाइन्छ र ?**

पात्र र प्रवृत्तिको दृष्टिकोणबाट विचार गर्दा मैले २०५२ सालमा प्रकाशन गरेको उपन्यास 'मैले बैंस भोगेकी छैन' की प्रमुख पात्र सन्ध्याबाट ठूलो प्रेरणा पाएको छु किनकि निज सन्ध्याले परिवारको लागि गरेकी मिहिनेत र त्याग मानवीय जीवनका लागि बहुतै प्रेरणस्पद छन् । त्यसैगरी अर्को उपन्यास 'चलखेल' (२०७४) का पात्रहरू द्वय प्राध्यापक शेखर विलोम तथा इज्जतमानबाट पनि उत्तिकै प्रेरणा पाएको छु । शेखर विलोमले नेपाली साहित्यिक जगत्मा जन्मिएका नातावाद, कृपावाद आदि क्रियाकलाप विरुद्ध आवाज उठाएका छन् र समाज विरोधी परम्परादी उखान–टुक्काहरूलाई समय सापेक्ष परिवर्तन गरिदिएका छन् । त्यसैगरी इज्जतमानले आफू उपकुलपति भएका बखत त्रिभुवन विश्वविद्यालयमा हुने गरेका अस्वस्थ्य राजनीतिलाई समाप्त पार्न ठूलो मूल्य चुकाएर भए पनि कुलपति प्रधानमन्त्रीलाई चुनौती दिएका छन् । २४ अक्टोबरका दिन पुल्चोकमा आयोजना गरिएको संयुक्त राष्ट्रसंघको स्थापना दिवस कार्यक्रममा त उनले अमेरिकाको दादागिरीको घोर भर्त्सर्ना नै गरेका थिए र उक्त संघका महासचिवलाई अमेरिकी राष्ट्रपतिको 'गोजीको रूमाल' को संज्ञा दिएका थिए । अहिले भएको पनि त्यस्तै नै छ ।

मेरो अर्को उपन्यास 'कलाकार' (२०७५) को मुख्य पात्र रविकुमार जसले विखण्डित परिवारलाई एकताको सूत्रमा बाँधेर समतामूलक समाजको परिकल्पनालाई

साकार पार्न जुन सङ्घर्ष गरेका छन्, त्यसबाट पनि म उत्तिकै प्रभावित छु । उपर्युक्त पात्रहरूले प्रेरणा नदिएका हुन्थे भने मैले धेरै लेख्न सक्ने नै थिइनँ । कन्जुस र स्वार्थी पनि बन्न सक्दथें । न बा आफ्नै लेखनकलाप्रति विश्वास नलागेर प्रकाशकहरूको चाकरी गर्ने स्वभावको हुने थिएँ कि ?

**मेरो साहित्यमा यौन विषयका दृश्यहरू नराख्दा के हुन्थ्यो ?**

नेपाली साहित्यमा 'फ्रायडवादी' सिद्धान्तलाई केही अग्रज साहित्यकारहरूले पछ्याएका छन् र मैले पनि उनीहरूकै सिको गरेर 'मैले बैंस भोगेकी छैन (२०५२), वर्तमानको लीला (२०५७), साझा आइमाई (२०७३)' उपन्यासहरू छपाएँ । साहित्यमा यौन विषय राख्दा खानामा 'चटनी' भएजस्तो जिब्रो फड्कारी फड्कारी खान मजा आउँछ भन्ने सुनेर लेखेको हुँ तर अहिले आएर ठीक गरिनँ कि जस्तो लाग्छ । फेरि अर्को मनले के भन्छ भने- जो गरें, राम्रै गरें किनकि ती किताबहरू नलेखेको भए त प्रकाशकहरूले विश्वास पनि नगर्ने रहेछन् नि ! कृतिको सङ्ख्या हेरेरै कतिपय प्रकाशकहरूले लेखकलाई पत्यार गर्ने रहेछन् । भनिन्छ नि- 'नाम होस्, बदनाम होस् तर गुमनाम नहोस् ।' अहिले त सामाजिक सञ्जालमा प्रतिष्ठित व्यक्तित्व वर्गले समेत गुप्तरूपले बाहिर बाहिर 'बहुस्त्री' वा 'बहुपुरुष' राख्नेजस्ता समाजविरोधी कार्यहरू गर्दै आइरहेका कुराहरू पढ्न र हेर्न पाइन्छ । म करिब तीन वर्षदेखि तिनै 'खराब' पात्रहरूलाई खोजी खोजी एक उपन्यास लेखिरहेको छु, जुन २०८२ सालभित्र प्रकाशन गर्ने लक्ष्य छ । मलाई थाहा छैन, मेरो उक्त उपन्यासले कतिको घरबार आवाद गर्छ वा बिगारिदिन्छ ? आ, जेसुकै होस् ! लेख्ने भनेकै अरूको कहानी त हो । सुध्रे तिनीहरूलाई नै राम्रो हुन्छ । नसुध्रिए तिनीहरूकै बेइज्जत हुन्छ । मलाई केको टनक टनक हँ !

**के प्रज्ञा प्रतिष्ठान 'मुर्दाघर' नै हो त ?**

मैले मेरो १२ औं उपन्यास (चलखेल) जुन २०७४ सालमा प्रकाशित भएको हो, त्यसैका प्रमुख पात्र मार्फत प्रज्ञा प्रतिष्ठानलाई 'मुर्दाघर'को संज्ञा दिन लगाएकै हुँ र अहिले पनि मेरो उक्त मान्यता जिउँदै छ । त्यो प्रतिष्ठान राजनीतिक भर्तीकेन्द्र हो, जहाँ दल र नेताका कथित साहित्यकारहरूको रजगज चल्ने गर्दछ, चलिरहेकै छ । दलवाद, भनसुनवाद र नातावादकै कारण कोही प्राज्ञ-सदस्यले लगातार दुई कार्यकालसम्म पनि जागीर खाएको पाइन्छ । यतिखेर म विद्वान् कोशकार चूडामणि गौतम सरको भनाइ सम्झिरहेको छु । उहाँले नेपाल प्रज्ञा प्रतिष्ठानबाट पछिल्लो चरणमा प्रकाशित बृहत् नेपाली शब्दकोशमा करिब १२ सय शब्दहरू गल्ती भेट्टाउनु भएको रहेछ । जुन घरमा बस्नेहरूले जिउँदो हुन्जेल मान, सम्मान केही दिंदैनन् र मरेपछि शव लगेर प्राङ्गणमा सुताएर नाटक गर्छन्, जसले गलत शब्दकोश प्रकाशन गर्छन् र म र मजस्ता हजारौं गैर-राजनीतिक कवि, साहित्यकारहरूलाई परिचयपत्र दिनु त कता हो कता, त्यहाँभित्र

प्रवेश गर्ने वातावरण पनि बनाउँदैनन् भने स्व. कवि केदारमान 'व्यथित'ज्यूले भैँ 'भोजनालय' भन्न मैले कसरी सकूँला र ? हामीलाई पद चाहिएको होइन । कम्तीमा पनि साहित्यकारको पहिचान चाहिएको छ । कतै मैले बढ्तै त भनिनँ ? फेरि मलाई भोलिका दिनमा पस्नै नदेलान् कि ? तर कही छैन । साँचो कुरा लेख्दा र बोल्दा कोही रिसाउँछ भने उसकै मुख कालो हुन्छ । झूटो टिक्दैन, सत्य डग्दैन पनि त भन्छन् ।

**कृति–समीक्षा नगराएरै म साहित्यकारहरूको भीडमा हराएको हुँ त ?**

यो पुँजीवादी युग हो । विनापैसा केही हुनेवाला छैन । वर्तमान समाज यतिसम्म गए गुज्रिएको छ, कसैको घाउमा पिसाब गराउन पनि पैसा तिर्नु पर्ला भन्ने डर छ । कुनै एक समय यस्तो पनि थियो, मेरा केही कृतिहरू बजारबाट किनेर लगी समीक्षा गर्ने समीक्षाकारहरू पनि थिए तर अहिले त कृतिहरूको समीक्षा गराउन कम्तीमा पनि 'पाँच अङ्कको दाम' चढाउनु पर्ने रहेछ । एक त प्रकाशन संस्थाबाट पुस्तकको 'रोयल्टी' पैसाको साटो पुस्तकै दिइन्छ । किताब बिके पो पैसा दिन सक्छन् । पैसै खुवाएर त समीक्षा लेखाइन्न है ! फेरि त्यसो गर्दैमा कृति भरमारसँग बिक्छ भन्ने 'ग्यारेन्टी' पनि त छैन नि ! धुमधडाकसँग विमोचन गरिएका कतिपय कृतिहरू 'पानी पिउन नपाएको' उदाहरण पनि त छ नि ! सन्तान जन्माउनु मात्र पर्छ । हुर्कन र बढ्न कति समय लाग्छ र ? बस्, मेरो भन्नु यत्ति हो ।

**कुनै रचना वा कृतिलाई शीर्षकले पनि फरक पार्छ रे !**

एक मनमा होजस्तो पनि लाग्छ । फेरि अर्को मनमा होइन जस्तो पनि लाग्छ । केही उदाहरण : विष्णुकुमारी वाइवा (पारिजात) ले 'मैले नजन्माएको छोरो', 'साल्गीको बलात्कृत आँसु' जस्ता शीर्षकहरू राखेकै भरमा ती कृतिहरू प्रख्यात भएका हुन् भन्ने मेरो ठम्याइ रहेको छ । 'मैले.....' मा 'छोरो' मात्र शीर्षक हुन्थ्यो भने पाठकले उत्तिको वास्ता गर्दैन थिए । त्यसै गरी 'शाल्गीको....' पनि त्यही हो । बलात्कार शब्द सुन्दा आफैमा जति 'क्रूर' लाग्दछ, त्योभन्दा स्वादिलो पढ्नमा मज्जा मान्दछन् पाठकहरू ।

अर्का अग्रज साहित्यकार वी.पी. कोइलाको कथा 'कर्णेलको घोडा' पनि त्यस्तै हो । यदि त्यसको शीर्षक 'कर्णेल' वा 'घोडा' मात्र राखेको भए पाठकहरूले खासै रुचाउँदैन थिए । वी.पी.को साहित्यमा 'फ्रायडवाद'को झलक पाइनुमा उनको मनभित्र थिग्रेर बसेको 'यौनकुण्ठा'ले पनि काम गरेको थियो किनकि उनी जेल परेका नेता साहित्यकार हुन् । तब त उनको दिमागमा यौनबाहेक अर्को विषय नै आउन्नथे होला कि ? म ढिलो जन्मेछु । नत्र त जेलमै गएर उनलाई 'फ्रायडवादी' नहुन सुझाव दिन्थेँ । उसो त मानिस भन्ने जात नै 'यौनिक' हो । लेख्दा पनि स्वाद लिने अनि पढ्दा पनि । नत्र त अग्रज साहित्यकार 'गोठाले'को

यौनकथा 'मैले सरिताको हत्या किन गरें ?' त्यस बेला त्रि.वि.वि.को पाठ्यक्रममै पर्थेन नि ! त्यस्तै रमेश विकलले पनि त्यस्तै त्यस्तै शीर्षकहरू राखेर कथाहरू लेखेको पाइन्छ । 'आज फेरि अर्को तन्ना फेरिन्छ' एक उदाहरणीय कथा हो ।

**यौनप्रभावी साहित्य बिक्छन् कि टिक्छन् पनि ?**

द्रौपदीको चीरहरण नभएको भए कसले पढ्थ्यो महाभारत ? रावणले सीतालाई अपहरण नगरेको भए रामायण पनि टिक्ने र बिक्ने ग्रन्थमा पर्दैन थियो कि ? श्री स्वस्थानी ब्रतकथाको त के कुरा गर्नु र ? देवताहरू नै पापी देखिन्छन् ! घर–घरमा स्वस्थानीको किताब राख्नु, पढ्नु र श्रवण गर्नुको कारण त्यसमा यौनप्रभावी कथानक भएर त हो । उपर्युक्त ग्रन्थहरूको प्रभावमा परेर धेरै लेखकहरूले कथा र उपन्यासहरू लेखेका छन् तैपनि उनीहरू न त बिकाउमा परे, न त टिकाउ नै हुन सके । जस्तो : युधीर थापा, बालकृष्ण पोखरेल । पोखरेल सरले बिकाउकै लागि 'वसन्त' को छद्मभेषी नामबाट 'युधीर थापा धार'का उपन्यासहरू लेखेर केही रकम जोहो गरेकै हुन् तर नेपाली उपन्यासकारहरूको इतिहासमा उहाँको नाम कहाँ छ ? शिरीषको फूललाई 'कागजको फूल' भनेर लेखेको समालोचना पढिएकै हो । 'पागलबस्ती' उपन्यासलाई 'पलायनवादी साहित्य' भनेर घृणा गरेको पनि देखेकै हो तैपनि ती दुवै उपन्यासका स्रष्टाहरू बिकाउ र टिकाउ दुवैमा परेका छन् कारण पाठ्यक्रममा परेकाले हो कि ? अर्का छन् नेपाली 'फ्रायड' अर्थात् पुष्कर लोहनी सर ! उनी त यौनसाहित्यका महागुरु नै हुन् । उनका कृतिहरू पढ्दा यस्तो अनुभूति हुन्छ, उनी सपनामा पनि केटीहरू मात्र देख्छन् । उनी त 'बिक्ने र टिक्ने महान् साहित्यकार हुन्' भन्दा अतिशयोक्ति नहोला कि ? तिनकै पदचापलाई पछ्याएर मैले २०७३ सालमा 'साझा आइमाई' उपन्यास प्रकाशन गरेको थिएँ । 'आइमाई' शब्दको कारण एक 'क्रान्तिकारी नारी समूह'ले झन्डै कालोमोसो दलिदिएका थिए । अब चाहिं भाँत पुऱ्याएर मात्र यौनप्रभावी साहित्य लेख्ने चेष्टा गरिरहेको छु । तपाईंहरू पनि सचेत हुनुहोस् है ।

**बिकाउ र टिकाउ हुन नक्दा नि मैले किन लेखिरहेको होला ?**

वास्तवमा लेखन कला आफैमा एउटा रमाइलो कार्य हो मेरा लागि । सुरु सुरुमा त म सिरानीमुनि कापी, कलम राखेर सुत्थें अनि निद्राबाट बिउँझिएर मध्यरातमा पनि लेख्ने गर्दथें । कथा, उपन्यासमा विभिन्न खाले पात्रहरू सिर्जित हुन्छन् । माया गर्न लगाउने पनि मैं । घृणाभाव जगाइदिने पनि मैं । कोही चाहिन्न । तिनै पात्रहरूसँग संलाप गर्न पाउँदा बडो आनन्द आउँछ । कर्म गर्नुपर्छ तर फलको आशा गर्नै पर्दैन । खेतमा धान रोपेपछि बारीमा मकै पनि छर्नुपर्छ । काउली रोपेपछि लसुन पनि रोप्नुपर्छ अनि त कुनै न कुनै बीजबाट फल लागिहाल्छ नि हैन र ? त्यही भएर म लेखिरहेको छु । लेखिरहेको छु । बिकाउ र टिकाउ हुनुसँग मतलब छैन । रुढीवाद, कुसंस्कार र पुराना विचारहरूलाई

भत्याङभुतुङ पारेर समतामूलक समाजको निर्माण गर्न लागिपरेको छु ।

**के साहित्यका किताब पढ्नै छाडेका हुन् त ?**

गाउँमा युवाहरू छैनन् रे ! एक त गोठाला र खेतालाहरूको अभाव । दोस्रो, कृषि र पशुपालन व्यवसाय पनि धरासयी भइसके रे ! खेतबारी बाँझै छन् रे ! धेरै युवाहरू शहरमा भाषा–कक्षामा अभ्यस्त छन् । साहित्यले न त कोरियामा काम दिन्छ, न त जापान, अमेरिका वा अष्ट्रेलियाकै 'भीसा' दिलाउँछ । उता जागीरदारहरूको त कुरै बेग्लै छ । लोकसेवाको किताब घोकेर प्रवेश गर्छन् र लोकसेवाकै किताब घोकाएर अवकास लिन्छन् । म ठोकेरै भन्न सक्छु, यदि 'कोर्ष'मा नराखिएको भए महाकविको मुनामदन खण्डकाव्यको पनि नामोनिशान हुने थिएन । न त शिरीषको फूल नै जिउँदो रहन्थ्यो, न त रहन्थ्यो सुम्निमा । न त पढिन्थ्यो नयाँ सडकको गीत, न त बाँच्थ्यो पागल बस्ती नै । एउटा सानो बौद्धिक जमात छ, जसले नेपाली साहित्यलाई थेगिरहेको छ तथापि बजारमा 'च्याउसरि' लेखकहरू उम्रिरहेकै छन् । प्रेस र प्रकाशकहरू घिसिपिटी चलिरहेकै छन् । मोबाइल र इन्टरनेटबाट वाक्क हुने दिन पनि त आउला क्यारे ! अहिले नै ढाड र नसाका रोगीहरूको लाम छ, अस्पताल र क्लिनिकहरूमा । अबको दश वर्षपछि झन् कस्तो होला ? मलाई लाग्छ, भविष्यमा एक त्यस्तो घटना पनि होला, जतिखेर विश्व स्वास्थ्य सङ्गठनले नै इन्टरनेट र सामाजिक सञ्जाललाई बन्देज लगाइदिनेछ, त्यसपछि त किताबहरूको दिन फर्किहाल्छ नि ! आशाा जीवितै छ ।

**पौढ साहित्यभन्दा बालसाहित्यमै मेरो भविष्य बन्छ कि ?**

आजका बालबालिका नै भविष्यका कर्णधार हुन् । अतः उनीहरूलाई मनोरञ्जन र बौद्धिक खुराकले परिपुष्ट पार्न सके मात्र देशको उन्नति होला । म पनि अग्रज साहित्यकारका रचनाहरू पढ्दै बढेको हुँ । त्यही भएर मैले अचेल बालसाहित्यमै बढी कलम घोट्न थालेको छु । अचेल मैले परम्परागत नेपाली उखानहरूलाई शीर्षक बनाएर बालकथाहरूको रचना गरिरहेको छु ता कि ती कथाहरू पढ्दा बालपाठकहरूले आफ्नै घरपरिवार र समाजको कथाको अनुभूति गर्ने छन् र तिनबाट शिक्षा र मनोरञ्जन दुवै प्राप्त गर्ने छन् । हुन त अचेलका धेरै बालबालिकाहरू मात्तिएका छन् । कोही नेपाली कथा नपढ्ने छन् । कोही कोही चाहिँ बालसाहित्यको नाम सुन्यो कि बाह्र हात पर भाग्छन् । कोही आमाबाबु बच्चालाई स्कुलकै मात्र किताब रटाउन चाहन्छन् । अरूको त के कुरा गर्नु र ? साहित्यकार तथा पुस्तक प्रकाशका बच्चाहरूले नै बालसाहित्य नपढ्ने रहेछन् । त्यस्ता बच्चाहरूको पारा देखेर मलाई दिक्क लाग्यो । आ, जेसुकै होस् । भीर खोज्ने डिङ्गालाई 'राम राम' पो भन्न सकिन्छ । काँधै थापेर बचाउने कुचेष्टा गर्न सकिन्न क्यारे ! बालपत्रिकाहरूमा रचना प्रकाशन गरेर पारिश्रमिक प्राप्त गर्ने

बालबालिकाहरूबाट पनि मैले प्रेरणा पाएको छु । मेरो काम लेख्ने हो । लेखिरहन्छु । भविष्य त कसले देखेको छ र ?

**'छिट्टै आउँछ' भनेको किताबको के हालत हुने हो कुन्नि ?**

मेरो १८ आधुनिक कथाहरूको सङ्ग्रह 'भुजुङ्गो'को सम्पादन कार्य भइरहेको छ । एक प्रकाशकसँग करारनामा गरेको छु तापनि उनले किताब छाप्ने कुरामा द्विविधा नै छ । उक्त संस्थाबाट केही महिना अघि पाँचओटा बालकथासङ्ग्रहका किताबहरू त छापिइसकेका छन् यद्यपि बजार प्रवर्द्धन गर्न सकिरहेका छैनन् कि ? एक त पैसाको सट्टा किताब नै दिए रोयल्टी' बापत । दोस्रो कुरो अरू किताब प्रकाशन गर्न नाकनिक गर्छन्, बिक्तैन रे ! उता पुराना प्रकाशकहरूको कुरै बेग्लै छ । पैसा पनि नदिने, उनीहरूले चाहेको 'आइटम' पुगेपछि मुखै नहेर्ने । हैन, मैले नबुझेको एउटा कुरा नि ! बजारबाट पैसा नउठेको, साहित्यिक कृतिहरू नबिकेको भनेर लल्लरी पनि गाउँछन् । नयाँ कृति छाप्न मान्दैनन् तैपनि फेरि किन त्यो व्यावसाय बन्द गर्दैनन् भन्या ? यी प्रकाशन संस्थाहरूको गतिविधि देखेर अचम्म पनि लाग्छ, रिस पनि उठ्छ, खै के खै के ।

**अन्त्यमा, रहलपहल कुरा पनि भन्नै पऱ्यो ।**

किताब लेखेर पैसा कमाउन सकिनँ तैपनि मलाई साहित्यकार सागर 'मणि' थापा भनेर परिचित गराइदिने प्रकाशन संस्थाहरूलाई पुनः स्मरण गर्छु । रत्न पुस्तक भण्डार, विवेक सिर्जनशील, डिकुरा प्रकाशन, एस.पी.प्रकाशन, शब्दार्थ प्रकाशन, प्यासिफिक पब्लिकेसन्स आदिप्रति आभार । उहाँहरूकै साथ र सहयोगले नै आज म करिब तीन दर्जन कृतिहरूको स्रष्टा बनेको छु र समाजमा चिनिएको छु । एक त किताब लेख्न गाह्रो, दोस्रो छपाउन गाह्रो, तेस्रो कुरो बजार व्यवस्थापन गर्न झन् महाकठिन रहेछ नि ! जसरी काँक्रा, फर्सी आदिका लहराहरू थाँक्रोविना फस्टाउन सक्तैनन् र फल लाग्न पनि कठिन हुन्छ, ठीक उसैगरी लेखकलाई प्रकाशकहरूको मद्दत् भएन भने समाजमा चिनिन गाह्रो पर्छ । अतः दुवै वर्गको उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु । अँ, एउटा कुरा भन्न मन लाग्यो । यदि लेखकले कुनै किताबबाट ठूलै पुरस्कार प्राप्त गर्दछ भने आधा रकम प्रकाशकलाई पनि दिनुपर्छ । तब मात्र लेखक र प्रकाशकबीच सुमधुर सम्बन्ध रहिरहन्छ कि ?

कीर्तिपुर- ७, चोभार ओपी, काठमाडौं ।

-_-

**तपाईंले हामीलाई भेट्न खोज्नुभएको हो ?**
रचना, विज्ञापन वा पुस्तक-पत्रिकाको लागि
**शब्दार्थ प्रकाशनको कार्यालय-चाबेल, गणेशस्थान**
**०१-४४९७३५१/९८४१-४९६१०३**

# म र मेरो अनुभूति



**हरिभक्त सिग्देल 'महेश'**

कहिलेकाही म आफ्ना ती अतीतलाई सम्झन्छु- माता गङ्गादेवी सिग्देल र पिता खड्गध्वज (बलराम) सिग्देलको आठ सन्तान मध्ये कान्छो छोरा हुँ म। मेरा तीन दाजु र चार दिदीहरू थिए। म पाँचमाने जीतपुर फेदी वडा नं.३ हाल तारकेश्वर नगरपालिका वडा नं ३ जीतपुरमा मध्यम वर्गीय कृषक परिवारमा जन्मेको हुँ। मेरो परिवारले घरव्यवहारको काम गर्न कसैसँग ऋण लिनु पर्दैनथ्यो। आयस्रोत कृषि नै थियो। मलाई पाँच वर्षको उमेरमा पिताजीले अक्षरारम्भ गर ाउनु भयो तर मलाई खेल्न बाहेक लेखपढमा रुचि थिएन त्यसैले मैले म पढ्दै पढ्दिन बरु गाईवस्तु हेर्छु, खेती गर्छु भनेर निर्णय सुनाएँ तर आठ वर्षकै उमेरमा मेरो पिताजीको देहान्त भयो। म टुहुरो भएँ। त्यसपछि मलाई पढलेख भन्ने पनि कोही भएन। एवं क्रमले दशौं वर्ष बिते।

एक दिनको कुरा हो हामी सबै परिवार आमाबाहेक खेतमा काम गरिरहेका थियौं। मङ्सिर महिनाको अन्त्यतिर मेरो माथ्लो घरको लक्ष्मण घिमिरे (काँठे) दाजु धर्मस्थली हुँदै जेपी स्कुलको कक्षा सातको परीक्षा सकेर घर आउदै हुनुहुँदो रहेछ। वहाँलाई मेरो साँहिलो दाजु रामभक्त सिग्देलले बोलाउनुभयो। यतैबाट आइज भनेर भन्नुभयो। मेरो दाजु धर्मस्थली हाइस्कुलमा पढाउनुहुन्थ्यो। लक्ष्मण दाजुलाई उहाँले दुनोटको विषय साथै अङ्ग्रेजी र अन्य विषयसमेतमा सोधपुछ गर्नुभयो। उहाँले सबै विषयको स्पष्ट र सही उत्तर दिनुभएकैले होला मतिर हेरेर दाजुले तँ गोरु पढ्दैनस्। हेर तेरै उमेरको लक्ष्मणलाई सबै आउँछ भनेर मेरो मुखमा खकारेर थुकी दिनुभयो। मलाई साह्रै दुःख लाग्यो। हामी खेतको काम सकेर घर फर्किदै थियौं। बाटोमा झम्के न्यौपानेको घरमुनि ठूलो पीपलको रूख थियो। त्यहाँ पुगेपछि मैले पीपलको रूखलाई साक्षी राखेर ठूलो स्वरले- 'म लक्ष्मण दाइलाई मात्र होइन तपाईंलाई पनि पढेर जित्छु' भन्ने सङ्कल्प गरें। यो सुनेर सबैले रिसको आवेगमा भनेको भन्ने अनुमान गरे। हामी घर पुग्यौं। मैले घर पुग्ने बित्तिकै आमासँग रूँदै भनें मलाई सात कक्षासम्मको किताब चाहियो। आमाले दाजुलाई भन्नुभयो- 'कान्छालाई सात कक्षासम्मको किताब किनेर ल्याइदिनु।' दाजुले आमालाई भन्नुभयो- 'यसले क ख त चिनेको छैन यसलाई त ठूलो वर्ण माला (बाह्रखरी) ल्याइदिन्छु म।' त्यसपछि झन् रुन

थालें । आमाले पनि दाजुलाई कराउनुभयो- 'मैले भनेपछि ल्याइदे न खुरुक्क सात कक्षासम्मका पुस्तकहरू ।' दाइ रिसाएर निस्कनुभयो । बेलुका घर आउँदा सबै किताबहरू ल्याएर मेरो अगाडि फालिदिनुभयो- 'ल पढ यी सब किताब ।' मैले त्यसपछि घर अगाडिको सिप्लीकानको रूखको हाँगा फाटेको ठाउँमा राडीको टुक्राले बस्ने ठाउँ बनाएँ र दैनिक सुरुदेखिका किताबहरू घोकें । क्रमले समस्या हुँदा कुलप्रसाद जमकटेल दाजुसँग सोध्ने गर्दथें । उहाँले त्यो बेलाको एघार पास गर्नुभएको थियो र सोधेका कुराहरू झिँझो नमानी सिकाइदिनुहुन्थ्यो ।

माघको अन्तिम हप्तातिर मैले दाजुलाई एक कक्षादेखि सात कक्षासम्मको पुस्तकहरूबाट मलाई प्रश्न सोध्न अनुरोध गरें । उहाँले विभिन्न कक्षाका विभिन्न पुस्तकहरूबाट प्रश्नहरू सोध्नुभयो । मैले सबै प्रश्नहरूको सही उत्तर दिएँ । दाजुको अनुहारमा प्रसन्नताको झझल्को देखिन्थ्यो । दाजुले भन्नुभयो- पढन् त पढिछस् अक्षरचाहिँ कसले लेखिदिन्छ तेरो । मैले भनें किताब हेरेर सार्छु पछि अक्षर बनिहाल्छ । श्री ग्रामसेवा प्रौढ हाइस्कुल धर्मस्थलीमा कक्षा आठको प्रवेश परीक्षामा मैले निवेदन दिएँ । मेरो परीक्षा भयो र परीक्षामा म पास भएँ । कक्षा आठमा भर्ना भई पढ्न थाले । कक्षा आठमा म पास मात्र भए । कक्षा ९ मा म धेरै बुझ्ने भइसकेको थिएँ । विद्यालयको वार्षिकोत्सवमा आयोजित कविता प्रतियोगितामा 'किसान' शीर्षकमा कविता लेखेर सान्त्वना पुरस्कार प्राप्त गरें भने खेलकुदका प्रत्येक इभेन्टमा म फस्ट भएर पुरस्कृत भएको थिएँ । त्यतिबेला मेरो परिवार र विद्यालयपरिवारसमेत मसँग खुसी थिए । एस.एल.सी टेष्ट परीक्षामा म दोस्रो भएँ र २०२५ सालमा एस.एल.सी. पास गरें ।

मैले क्षेत्रपाटी धोबीचौरस्थित पब्लिक कर्मस कलेजमा आई. कम. पढें । एस.एल.सी. पास गरेपछि मैले नेपाल लोक सेवा आयोगको खरिदार र बहिदार दुवै पदको खुल्ला प्रतियोगीतामा भाग लिएर परीक्षा दिएको थिएँ । पढ्दापढ्दै बहिदारको रिजल्ट भयो । मलाई कान्तिबाल अस्पताल महाराजगञ्जमा खटाइयो । कान्तिबाल अस्पतालसँगै सदर प्रहरी तालिम केन्द्र भौतिक रूपमा जोडिएको थियो । प्रहरी सेवा प्रत्यक्ष रूपमा नागरिकको रूपमा नजिक रहने कसैसँग नसोधी न्याय र सेवा दिन सक्ने संस्था भएकोले प्रहरी बन्ने धोको थियो । अस्पतालको छतबाट ब्यान्ड बजेको, कवाज खेलेको, जुडो, कराते, जिम्नास्टिक्स, बक्सिङ र अन्य एथेलेटिक्स इभेन्टहरूको आयोजना भएको हेर्न सकिन्थ्यो । मलाई यी सबै कुराहरुले आकर्षित गर्दै थियो । यतिकैमा प्रहरी जवान पदमा भर्ना खुल्यो । मैले पनि दरखास्त हालें । स्वास्थ्य परीक्षण, हाइट, वेट, फिजिकल फिट्नेस् दौड्ने, उफ्रने, झुन्डिने आदि परीक्षाहरू पास गरी प्रहरी सेवाको लागि छानिएँ र तालिममा समावेश भएँ । तालिममा राम्रो भएकोले प्रशिक्षकको लागि छानिई सदर प्रहरी तालिम केन्द्रमै गुरुका रूपमा काम गर्न लागें । प्रहरी सेवा प्रवेश गरेको एक वर्षमै तत्कालीन श्री ५ महाराजधिराज वीरेन्द्र वीरविक्रम शाहदेवको शुभ

जन्मोत्सवको उपलक्ष्यमा २०३० पौष १४ गते महेन्द्र पुलिस क्लबमा राजारानीलाई खुकुरी डान्स, हाईलैण्ड डान्स र जिमनास्टिक्स प्रदर्शन गर्ने शुभ अवसर पाएँ । २०३१ सालमा प्रहरी प्रधान कार्यलयमा प्र.ह. पदमा सरुवा र बढुवा भयो ।

२०३२ सालमा म लाजिम्पाटमा डेरा गरी बस्थेँ । घरधनीको मामाको छोरा नुवाकोटका डिल्लीबहादुर उप्रेती नेपाली काङ्ग्रेश भएका कारण राजकाज मुद्दामा केन्द्रीय कारागारमा थुनामा थिए । उनलाई टीका लगाउन उनकी बैनी मीना काठमाडौं आइन् । मलाई उनी मन पऱ्यो र विवाहको प्रस्ताव राखेँ तर म पञ्चायतको प्रहरी उनीहरू नेपाली काङ्ग्रेस भएकाले प्रहरीको जागीर नछाडेसम्म मलाई छोरी नदिने भए । पछि सम्झौता भई मेरो विवाह उनीसँगै भयो । उनीबाट मेरा तीन छोरीहरू छन् । २०३३ सालमा मैले लोकसेवाको नायब सुब्बा खुल्लामा भाग लिई पास भएँ । त्यो सूचना थाहा पाई तत्कालीन प्रहरी महानिरीक्षक खड्गजीत बरालज्यूले मलाई प्रहरी सहायक निरीक्षक पदमा पदोन्नति गरी प्रहरी सेवा नछोड भन्नुभयो । २०३६ सालमा प्रहरी नायब निरीक्षकमा बढुवा भई वडा प्रहरी कार्यलय गौशालामा कार्यरत रहेँ । वडा प्रहरी कार्यलयको हाल रहेको भवन मेरै पहलमा शिलान्यास र निर्माण सम्पन्न भई उद्‌घाटनसमेत भएको थियो । त्यसपछि दक्षिणकाली, बौद्ध, कालीमाटी, धरान सुनसरी, गेर्खु नुवाकोट, जनसेवा आदि प्रहरी कार्यालय हुँदै दीपेन्द्र प्रहरी विद्यालय साँगामा कार्यरत रहेँ ।

प्रहरी विद्यालय साँगामा कार्यरत रहँदारहँदै २०४६ सालमा प्रहरी निरीक्षकमा पदोन्नति भई सदर ट्राफिक प्रहरी कार्यलय रामशाहपथमा कार्यरत रहेँ । २०४७ सालमा जिल्ला प्रहरी कार्यलय कञ्चनपुर महाकाली अञ्चलमा कार्यरत रही २०४८ सालमा जिल्ला प्रहरी कार्यलय काठमाडौंमा सरुवा भएँ । त्यसपछि इलाका प्रहरी कार्यलय थानकोट, मध्यक्षेत्र प्रहरी कार्यलय भृकुटी मण्डप, वडा प्रहरी कार्यलय दरबार मार्ग, वडा प्रहरी कार्यलय जनसेवा हुँदै प्रहरी महानिरीक्षकको सचिवालय प्रहरी प्रधान कार्यलयमा कार्यरत रहेँ । प्रहरी महानिरीक्षक मोतीलाल बोहोरा, अच्युतकृष्ण खरेल, ध्रुवबहादुर प्रधान र प्रदीप शमसेर जबरासमेत चार प्रहरी महानिरीक्षकज्यूहरूका निजी सहायकको जिम्मेवारी सँभाल्ने अवसर पाएँ र प्रहरी प्रधान कार्यालय विधिविज्ञान प्रयोगशालाबाट अवकास लिएँ । प्रहरी सेवाबाट अवकाश लिएकै दिन २०५८ साल माघ १ गतेबाट म भाष्तोक इन्टर नेशनल प्रा.लि.को म्यानेजर पदमा नियुक्त भई कार्यभार सँभालेँ । रूबीन हाउजिङ र सिन्तेज इन्भेस्टमेन्ट कम्पनीको कार्यकारी अधिकृतको रूपमा एन.आर.एन.ए.का संस्थापक अध्यक्ष तथा उद्योगपति डा.उपेन्द्र महतोज्यूसँग काम गर्ने अवसर पाएँ । २०७२ सालदेखि मेडिकेयर अस्पतालको प्रशासनिक प्रबन्धकको रूपमा कार्यरत छु । यसै बीचमा माछापुच्छ्रे बैंकको तीन कार्यकाल सञ्चालकको रूपमा कार्य सम्पादन गरिसकेको छु ।

मैले त्रिभुवण विश्वविद्यालयबाट एम.पि.ए.सम्मको शैक्षिक योग्यता प्राप्त

गरेको थिएँ भने प्रबल गोरखा दक्षिण बाहु चौथा, प्रहरी दीर्घ सेवा पट्ट, शुभ-राज्याभिषेक पदक, गद्दीआरोहण रजत महोत्सव पदक, वीरेन्द्र ऐश्वर्य सेवा पदक, दुर्गम सेवा पदक, विशेष सेवा पदक, प्रहरी सेवा पदक, दैवी प्रकोप पीडित उद्धार पदक, संयुक्त राष्ट्रसंघ शान्ति सेवा पदक समेत प्राप्त गरेको छु ।

प्रहरी सेवामा रहँदा वा त्यसपछिका मेरा (क) प्रहरी सेवा प्रवेश आधारभूत, कराँते, जुडो, जिम्नाष्टिक, बक्सिङ, नक्सा अध्ययन, प्रहरी अधिकृत विशेष, कमाण्ड, अपराध अनुसन्धान, विशिष्ट व्यक्तिको सुरक्षा, उपरोक्त सबै तालिमहरू राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जबाट प्रदान गरिएका हुन् । (खं) विमानस्थल सुरक्षा तालिम, स्टाफ कलेज, होस्टेज निगोसेसन्स स्काउट, अङ्ग्रेजी भाषा, नेतृत्व विकास, एडभान्स लिडरसिप तालिमहरू नेपाल, क्यानडा, अमेरिका, अस्ट्रेलिया आदि देशहरूबाट प्राप्त गरेको छु । मैले (क) मेचीदेखि महाकालीका हिमालदेखि तराईसम्मका ६५ जिल्ला । (ख) भारत, मोजम्बिक, मलावी, जिम्बावे, जाम्बिया, साउथ अफ्रिका, तान्जानिया, इजिप्ट, संयुक्त राज्य अमेरिका, रुस, बेलारुस, अष्ट्रेलिया, थाइल्याण्ड आदिको भ्रमण गरि सकेको छु ।

म नोबेल साकोश साहित्य प्रतिष्ठान, सप्तरङ्गी साहित्य संस्था, घुम्ती मुक्तक नेपाल आदि साहित्य संस्थाको संरक्षक र मुक्तिनाथ दर्शन साहित्य समाज नेपाल काठमाडौंको संस्थापक अध्यक्ष, हाल प्रमुख संरक्षक छु र श्री वैधनाथ प्रकाशन, श्री दामोदर पुडासैनी प्रतिभा पुरस्कार कोष, श्री सिग्देल बन्धु समन्वय प्रतिष्ठान, श्री सुरभि साहित्य प्रतिष्ठान, श्री जेष्ठ नागरिक जनसेवा समाज, श्री रत्न पुस्तकालय, श्री पशुपति सङ्गीत कला प्रतिष्ठान, श्री साहित्य सुधा नेपालको आजीवन सदस्य छु । मैले चार वटा साहित्य पुरस्कारहरू स्थापना गरेको छु ।

मैले दुई प्रशस्ती पत्र, चार कदर पत्र, बाह्र सम्मान पत्र र छ प्रशंसा पत्रका साथै दुई अभिनन्दन पत्र पनि प्राप्त गरेको छु । मेरा अहिलेसम्म आध्यात्मिक, धार्मिक अनुसन्धानात्मक, पेशागत र साहित्य सम्बन्धी गद्य, पद्य, खण्डकाव्य, महाकाव्य समेत ४८ ओटा पुस्तक प्रकाशित भइसकेका छन् भने मुक्तक सङ्ग्रह, गजलसङ्ग्रह, श्री सूर्य प्रार्थना र नेपाली पद्यमा गीता प्रकाशोन्मुख छन् ।

कहिलेकाहीँ आफूलाई लागेका आफ्ना अविष्मरणीय कार्यहरू सम्झँदा पनि त आनन्द आउँछ नि ! प्रहरी जवान हुँदा सिधै प्रहरी महानिरीक्षकसँग भेट गरी प्रहरी हवल्दार पदमा पदोउन्नति भएको छु । राजा श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेवको क्षेत्रीय भ्रमण धनकुटा, हेटौंडा, पोखरा, सुर्खेत, दीपालय पाँच क्षेत्रको पटक पटकको १९ सवारीमा खटी कार्य सम्पादन गरेको छु । वडा प्रहरी कार्यलय गौशालाको भवन शिलान्यास समुदघाटनसम्म सम्पन्न गरेको छु । राममन्दिरको दुई मुरी चामल पाक्ने भोगको भाँडा चोरी हुँदा आठ घण्टाभित्र चोरहरू र भाँडा समेत बरामद गर्न सफल भएँ । चाबेल लामोपोखरी स्थित पुण्य प्रभादेवी ढुङ्गानाको पूजा कोठाबाट चोरी भएका बहुमूल्य सामान एम्बुसको सहायताले चोरी भएकै

दिन पक्राउ गरेको छु । निलाम्बर आर्यायसहित थेरै मानिसहरूको निर्माणाधीन घरको रड चोरी भएकोमा बानेश्वर थापा गाउँबाट एकमुस्ठ बरामद गरेको थिएँ । चाबेल, गौशाला, बानेश्वर र गोठाटार र काँडाघारी एरियामा चोरी, गुण्डागर्दी जुवातास नियन्त्रण गरेको थिएँ । श्री पशुपतिनाथ र गुहेश्वरीमा व्यवस्थित लाइन राखी पकेटमार नियन्त्रण गरेँ । विश्व ब्रह्माण्डपति श्रीपशुपतिनाथ पुस्तक तयार गरेँ । दक्षिणकाली चाल्नाखेल र सोखेलका बीच जङ्गलमा भएको हत्या र डकैती अपराधीहरूलाई पक्राउ गरी जेल चलान गर्न सफल भएँ । दक्षिणकालीको सेरोफेरो अनुसन्धानात्मक कृति तयार गरेको छु । बौद्धमा १३ वटा अश्लिल फिल्म देखाउने भिडियो एकै दिन एकै समयमा रेड गरी आवश्यक कानुनी कारवाही गरिएको थियो । शान्ति क्षेत्र नेपाल कवितासङ्ग्रह प्रकाशित गरेँ ।

काठमाडौं भ्यालीभित्र विदेशीको मात्रै शृङ्खलाबध्द चोरी भएपछि पूर्व प्रहरी महानिरीक्षक श्री अच्युतकृष्ण खरेलज्यूले कसले नियन्त्रण गर्न सक्छ भनेपछि मैले उक्त चोरी प्रज डिकबहादुर तामाङलाई हवल्दार बनाउने सर्तमा उसको समेत सक्रियतामा गिरोह नै पक्रन सफल । न्युरोड एरियाका पसलहरूमा किन्ने बहाना गरी चोरी गर्ने समूहलाई पक्राउ गर्न सफल । श्रीमद्भागवत गीता नेपाली अनुवाद गरेँ । धरान नगरिपालिकाको निर्वाचन हुँदा सदन स्कुलमा बदमासहरूले निर्वाचन अधिकृतलाई मार्न लाग्दा सफल उद्धार गरिएको । थानकोटमा गाडी जलाई नौ घण्टासम्म सवारी अवरोध गरेपछि एस.एस.पी.सम्म जाँदा पनि नखुलेपछि पूर्व प्रहरी महानिरीक्षक श्री ध्रुवबहादुर प्रधानज्यूले मलाई पठाएपछि एक घण्टाभित्र खुलाउन सफल । दीपेन्द्र प्रहरी विद्यालयमा विद्यार्थीले स्कुलको बाटो भई हिँड्ने स्थानीय छात्राहरूलाई जिस्क्याउने र शिक्षक क्याम्प कमाण्डेन्डसमेतलाई अटेर गर्ने भएपछि जनसेवाबाट दीपेन्द्र प्रहरी विद्यालयमा खटी गई विद्यार्थीहरूलाई अनुशासित बनाउनुका साथै स्काउट सम्बन्धी प्रशिक्षण दिएको र सोही अवधिमा बुढानिलकण्ठ स्कुललाई प्रहरी स्कुलले पदमवीर विष्टज्यूको प्रशिक्षणमा जित्न सफल भएको थियो । २०४६ सालको जनआन्दोलनमा चालकहरूलाई अवैध रूपमा तोडफोड र बाटो बन्द नगर्न अनुरोध गर्ने जिम्मा मलाई दिएकोमा उपत्यका भित्र कुनै पनि चालकबाट त्यस्तो कार्य नभएको । महाकाली अञ्चल कञ्चनपुर जिल्लाको दैजी निवासी सुब्बा खडायतलाई हत्या गरी परिवारलाई निर्मम कुटपिट र छिमेकका परिवारमा बलात्कार समेत भएकोमा अनुसन्धान सुरु गरी २८ जना अपराधीहरूलाई पक्राउ गरी जेल चलान गर्न सफल भएँ । पूर्व प्रहरी महानिरीक्षक श्री मोतीलाल बोहोरा, अच्यूतकृष्ण खरेल, ध्रुवबहादुर प्रधान र प्रदीप शमशेर जबराहरूका निजी सहायकको रूपमा कार्य गर्न सफल बनें । नेपाल प्रहरीबाट अवकाश लिएका दिनदेखि म निरन्तर अहिलेसम्म सक्रिय छु र जीवन यस्तै सक्रिय रहोस् भन्ने चाहन्छु ।

-_-

# जीवन सुन्दर छ, अझ सुन्दर बनाउनुपर्छ



हंसा कुर्मी

## यसो फर्केर हेरौं आफैंलाई ?

हामी सबै जनाको दैनिकीको सुरुवात प्रायः बातचितबाट नै सुरु हुन्छ । परिवार हुँदै छिमेक अनि बाहिरतिर विस्तार हुँदै जान्छ । कुनै न कुनै विषयमा हामी सवालजबाफ गरिरहन्छौं । कहिले आफूलाई चित्त बुझ्ने जबाफ आउँछ त कहिले सोचेभन्दा अलि फरक । कहिले त गहिरिएर सोच्न बाध्य बनाउने खालको । कहिले त सोच्दा पनि एक्लै पनि हाँस्न मन लाग्ने । यस्तै सवालजबाफको क्रमिकतासँगै हामी जीवनमा अगाडि बढिरहन्छौं तर आफै भित्र पनि अनेक सवालहरू सलबलाइरहेका हुन्छन् । जुन कसैलाई सोध्न सकिँदैन वा भनौं सोध्दा पनि उपयुक्त जबाफ पाउन मुस्किल नै हुन्छ । कसैगरी हिम्मत गरेर सोधी नै हाल्यो भने अनेकन अर्ती उपदेश पाइन्छ वा हाँसोको पात्र बनाइदिन्छन् । अरूसँग जबाफै लिन नमिल्ने या लिन नसकिने प्रश्न किन उब्जेको होला मनमा सोच्न बाध्य बनाउँछ । हुन त कसैलाई सोध्न नसकेका विषयमा आफैले आफूलाई सवालजबाफ गर्नु आफैलाई नियाल्नु होला जस्तै पनि लाग्छ । यसलाई मनमा कुरा खेलेको पनि भन्न सकिन्छ । अशान्त चित्त पनि भन्न सकिन्छ । कहिलेकाहीं विगत, वर्तमान र भविष्यसँग जोडिएर एक साथ सवालहरूको ताँती बन्न पुग्छ । एकेक गर्दै ती सबको समाधान गर्ने कोसिस गर्छु ।

## आफ्नो जन्मलाई कसरी लिने ?

मानिसको जन्म प्रकृतिको सुन्दर उपहार हो । यसलाई सदुपयोग गर्नुपर्छ तर कहिलेकाहीं अलि छिटो जन्मिएँ वा आफू जन्मे समयभन्दा अलिपछि जन्मिएको भए अझै राम्रो हुन्थ्यो कि जस्तो पनि लाग्छ प्रविधिको विकास र प्रयोगलाई हेर्दा । फेरि जन्म र मृत्यु त आफ्नो वशको कुरा पनि होइन । प्रकृतिलाई जसको जतिखेर खाँचो हुन्छ, त्यति खेरै यो पृथ्वीमा अवतरण गराउने हो । महाननाटककार शेक्सपियरका अनुसार मानिस अथवा प्राणीको जन्म रङ्गमञ्चमा पात्रको प्रवेश जस्तै पनि लाग्छ । नाटककार समले भने जस्तो सबै विचार र घटना नियमित आकस्मिकता जस्तो पनि लाग्छ । समग्रमा आफ्नै भूमिकाहरू हेर्दा पनि कसैको नाटकको आफू एउटा पात्र भए जस्तै लाग्छ । त्यसैले हाम्रो जीवन सुन्दर छ, आफ्नो क्षमताले भ्याएसम्म सुन्दर बनाउँदै लैजानुपर्छ ।

**जीवनमा अगाडि बढ्दै जाँदा पेशा परिवर्तन पनि गरियो नि ?**

जीविकोपार्जनको लागि पेशा फेर्नु पनि जीवनरङ्गमञ्चको एउटा पाटो हो जस्तो लाग्छ । यो मेरो रहर र बाध्यता दुबै थियो । सायद समयलाई त्यही मञ्जूर थियो, त्यसैले मैले पनि सहर्ष स्वीकार गरे तर पटकपटक पेशा फेर्दा आफू असन्तुलित हुँदै गइरहेकी त छैन जस्तो पनि लाग्थ्यो । हुन त विगत पन्द्रहसोह्र वर्ष यता यस्तो महसुस भएको छैन ।

**अहिले जुन पेशामा छु, के म त्यसमा सन्तुष्ट छु ?**

सन्तुष्ट नै छु तर मान्छे सन्तुष्ट भइदिने भने सिर्जना, आविष्कार र खोजका काम रोकिन्छन्, त्यसैले असन्तुष्टि छैन तर झन् पछि झन् जिज्ञासु बनाउँदै लगेको छ । अग्रज दाजु दिदीको कुरा सुन्दा गर्नुपर्ने धेरै बाँकी रहेछ भन्ने बोध भई राख्छ ।

**जीवनमा कुनकुन कुरालाई बढी महत्त्व दिने ?**

बढी महत्त्व दिइने पहिलो कुरा स्वास्थ्य हो । मानिस मानसिक र शारीरिक दुवै रूपमा स्वस्थ हुनुपर्छ । बाँचियो भने न धेरै कुरा देख्न र गर्न पाइन्छ । यसको लागि सामाजिक सम्बन्धहरू पनि स्वस्थ हुनुपर्छ । त्यसैले मानसिक र शारीरिक रूपमा स्वस्थ हुनु अति जरूरी छ । यी दुवै किसिमको स्वास्थ्यको मूल जरो भनेको हाम्रो भान्सा हो । भान्सा व्यवस्थित हुनुपर्छ र पाककलाको ज्ञान हुनु आवश्यक छ । जसरी सररर गाडी गुड्नको लागि शुद्ध इन्धनको आवश्यकता पर्छ त्यसरी नै शरीर चलायमान भई रहनको लागि सन्तुलित आहारको आवश्यकता पर्छ । समयसमयमा मेन्टिनेन्सको आवश्यकता जस्तै, एउटा निश्चित समयमा चेकजाँच पनि गराइ राख्नुपर्छ ।

**अध्ययन तथा स्वअध्ययनलाई कसरी लिने होला ?**

समय सापेक्ष आफूलाई राख्न अध्ययन गरिराख्नुपर्छ, यसले पेशागत रूपमा पनि निखार ल्याउँछ । त्यसरी नै स्वाअध्ययन त जीवनको अमूल्य पाटो नै हो । पुस्तक भनेको त साथी नै हो । आफूलाई मानसिक रूपमा स्वस्थ राख्नको लागि पनि अध्ययन र स्वअध्ययनलाई सकेसम्म निरन्तरता दिनु राम्रो हो । यसलाई जीवनमा स्थान दिनै पर्छ र मैले दिएकी छु । आफ्ना मनमा उठेका कतिपय सवालहरूको जबाफ पुस्तक अध्ययन गर्दा भेटिन्छ त्यति बेला त्यहाँ भएका पात्रहरूसँग वा पुस्तकको लेखकसँग भेट्ने इच्छा प्रबल भएर आउँछ । संयोगवश भेट्दा निकै खुसी लाग्छ । त्यो समयलाई धन्यवाद दिन मन लाग्छ ।

**यी बाहेक जीवनमा अरू कुन कामलाई बढी महत्त्व दिने ?**

अध्ययन र स्वअध्ययनका काम बाहेक परिवार र आफ्नो रुचिका कामहरूलाई महत्त्व दिन्छु । यसले मानसिक तनाव व्यवस्थापन गर्न मद्दत मिल्छ, त्यसैले समय मिलेसम्म समय दिन्छु ।

**कस्तो कामहरूमा रुचि छ ?**

पढ्न र लेख्नबाहेक खाना बनाउन, थरिथरिका अचार, पापड, तितौरा मस्यौरा मन लाग्छ । अलि फुर्सत मिल्यो भने स्वेटर, टोपी, गलबन्दी आदि बुन्न मन पर्छ । कहिलेकाहीँ धागो र रङ्गको प्रयोग गरे कपडामा बुट्टा भर्न मन लाग्छ । नयाँ नयाँ ठाउँमा घुम्न मन लाग्छ ।

**अध्ययन र लेखनतिर किन कसरी लागियो ?**

घरमा बाबाले केही न केही लेख्ने र पढ्ने गर्नुहुन्थ्यो । म धेरै जसो बाबासँग बस्ने गर्थें । उहाँले दिनहुँ जसो कथाहरू सुनाउने गर्नुहुन्थ्यो । कुनै कथाको पात्र नै मन पर्थ्यो त कुनै कत्ति पनि मन पर्दैनथ्यो तर त्यो सबै कुरा म बाबालाई भन्दिनथे । भन्यो भने कथा नसुनाउने हो कि भन्ने डर थियो । मन नपरेको कुरा कापीमा लेख्थें । पछि आफैले पढ्दा खूब हाँसो उठ्थ्यो । त्यो साँच्चीकै मान्छे होइन कथाको पात्र पो हो । त्यसदेखि मलाई किन यस्तो रीस उठेको वा ऊ मन नपरेको होला ? कहिलेकाहीँ नेपाली पढाउने गुरुलाई सुनाउथें । उहाँ पनि खूब हाँस्नुहुन्थ्यो । कहिलेकाहीँ सपनाको कुरा लेखेर गुरुलाई सुनाउँथें अनि केटा मान्छेले सपना देख्दैनन् है गुरु भनेर सोध्थें । गुरुले किन न देख्नु तर तिमीले जस्तो लेखिरहँदैनन् भन्नुहुन्थ्यो । यसरी विद्यालयको अतिरिक्त क्रियाकलापमा भाग लिँदालिँदै लेख्ने बानी पऱ्यो । पछि विभिन्न विधामा लेखन प्रतियोगिता अन्तर्गत पुरस्कारहरू पाएपछि र गुरुजनको माया पछि हौसला बढ्दै गयो । पछिपछि त यो नै मेरो गरी खाने बाटो भयो ।

**अध्ययन र लेखनमा भिज्दै गर्दा, आफूले जिउँदै गरेको जीवन र जगत् कस्तो लाग्छ ?**

जीवन र जगत् अति नै सुन्दर । आफूले जसरी बुझ्यो त्यस्तै हुने रहेछ जीवन र जगत् ।

**कस्ता पुस्तकहरू पढ्न मन लाग्छ ?**

मलाई सबै विधाका पुस्तकहरू पढ्न मन लाग्छ । धेरै जसो इतिहास, संस्कृति र दर्शनमा आधारित कुनै पनि विधाको पुस्तक पढ्न मन पर्छ ।

**लेखनमा कुन विधा मन पर्छ ?**

मलाई कथा, नाटक र निबन्ध लेख्न मन पर्छ । कविता कहिलेकाहीँ मात्र लेख्छु । समय मिलेमा अनुसन्धानमूलक लेखहरू लेख्न आनन्द आउँछ ।

**लेखनबाट नै गुजारा चलेको भन्नुहुन्छ, के यो सम्भव छ ?**

मेरो विचारमा व्यक्तिले आफ्नो इच्छा, रुचि र खूबीलाई पेशामा रूपान्तरण गर्नुपर्छ र त्यहींबाट आफ्नो दैनिकीको सुरुवात गर्नुपर्छ । इमानदारीसँग मेहनत गऱ्यो भने असम्भव भन्ने त कुरै आउँदैन नि !

**के आफ्नो लेखनबाट सन्तुष्ट हुनुहुन्छ ?**

मेरो बुझाइ भनेको सन्तुष्टिले पूर्णविराम लगाइदिन्छ, जहाँ सिर्जना र खोज पछि पर्छ । त्यसैले पुग्यो भनेर सन्तुष्ट चाहिँ छैन ।

**लेखनकार्यमा गुनासो गर्नेहरूलाई के भन्नुहुन्छ ?**

लेखन भनेको एक किसिमको मानसिक उपचार हो भने अर्को अनुसन्धानमूलक प्रयोग पनि हो । त्यसैले गुनासो नगरेर, आफूभित्रका कमी-कमजोरी केलाउन सकिएमा मनमा उठेको गुनासो हराएर जान्छ भन्ने लाग्छ ।

–_–

## साहित्य संबर्द्धन केन्द्र, नेपालद्धारा प्रदान गरिने सम्मानहरू

**७. राधिका-पदम-दुर्गा काव्य कविता पुरस्कार-२०७२**
२०७२ डा. टीकाराम अधिकारी
२०७३ प्रा. डा. वेणीमाधव ढकाल
२०७४ रमेश खकुरेल
२०७५ डा. विष्णुराज आत्रेय
२०७७ नारायणप्रसाद उपाध्याय
२०७८ तीर्थराज अधिकारी
२०७९ रमेशचन्द्र देवकोटा

**८. जम्बकुमारी-टीकावल्लभ साहित्य सम्मान-२०७३**
२०७३ परशु प्रधान
२०७४ डा. राजेन्द्र विमल
२०७५ गणेश रसिक
२०७७ उत्तमकृष्ण मजगैयाँ
२०७८ विनोदमणि दीक्षित
२०७९ सुनील पौडेल
२०८० डा. विप्लव ढकाल

**९. गुरु रामप्रसाद श्रेष्ठ साहित्य सम्मान-२०७४**
२०७४ रोहिणीविलास लुइटेल
